
# बागमती गाउँपालिका

# गाउँपालिका शिक्षा योजना

## २०८१-२०९०




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

## बागमती प्रदेश

## मकवानपुर

## हाम्रो भनाइ

## योजनाको सारांश

बागमती गाउँपालिका बागमती प्रदेशको दक्षिणपूर्वी सिमानामा रहेको मकवानपुर जिल्लाको दक्षिणपूर्वी भागमा अवस्थित छ । साविक राईगाउँ, फापरबारी र बेतिनी गाविसहरुलाई मिलाएर यो पालिका निर्माण भएको हो । बागमती नदी एक सँगमको रुपमा यस गाउँपालिकामा अवस्थित रहेकाले यस गाउँपालिकाको नामकरण बागमती नदीको नामबाट हुन गएको देखिन्छ । यसको सम्बन्ध धार्मिक कारण मात्र नभई बागमती नदीको भौगोलिक सिमाना, जीविकोपार्जन र कृषिमा त्यसले पुर्याएको योगदान र एक आस्थावान् अर्थात् सम्मानित शब्द हुनु पनि देखिन्छ । यसको पूर्वमा सिन्धुली जिल्लाको हरिहरपुरगढी गापा (बागमती नदीले छुट्टाएको,पश्चिममा बकैया गापा, उत्तरमा काभ्रेपलाञ्चोकको खानीखोला र ललितपुरको बागमती गाउँपालिका र दक्षिणमा रौतहटको चन्द्रपुर नपा (पानी ढलोले छुट्टाएको रहेका छन् । यसको क्षेत्रफल ३११.७९ वर्ग किमि रहेको छ जुन क्रमशः जिल्लाको १२.८५%, बागमती प्रदेशको १.५३% जति र नेपालको ०.२१% भूभाग हुन आउँछ (नेपालको विस्तारित भूभाग अनुसार) । २०६८ सालको जनगणना अनुसार जनसङ्ख्याका दृष्टिले ४६० गाउँपालिका मध्ये यो पालिका ६५ औँ र क्षेत्रफलका हिसाबले ६७ औँ स्थानमा पर्दछ । यस गापामा ९ वटा वडा रहेका छन् २०७८ सालको जनगणना अनुसार जनसङ्ख्याको आधारमा सबैभन्दा ठूलो वडा २ नं. (४,४१८ जना) र सबैभन्दा कम जनसङ्ख्या भएको वडा ३ नं.(२,००७ जना) हो । क्षेत्रफलका दृष्टिले सबभन्दा ठूलो वडा ९ नं. र सबैभन्दा सानो वडा ५ नं. हो । धरातलीय रुपमा यो महाभारत र चुरे श्रृङ्खलाहरुको सङ्क्रमणीय क्षेत्र हो । यहाँ नदी किनार र भावरका समथर फाँट (दून, दमार), खोलाखोल्सी, काँस फुल्ने चुरेका होचा डाँडाकाँडादेखि लालीगुराँस फुल्ने महाभारतको १,००० मिटर उचाइ सम्मको भूभाग पाइन्छ । साविकको राईगाउँ करौंजे, बन्जरे, माझगाउँ, बोटगाउँ, हात्तीढुङ्गा र राईगाउँ मुख्य समथर ठाउँहरु हुन् । सम्भवतः बेतिनीको चौढीक, कुर्ले (लगभग १,००० मीटर) सबैभन्दा अग्लो र हात्तीढुङ्गा (१६६ मी) मकवानपुर कै सबैभन्दा होचो विन्दु हो । हावापानीका हिसाबले समथर भूभाग उपोष्ण र उच्च भागहरु समशीतोष्ण रहेका छन् । यहाँ २१४.०४ वर्ग किमी वा ६८.६५% क्षेत्रफल वनक्षेत्र रहेको तथ्याङ्कले देखाउँछन् । यहाँ सालका जङ्गल तथा मिश्रित वन क्षेत्रहरु छन् । वनक्षेत्र सबैभन्दा बढी भएको वडा ९ नं. मा ५२.०४ किमी र कम भएको वडा १ नं.९.९ वर्गकिमी छ । खेती योग्य जमिनको ५०.७९ वर्गकिमी रहेको छ । खेती योग्य जमिन सबैभन्दा बढी भएको वडा २ नं. मा ९.०७ वर्गकिमी र कम भएको वडा ४ र ५ नं. मा ४.६४ वर्गकिमी छ । प्रायः सबै वडामा बगर रहेको छ । यहाँ ३१.९ वर्गकिमी क्षेत्रफल बगर रहेको छ । सबैभन्दा बढी भएको वडा १ नं. ५.४३ वर्गकिमी र कम भएको वडा ९ नं. १.५३ वर्गकिमी छ । यो राई, माझी र पहरी आदिवासीहरुको थलो हो । यहाँ तामाङ, मगर, दलितहरु क्रमशः ठूलो सङ्ख्यामा लामो समयदेखि रहेका छन् । नेवार र बाहुन क्षेत्रीहरुको पनि सानो सङ्ख्या रहेको छ ।

लैङ्गिक दृष्टिले महिलाको सङ्ख्या पुरूषको भन्दा केही बढी छ । उमेरका दृष्टिकोणले युवा जनसङ्ख्या अत्यधिक छ । सबैभन्दा धेरै सङ्ख्यामा बौद्धमार्गीहरु रहेका छन् भने हिन्दू, किरात, क्रिश्चियन तथा अन्य धर्म मान्ने समुदायको पनि बसोबास रहेको छ । धेरैजसो मानिसहरु खेतीपातीबाट नै गुजारा गर्ने गर्छन् । यहाँका बारीमा हुने मुख्य अन्न बालीहरु मकै, कोदो हुन् भने खेतमा धान र केही मात्रामा गहुँ, मसुरो र तरकारीमा आलु, काउली, बन्दा, रायो, मुला आदि लगाइन्छ । हाल घट्दो मात्रामा रहे पनि तोरी, तिल र आलस यहाँका मुख्य तेलहन बाली हुन् । सिँचाइ निकै कम छ । गाइभैंसी सबैजसोले पाले पनि मुख्य नगदे पशु बाख्रा, सुँगुर, बुंगुर र राँगा हुन् । खोला नजिक हुने समुदायहरु माछा मार्ने गर्छन् तर बागमतीमा भएको प्रदुषणले माछा मासिँदै गएको छ । यहाँका मानिसहरु तरकारीमा विशेष गरी माछा र मासु नै प्रयोग गर्दछन् । पहिले हेटौँडा,

काठमाण्डौं, पोखरा लगाएतका प्रमुख शहरहरुमा यहाँका माछा पुग्ने गर्दथ्यो । हाल तराई र हेटौँडाबाट माछा ल्याउने गरिन्छ । वनक्षेत्रबाट तामा, निगुरो, कुरिलो जस्ता तरकारी तथा जडीबुटीहरु पनि ल्याएर उपभोग गरिन्छ । यहाँका धेरैजसो परिवारहरु कामका लागि बाहिर (काठमाडौँ, पोखरा, हेटौँडा) जान्छन् । खासगरी उनीहरु घरनिर्माण सम्बन्धित व्यवसायमा लागेका भेटिन्छन् । इट्टाभट्टा जाने परिवारहरुको पनि उल्लेख्य सङ्ख्या छ । विदेश जानेहरुको सङ्ख्या प्रायः सबै गाउँहरुमा बढ्दैछ । अघिल्लो जनगणना अनुसार साक्षरता दर समग्रमा ७१.४% रहेको छ । लैङ्गिक दृष्टिले हेर्दा महिला साक्षरता दर ६४.२% रहेको छ । २०६८ जनगणना अनुसार यहाँको कुल जनसङ्ख्या ३०,४९५ रहेकोमा २०७८ सालको जनगणना अनुसार घटेर ३०,४२५ जना रहेको छ ।

गाउँपालिकामा सामुदायिक ५० र संस्थागत १ गरी कुल ५१ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । प्रारम्भिक बाल विकास केन्द्र सामुदायिक विद्यालय तर्फ ४६ वटा विद्यालयमा र ८ वटा समुदायमा रहेता पनि हाल बाल वालिकाहरु विद्यालयनै जानथालेपछी बन्द हुँदै मातृ विद्यालयमै गाभिने गरेका छन् । आधारभूत तह कक्षा १-३ सञ्चालन हुने विद्यालय १४ वटा, कक्षा १-४ सञ्चालन हुने विद्यालय ४ वटा, कक्षा १-५ सञ्चालन हुने विद्यालय १६, कक्षा १-७ सञ्चालन हुने विद्यालय १, कक्षा १-८ सञ्चालन हुने विद्यालय १० ओटा रहेका छन् । त्यसैगरी माध्यमिक तह कक्षा १-१० सञ्चालन हुने विद्यालय २, कक्षा १-१२ सञ्चालन हुने विद्यालय ३ ओटा रहेका छन् । सबैभन्दा बढी विद्यालय भएको वडा ९ हो । जसमा ९ वटा विद्यालय रहेको छ । प्रारम्भिक बालविकासमा ८५५ जना, आधारभूत तहमा ५,०५४ जना र माध्यमिक तहमा १,१३३ जना गरी ७,०४२ जना बालवालिकाहरु विद्यालयमा अध्ययनरत रहेका छन् । सामुदायिक सिकाइ केन्द्र ३ ओटा केन्द्रहरु सञ्चालनमा रहेका छन् । पालिकामा प्रारम्भिक बाल विकास देखि मावि तहसम्म कुल ३१० जना शिक्षक रहेका छन् । जसमध्ये कुल १५९ जना महिला रहेका छन् । यो कुल शिक्षकको ५१.३० प्रतिशत हुन आउँछ । त्यसै गरी कुल पुरुष शिक्षकको सङ्ख्या १४४ (४६.४५%) रहेको छ । तहगत रूपमा हेर्दा सबैभन्दा बढी शिक्षक आधारभूत तह १- ५ मा १७२ जना रहेका छन् । यस पालिकामा प्रति शिक्षक विद्यार्थी अनुपात बाल विकासमा १५.२७, आधारभूत कक्षा १-५ मा १९.४५, कक्षा ६-८ मा ३३.४९ र माध्यमिक तहमा ३१.६० जना रहेको छ । पढाइ छाड्ने दर कक्षा १-५ मा २.७ प्रतिशत, कक्षा ६-८ मा ४.१ प्रतिशत गरी आधारभूत तहको ३.४ प्रतिशत रहेको छ । १६ वटा आधारभूत तहका कक्षा १-३ र ५ चलेका सामुदायिक विद्यालयमा नेपाल सरकारले तोकिएको न्यूनतम सङ्ख्या भन्दा कम विद्यार्थी सङ्ख्या रहेका छन् । भौगोलिक विकटताका कारण ती विद्यालयहरु मर्ज गर्न पनि कठिन रहेको छ । यदि ती विद्यालयहरु मर्ज वा कक्षा घटुवा गर्ने हो भने त्यहाँका बाल वालिकाहरुको पढ्न पाउने हकको सुनिश्चितताका लागि नि:शुल्क खाना र बास सुविधा सहितको आवासीय विद्यालय सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ । त्यसको लागि तीनै तहका सरकारहरुको शिक्षामा बजेट वृध्दी गर्नुपर्ने हुन्छ । यस योजनाले शिक्षामा स्थानीय सरकारको बजेटमा करिब १ करोड रुपैयाँ प्रति वर्ष थप हुन आवश्यक छ ।

## १. विषय प्रवेश:

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हाँसिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, सहभागीता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत् कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हाँसिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी

आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। विभिन्न स्थानीय तहले आफ्ना शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा यस स्थानीय तहले पनि आफ्ना शिक्षा योजना निर्माणका लागि यो ५ वर्षे शिक्षा योजना तयार गरिएको छ।

**२. शिक्षा योजना निर्माणको आवश्यकता:**

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत् समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

**३. स्थानीय तहमा योजना निर्माणको औचित्य**

- तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हाँसिल गर्न सहयोग पुऱ्याउन

**४. शिक्षा योजना निर्माणका आधार**

यस शिक्षा योजना निर्माण गर्दा निम्न लिखित दस्ताबेजहरूमा शिक्षा सम्बन्धी व्यवस्था भए अनुसार मूल आधार बनाई शिक्षा योजना निर्माण गरिएको छ:

क) नेपालको संविधान
ख) सोह्रौँ आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र, २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तथा प्रदेशको तहको आवधिक योजना
ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र स्थानीय तहको विकास योजना
ठ) स्थानीय तहको मध्यमकालिन खर्च संरचना

ड) राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

ण) बागमती गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमहरू

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य-मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजना बीचको अन्तर सम्बन्ध कायम हुने गरी योजना तर्जुमा गर्नका लागि स्थानीय तह अन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गर्नुपर्छ । शिक्षा योजना निर्माण गर्दा गाउँपालिकाले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकुल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्न आवश्यक देखिन्छ । गाउँपालिकाले यस शिक्षा योजना निर्माण गर्दा राष्ट्रिय ऐन, नियम, नीति, योजनाका साथै अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई समेत आधार लिईएको छ ।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्‍याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैँमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतीपूर्ण कार्य पनि हो । विगतको अनुभव वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा बागमती गाउँपालिका शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुर्‍याई अपेक्षित प्रतिफल दिने अपेक्षाका साथ सहभागीतामूलक ढङ्गले योजना निर्माण कार्य गरिएको छ । यस गाउँ शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

क) शिक्षा योजना निर्माणको आवश्यकता पहिचान,

ख) शिक्षा योजना निर्माणका लागि गाउँ कार्यपालिका मार्फत् निर्णय,

ग) शिक्षा योजना निर्माणका लागि गाउँ सभाबाट बजेट विनियोजन,

घ) शिक्षा योजना निर्माण समिति गठन,

ङ) शिक्षा योजना लेखन कार्यदल गठन तथा कार्ययोजना तयारी,

च) पालिका स्तरीय सरोकारवालाहरूको सुझाव संकलन कार्यशाला सम्पन्न,

छ) शिक्षा योजना लेखन कार्यदल मार्फत् शिक्षा योजनाको प्रारम्भिक मस्यौदा तयारी,

ज) शिक्षा योजनाको पहिलो मस्यौदा माथि सरोकारवालाहरूको सुझाव तथा पृष्ठपोषण कार्याशाला आयोजना मार्फत् सरोकारवालाको सुझाव तथा पृष्ठपोषण संकलन,

झ) सरोकारवालाहरूको सुझाव तथा पृष्ठपोषण समावेश गरी शिक्षा योजनाको अन्तिमीकरण,

ञ) शिक्षा योजनाको अन्तिम मस्यौदालाई बाह्य विज्ञ मार्फत् लेखाजोखा तथा मूल्याङ्कन,

ट) कार्यपालिका मार्फत् शिक्षा योजनाको स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय,

### ६. योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखालोखा कार्यलाई सम्बन्धीत स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी तोकिएका आधारमा योजनाको लेखाजोखा गरिएको छ ।

## परिच्छेद १: परिचय

### १.१ वतर्मान अवस्था

सङ्घीय गणतन्त्र नेपालको ७ वटा प्रदेशमध्ये साविकको प्रदेश नं. ३, हालको बागमती प्रदेश अन्तर्गत मकवानपुर जिल्लामा रहेका १० स्थानीय तहहरु मध्ये सिन्धुली र मकवानपुर जिल्लाको सीमा नदी बागमतीको पश्चिम किनारमा बागमती गाउँपालिका रहेको छ । बागमती प्रदेशको राजधानी हेटौंडाबाट सिन्धुली, उदयपुर, चतरा हुँदै धरान जोडने निर्माणाधीन वैकल्पिक राजमार्गको मकवानपुर जिल्लाको अन्तिम पूर्वी बिन्दुमा यो गाउँपालिका पर्दछ । हेटौंडा बजारबाट यो गाउँपालिका करीब ५२ कि.मी. को दूरीमा रहेको छ ।  नेपाल सरकारको मिति २०७३ फागुन २७ गतेको निर्णयबाट स्थानीय तह पुनर्संरचना गरी साविक स्थानीय निकाय तर्फका ३ गा.वि.सं.हरू  राईगाउँ, फापरबारी र बेतिनी मिलाएर नयाँ नामाकरण सहित गठन भएको बागमती गाउँपालिकाको वर्तमान क्षेत्रफल ३११.७९ वर्ग किलोमिटर रहेको छ । जम्मा ९ वटा वडामा विभाजित यो गाउँपालिकाको पूर्वमा सिन्धुली जिल्ला, उत्तरमा ललितपुर र काभ्रेपलाञ्चोक जिल्ला, दक्षिणमा मधेस प्रदेशको रौतहट जिल्ला र पश्चिमतर्फ मकवानपुर जिल्लाकै बकैया गाउँपालिका अवस्थित छ । वि. सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार यस गाउँपालिकाको जम्मा जनसङ्ख्या ३०,४२५ र घरधुरी ६,४६० रहेको छ । विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति मान्ने समुदायको बसोबास रहेको यो गाउँपालिका विविधता र सामाजिक सदभावको दृष्टिले नमूना मान्न सकिन्छ । पेसागत रूपमा यहाँका अधिकांश परिवारको जीविकोपार्जनको आधार कृषि र पशुपालन हो । यहाँ कुनै रोजगारीमूलक उद्योग तथा व्यवसाय नरहेकोले धैरै युवाहरू कृषि कार्यवाहेकको समयमा हेटौंडा र काठमाण्डौंतर्फ रोजगारीको लागि जाने गरेका छन् । गाउँपालिकामा विभिन्न किसिमका के कस्ता कति जनशक्ति बेरोजगार छन् सोको लगत संकलन भईरहेकोले यस सम्बन्धी यथार्थ विवरण केही समयपछि प्रकाशित हुनेछ ।

यस गाउँपालिकाको कुल जनसङ्ख्या राष्ट्रिय जनगणना २०७८ अनुसार जम्मा ३०,४२५ रहेको छ ।

| वडा नं. | पुरुष | महिला | जम्मा जनसङ्ख्या | लैंगिक अनुपात | घर परिवार | औषत परिवारको आकार |
|---|---|---|---|---|---|---|
| १ | १८०३ | १८५५ | ३६५८ | ९७.२ | ७४९ | ४.८८ |
| २ | २१६५ | २२५३ | ४४१८ | ९६.०९ | ९०२ | ४.९ |
| ३ | ९९० | १०१७ | २००७ | ९७.३५ | ३८८ | ५.१७ |
| ४ | १६९७ | १७६९ | ३४६६ | ९५.९३ | ७५० | ४.६२ |
| ५ | १९१२ | १८५० | ३७६२ | १०३.३५ | ७३४ | ५.१३ |
| ६ | १६०४ | १७४८ | ३३५२ | ९१.७६ | ७७८ | ४.३१ |
| ७ | १५२९ | १६२९ | ३१५८ | ९३.८६ | ७१ | ४.४१ |
| ८ | १८२९ | २०५० | ३८७९ | ८९.२२ | ६८२८ | ४.६८ |
| ९ | १३८१ | १३४४ | २७२५ | १०२.७५ | ६१५ | ४.४३ |
| जम्मा | १४९१० | १५५१५ | ३०४२५ | ९६.१० | ६४६० | ४.७२ |

(श्रोतः राष्ट्रिय तथ्याङ्क विभाग, २०७८)

क. भूबनोट

बागमती गाउँपालिका मकवानपुर जिल्लाको पूर्वी भागमा अवस्थित छ। यसको भूबनोट पहाडी र समथर भूभागको समिश्रण हो। यस क्षेत्रमा दक्षिणी भूभागको नदीतटीय क्षेत्रमा कृषि उब्जनिका लागि खेती योग्य जमिनका रहेको पाइन्छ भने उत्तर तर्फको महाभारत पर्वत श्रृंखलाको फेदीमा लालीगुराँस फुल फुल्ने हावापानी समेत पाइन्छ।

ख. माटोको वनावट र उर्वराशक्ति

यहाँको माटो मुख्यतःबलौटे र दोमट प्रकारको छ। उर्वरा शक्ति उच्च रहेकोले कृषि उत्पादन राम्रो हुने गरेको छ।

ग. जलवायु

बागमती गाउँपालिकाको जलवायु समशीतोष्ण प्रकारको छ। यहाँ गर्मी याममा उच्च तापक्रम र जाडो याममा चिसो हुन्छ।

घ. जलभण्डार तथा वनजंगल

बागमती नदी र चौरा खोला, चिरुवा खोला यहाँका प्रमुख जलस्रोत हुन्। यी नदी र खोलाहरूले सिंचाइको लागि महत्त्वपूर्ण भूमिका खेल्छन्। वनजंगल गाउँपालिकामा विभिन्न प्रकारका वनजंगल पाइन्छन्। यहाँ साल, सिसौ, असना, सिमल, जामुन, खयरलगायतका रूखहरू पाइन्छन्।

ङ. वन्यजन्तु

बागमती गाउँपालिकामा विभिन्न प्रकारका वन्यजन्तु पाइन्छन्। यहाँ चितुवा, मृग, बाँदर, बदेल, स्याल, गोही र मयुर, लुईचे, काग, सुगा, ढुकुर, सारौ, आदि विभिन्न प्रकारका चरा पाइन्छन्।

च. जातजाति

बागमती गाउँपालिकामा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्छन्। यहाँ मुख्यतः तामाङ, मगर, राई, माझी, पहरी, नेवार, दलित (विश्वकर्मा, परियार), ब्रामु, ब्राह्मण, क्षेत्री लगायतका जातजाति पाइन्छन्।

छ. जनसाङ्ख्यिकी


**तालिका १. जनसङ्ख्या विवरण**

| विवरण | कुल जनसङ्ख्या | महिला | महिला % | पुरुष | पुरुष % | लैङ्गिक अनुपात | जन घनत्व | जनसङ्ख्या वृद्धि दर |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल | २,९१,६४,५७८ | १,४९,११,०२७ | ५१.१ | १,४२,५३,५५१ | ४८.९ | ९५.५९ | १९८ | ०.९२ |
| बागमती प्रदेश | ६१,१६,८६६ | ३०,६८,१८२ | ५०.२ | ३०,४८,६८४ | ४९.८ | ९९.३६ | ३०१ | ०.९७ |
| मकवानपुर | ४,६६,०७३ | २,१५,२५७ | ४९.८ | २,३३,८१६ | ५०.२ | १००.६७ | १९२ | ०.९९ |
| बागमती गापा | ३०,४२५ | १५,५१५ | ५१.० | १४,९१० | ४९.० | ९६.१० | ९८ | -०.०२ |

**तालिका २. वडागत जनसङ्ख्या विवरण**

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | औषत परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ७४९ | ३,६५८ | १,८०३ | १,८५५ | ४.८८ | १.०२ |
| २ | ९०२ | ४,४१८ | २,१६५ | २,२५३ | ४.९० | १.०४ |
| ३ | ३८८ | २,००७ | ९९० | १,०१७ | ५.१७ | १.०२ |
| ४ | ७५० | ३,४६६ | १,६९७ | १,७६९ | ४.६२ | १.०४ |
| ५ | ७३४ | ३,७६२ | १,९१२ | १,८५० | ५.१३ | ०.९६ |
| ६ | ७७८ | ३,३५२ | १,६०४ | १,७४८ | ४.३१ | १.०८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ७१६ | ३,१५८ | १,५२९ | १,६२९ | ४.४१ | १.०६ |
| ८ | ८२८ | ३,८७९ | १,८२९ | २,०५० | ४.६८ | १.१२ |
| ९ | ६१५ | २,७२५ | १,३८१ | १,३४४ | ४.४३ | ०.९७ |
| जम्मा | ६,४६० | ३०,४२५ | १४,९१० | १५,५१५ | ४.७१ | १.०४ |




**जनसाङ्ख्यिकी: तालिका नं. ३ (उमेरगत विवरण)**

| सि.नं. | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ००–०४ | ११४८ | १२९९ | २४४७ | ८.६ |
| २ | ०५–०९ | १४१८ | १३३९ | २७५७ | ९.१ |
| ३ | १०–१४ | १६४८ | १६४४ | ३२९२ | १०.८ |
| ४ | १५–१९ | १६४६ | १८०६ | ३४५२ | ११.३ |
| ५ | २०–२४ | १४०३ | १५२२ | ३९२५ | ९.६ |
| ६ | २५–२९ | १२०८ | १२६६ | २४७४ | ८.२ |
| ७ | ३०–३४ | १०३८ | १०५३ | २०९१ | ६.९ |
| ८ | ३५–३९ | ९०४ | ९९९ | १९०३ | ६.३ |
| ९ | ४०–४४ | ८२५ | ८८८ | १७१३ | ५.६ |
| १० | ४५–४९ | ७१२ | ८२८ | १५४० | ५.० |
| ११ | ५०–५४ | ८२६ | ७४२ | १५६८ | ५.१ |
| १२ | ५५–५९ | ५६३ | ५४७ | ११९० | ३.७ |
| १३ | ६०–६४ | ४३९ | ४५७ | ८९६ | २.९ |
| १४ | ६५–६९ | ३८९ | ४२९ | ८१८ | २.६ |
| १५ | ७०–७४ | २४२ | ३५३ | ५९५ | २.० |
| १६ | ७५–७९ | १८८ | २३६ | ४२४ | १.४ |
| १७ | ८०–८४ | ६४ | ७१ | १३५ | ०.४ |
| १८ | ८५–८९ | ३८ | ३३ | ७१ | ०.२ |
| १९ | ९०–९४ | १५ | १२ | २७ | ०.९ |
| २० | ९५ माथि | ०६ | २१ | २७ | ०.३ |
| | जम्मा | १४९१० | १५५१५ | ३०४२५ | १०० |

**जनसाङ्ख्यिकी: तालिका नं ४ वडागत विवरण**

वडा नं. १

| वडा | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | ००–०४ | १६५ | १५४ | ३१९ | - |
| | ०५–०९ | १९० | १४५ | ३३५ | - |
| | १०–१४ | २०६ | २०९ | ४१५ | - |
| | १५–१९ | २०० | २०८ | ४०८ | - |

| वडा | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| **वडा नं. १** | २०–२४ | १६८ | १७४ | ३४२ | - |
| | २५–२९ | १३६ | १६१ | २९७ | - |
| | ३०–३४ | १३४ | १२८ | २६२ | - |
| | ३५–३९ | १०३ | ११३ | २१६ | - |
| | ४०–४४ | ९२ | १०६ | १९८ | - |
| | ४५–४९ | ८४ | ९६ | १८० | - |
| | ५०–५४ | ८२ | ९३ | १७५ | - |
| | ५५–५९ | ६७ | ७४ | १४१ | - |
| | ६०–६४ | ५६ | ५२ | १०८ | - |
| | ६५–६९ | ५७ | ५४ | १११ | - |
| | ७०–७४ | ३२ | ५६ | ८८ | - |
| | ७५–७९ | १९ | २२ | ४१ | - |
| | ८०–८४ | ७ | ६ | १३ | - |
| | ८५–८९ | २ | ३ | ५ | - |
| | ९०–९४ | २ | १ | ३ | - |
| | ९५ माथि | १ | ० | १ | - |
| | **जम्मा** | **१८०३** | **१८५५** | **३६५८** | |

वडा नं. २

| वडा | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| वडा नं. २ | ००–०४ | १८५ | २०४ | ३८९ | - |
| | ०५–०९ | २१५ | २०७ | ४१९ | - |
| | १०–१४ | २११ | २४४ | ४५५ | - |
| | १५–१९ | २५८ | २७५ | ५३३ | - |
| | २०–२४ | २३४ | २३६ | ४७० | - |
| | २५–२९ | १७२ | १९० | ३६२ | - |
| | ३०–३४ | १४९ | १४४ | २९३ | - |
| | ३५–३९ | १४० | १५६ | २९६ | - |
| | ४०–४४ | १०४ | ११३ | २१७ | - |
| | ४५–४९ | ८८ | १०८ | १९६ | - |
| | ५०–५४ | १०४ | १०७ | २११ | - |
| | ५५–५९ | ८८ | ६२ | १५० | - |
| | ६०–६४ | ५० | ६० | ११० | - |
| | ६५–६९ | ५३ | ५१ | १०४ | - |
| | ७०–७४ | २२ | ४८ | ७० | - |
| | ७५–७९ | २२ | २८ | ५० | - |
| | ८०–८४ | १६ | १२ | २८ | - |
| | ८५–८९ | ४ | ४ | ८ | - |
| | ९०–९४ | ० | १ | १ | - |
| | ९५ माथि | ० | ३ | ३ | - |
| | **जम्मा** | **२११५** | **२२५०** | **४३६५** | |

वडा नं. ३

| वडा नं. | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | ००–०४ | ७६ | ८१ | १५७ | - |
| | ०५–०९ | १०४ | १०३ | २०७ | - |
| | १०–१४ | १४१ | १२५ | २६६ | - |
| | १५–१९ | १२६ | १३१ | २५७ | - |
| | २०–२४ | ८५ | ८५ | १७० | - |
| | २५–२९ | ६१ | ६९ | १३० | - |
| | ३०–३४ | ६३ | ५८ | १२१ | - |
| | ३५–३९ | ५६ | ६४ | १२० | - |

| वडा नं. | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| वडा नं. ३ | ४०–४४ | ६० | ६६ | १२६ | - |
| | ४५–४९ | ३५ | ४८ | ८३ | - |
| | ५०–५४ | ५३ | ४६ | ९९ | - |
| | ५५–५९ | ३९ | ३८ | ७७ | - |
| | ६०–६४ | २४ | २६ | ५० | - |
| | ६५–६९ | २८ | २४ | ५२ | - |
| | ७०–७४ | १९ | ३१ | ५० | - |
| | ७५–७९ | ११ | १२ | २३ | - |
| | ८०–८४ | ७ | ६ | १३ | - |
| | ८५–८९ | १ | २ | ३ | - |
| | ९०–९४ | १ | १ | २ | - |
| | ९५ माथि | ० | १ | १ | - |
| | **जम्मा** | **९९०** | **१००४** | **१९९४** | |

## वडा नं. ४

| वडा | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| वडा नं. ४ | ००–०४ | १८९ | १५७ | ३४६ | - |
| | ०५–०९ | १४७ | १३९ | २८६ | - |
| | १०–१४ | १९० | २१८ | ४०८ | - |
| | १५–१९ | १८१ | १९४ | ३७५ | - |
| | २०–२४ | १५५ | १७५ | ३३० | - |
| | २५–२९ | १५५ | १६७ | ३२२ | - |
| | ३०–३४ | ११७ | १२७ | ३०४ | - |
| | ३५–३९ | १२४ | १२९ | २५३ | - |
| | ४०–४४ | ९१ | ९५ | १८६ | - |
| | ४५–४९ | ८० | ९१ | १७१ | - |
| | ५०–५४ | ८१ | ६४ | १४५ | - |
| | ५५–५९ | ४४ | ४४ | ८८ | - |
| | ६०–६४ | ४५ | ४४ | ८९ | - |
| | ६५–६९ | ४४ | ४४ | ८८ | - |
| | ७०–७४ | २१ | ४० | ६१ | - |
| | ७५–७९ | २५ | ३१ | ५६ | - |
| | ८०–८४ | ४ | ४ | ८ | - |
| | ८५–८९ | ३ | ४ | ७ | - |
| | ९०–९४ | १ | ० | १ | - |
| | ९५ माथि | ० | २ | २ | - |
| | **जम्मा** | **१६९७** | **१७२९** | **३४२६** | |

## वडा नं. ५

| वडा | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| वडा नं.५ | ००–०४ | १७४ | १३५ | ३०९ | - |
| | ०५–०९ | २०२ | १८८ | ३९० | - |
| | १०–१४ | २२५ | २०० | ४२५ | - |
| | १५–१९ | २३५ | २४७ | ४८२ | - |
| | २०–२४ | २०६ | २०३ | ४०९ | - |
| | २५–२९ | १७७ | १६७ | ३४४ | - |
| | ३०–३४ | ११६ | १११ | २२७ | - |
| | ३५–३९ | १०८ | १२३ | २३१ | - |
| | ४०–४४ | १०४ | ११३ | २१७ | - |
| | ४५–४९ | ८८ | १०४ | १९२ | - |
| | ५०–५४ | १०८ | ६९ | १७७ | - |
| | ५५–५९ | ४४ | ५५ | ९९ | - |

| वडा | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | ६०–६४ | ४६ | ४० | ८६ | - |
| | ६५–६९ | ३५ | ३९ | ७४ | - |
| | ७०–७४ | २४ | २७ | ५१ | - |
| | ७५–७९ | १४ | २१ | ३५ | - |
| | ८०–८४ | २ | ३ | ५ | - |
| | ८५–८९ | ३ | ३ | ६ | - |
| | ९०–९४ | १ | ० | १ | - |
| | ९५ माथि | ० | २ | २ | - |
| | **जम्मा** | **१९१२** | **१८५०** | **३७६२** | |

## वडा नं. ६

| वडा | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| वडा नं. ६ | ००–०४ | ११० | ९२ | २०२ | - |
| | ०५–०९ | १४९ | १३८ | २८७ | - |
| | १०–१४ | १४९ | १७५ | ३२४ | - |
| | १५–१९ | १८२ | २०३ | ३८५ | - |
| | २०–२४ | १३० | १६० | २९० | - |
| | २५–२९ | ११९ | १२३ | २४२ | - |
| | ३०–३४ | ११६ | १३५ | २५१ | - |
| | ३५–३९ | ९९ | ११८ | २१७ | - |
| | ४०–४४ | ९७ | ११९ | २१६ | - |
| | ४५–४९ | ९० | ९५ | १८५ | - |
| | ५०–५४ | १०८ | १०१ | २०९ | - |
| | ५५–५९ | ७४ | ८० | १५४ | - |
| | ६०–६४ | ५९ | ६५ | १२४ | - |
| | ६५–६९ | ४५ | ६५ | ११० | - |
| | ७०–७४ | २८ | ३५ | ६३ | - |
| | ७५–७९ | ३२ | २४ | ५६ | - |
| | ८०–८४ | ८ | १४ | २२ | - |
| | ८५–८९ | ४ | ० | ४ | - |
| | ९०–९४ | २ | ३ | ५ | - |
| | ९५ माथि | ३ | २ | ५ | - |
| | **जम्मा** | **१६०४** | | **३३५१** | |

## वडा नं. ७

| वडा | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| वडा नं. ७ | ००–०४ | १४० | १४६ | २८६ | - |
| | ०५–०९ | १३० | १३० | २६० | - |
| | १०–१४ | १७३ | १५३ | ३२६ | - |
| | १५–१९ | १५३ | १६३ | ३१६ | - |
| | २०–२४ | १२७ | १६७ | २९४ | - |
| | २५–२९ | ११० | १३२ | २४२ | - |
| | ३०–३४ | १२१ | १०५ | २२६ | - |
| | ३५–३९ | ८५ | १०० | १८५ | - |
| | ४०–४४ | ८२ | ९१ | १७३ | - |
| | ४५–४९ | ९० | १०७ | २६० | - |
| | ५०–५४ | १०७ | ९३ | २०० | - |
| | ५५–५९ | ६६ | ५० | १०६ | - |
| | ६०–६४ | ३८ | ६० | ९८ | - |
| | ६५–६९ | ३७ | ४३ | ८० | - |
| | ७०–७४ | ३० | ३४ | ६४ | - |
| | ७५–७९ | २२ | ३९ | ६१ | - |

| वडा | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | ८०–८४ | ७ | ७ | १४ | - |
| | ८५–८९ | ६ | ४ | १० | - |
| | ९०–९४ | २ | ३ | ५ | - |
| | ९५ माथि | २ | २ | ४ | - |
| | **जम्मा** | **२१०** | **२३२** | **४४२** | |

वडा नं. ८


| वडा | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| वडा नं. ८ | ००–०४ | १८३ | १८५ | ३६८ | - |
| | ०५–०९ | १४७ | १६९ | ३१६ | - |
| | १०–१४ | १६७ | १८९ | ३५६ | - |
| | १५–१९ | १७६ | २३३ | ४०९ | - |
| | २०–२४ | १७७ | २०४ | ३८१ | - |
| | २५–२९ | १७६ | १६६ | ३४२ | - |
| | ३०–३४ | १३३ | १५५ | २८८ | - |
| | ३५–३९ | १०९ | १२२ | २३१ | - |
| | ४०–४४ | १२४ | ११३ | २३७ | - |
| | ४५–४९ | ९८ | १०५ | २०३ | - |
| | ५०–५४ | १०३ | १०० | २०३ | - |
| | ५५–५९ | ६८ | ८२ | १५० | - |
| | ६०–६४ | ५० | ५४ | १०४ | - |
| | ६५–६९ | ३८ | ६२ | १०० | - |
| | ७०–७४ | ४० | ४२ | ८२ | - |
| | ७५–७९ | २१ | ४३ | ६४ | - |
| | ८०–८४ | १० | १४ | २४ | - |
| | ८५–८९ | ८ | ६ | १४ | - |
| | ९०–९४ | १ | १ | २ | - |
| | ९५ माथि | ० | ५ | ५ | - |
| | **जम्मा** | **१८२९** | **२०५०** | **३८७९** | |

वडा नं. ९

| वडा | उमेर वर्षमा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| वडा नं. ९ | ००–०४ | १२६ | ११५ | २४१ | - |
| | ०५–०९ | १३४ | १२० | २५४ | - |
| | १०–१४ | १३६ | १३१ | २६७ | - |
| | १५–१९ | १३५ | १५२ | २८७ | - |
| | २०–२४ | १२१ | ११८ | २३९ | - |
| | २५–२९ | १०२ | ९१ | १९३ | - |
| | ३०–३४ | ८९ | ९० | १७९ | - |
| | ३५–३९ | ८० | ७४ | १५४ | - |
| | ४०–४४ | ७१ | ७२ | १४३ | - |
| | ४५–४९ | ५९ | ७४ | १३३ | - |
| | ५०–५४ | ८० | ६९ | १४९ | - |
| | ५५–५९ | ७३ | ६२ | १३५ | - |
| | ६०–६४ | ७१ | ५६ | १२७ | - |
| | ६५–६९ | ४२ | ४७ | ८९ | - |
| | ७०–७४ | २६ | ४० | ६६ | - |
| | ७५–७९ | २२ | १५ | ३७ | - |
| | ८०–८४ | ३ | ५ | ८ | - |
| | ८५–८९ | ७ | ७ | १४ | - |
| | ९०–९४ | ४ | २ | ६ | - |
| | ९५ माथि | ० | ४ | ४ | - |
| | **जम्मा** | **१३८१** | **१३४४** | **२७२५** | |

**तालिका ५. वडागत जनसङ्ख्या विवरण**

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | औषत परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ७४९ | ३,६५८ | १,८०३ | १,८५५ | ४.८८ | १.०२ |
| २ | ९०२ | ४,४१८ | २,१६५ | २,२५३ | ४.९० | १.०४ |
| ३ | ३८८ | २,००७ | ९९० | १,०१७ | ५.१७ | १.०२ |
| ४ | ७५० | ३,४६६ | १,६९७ | १,७६९ | ४.६२ | १.०४ |
| ५ | ७३४ | ३,७६२ | १,९१२ | १,८५० | ५.१३ | ०.९६ |
| ६ | ७७८ | ३,३५२ | १,६०४ | १,७४८ | ४.३१ | १.०८ |
| ७ | ७१६ | ३,१५८ | १,५२९ | १,६२९ | ४.४१ | १.०६ |
| ८ | ८२८ | ३,८७९ | १,८२९ | २,०५० | ४.६८ | १.१२ |
| ९ | ६१५ | २,७२५ | १,३८१ | १,३४४ | ४.४३ | ०.९७ |
| जम्मा | ६,४६० | ३०,४२५ | १४,९१० | १५,५१५ | ४.७१ | १.०४ |



**तालिका ५. जातिगत जनसङ्ख्या प्रतिशत**



यस गाउँपालिकाको कुल जनसङ्ख्या राष्ट्रिय जनगणना, २०७८ अनुसार जम्मा ३०,४२५ (महिला १५,५१५-५१.०% पुरुष १४,९१०-४९.०%) रहेको छ। कुल जनसङ्ख्याको लैङ्गिक अनुपात ९६.१० रहेको छ। बागमती प्रदेशको कुल साक्षरता दर ८२.१ रहेको छ जुन राष्ट्रियस्तर भन्दा ५.९% हुन आउछ। बागमती गाउँपालिकाको कुल साक्षरता दर ७१.४ (महिला ६४.२ पुरुष ७८.५) रहेको छ। जातिगत रुपमा ६०% तामाङ्को जनसङ्ख्याको बसोवास यस पालिकामा रहेको छ भने कम जनसङ्ख्या परियारको १% रहेको पाइन्छ। पालिकाको कुल जनसङ्ख्यामध्ये महिला ५१ % र पुरुष ४९% रहेका छन्। यसबाट महिलाको जनसङ्ख्या पुरुषको तुलनामा १% प्रतिशत धेरै रहेको छ। त्यसैगरी सबैभन्दा बढी जनसङ्ख्याको उमेर समूह १५–१९ वर्ष रहेको छ। यो समूहले कुल जनसङ्ख्याको ११.३ प्रतिशत प्रतिनिधित्व रहेको छ। दोश्रो ठूलो १०–१४ रहेको छ। यो समूहले १०.८ प्रतिशत प्रतिनिधित्व गरेको छ। सबैभन्दा कम प्रतिनिधित्व हुने उमेर समूह ९५ वर्ष माथिको हो। यिनीहरु ०.३ प्रतिशत रहेका छन्।

### १.१.१ वर्तमान शैक्षिक अवस्था

शैक्षिक अवस्था अन्तर्गत विभिन्न पक्षहरूको हालको अवस्थालाई विष्लेषण गरिएको छ । यसमा मूलत शैक्षिक सूचकहरूलाई प्राथमिकता दिई विद्यमान अवस्थाको समीक्षा गरिएको छ । यस अन्तर्गतका विभिन्न सूचकहरूको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### १.१.२ शैक्षिक सस्थाहरूको विवरण

| प्रकार | सामुदायिक तर्फ | संस्थागत तर्फ | कुल |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास र शिक्षा | ५६ | १ | ५७ |
| आधारभूत विद्यालय | ४५ | १ | ४६ |
| माध्यमिक विद्यालय | ५ | ० | ५ |
| सामुदायिक सिकाइ केन्द्र | ३ | ० | ३ |

गाउँपालिकामा ५० सामुदायिक र १ संस्थागत गरी ५१ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन्। त्यसैगरी आधारभूत तहमा सबैभन्दा बढी ४६ ओटा विद्यालय रहेका छन्। प्रारम्भिक बाल विकासको सङ्ख्या ५६ वटा रहेको छ। माध्यममिक विद्यालय ५ ओटा सञ्चालनमा रहेका छन्। सामुदायिक सिकाइ केन्द्र ३ ओटा केन्द्रहरु सञ्चालनमा रहेका छन्।

### १.१.३ विद्यालयमा अध्ययनरत विद्यार्थीको विवरण २०८१ असोज मसान्त

| कक्षा | छात्रा | छात्र | जम्मा | प्रतिशत (%) |
|---|---|---|---|---|
| प्रारम्भिक बाल विकास | ४४० | ४१५ | ८५५ | १२.१४ |
| कक्षा १-५ | १५७८ | १७८८ | ३३४६ | ४७.५१ |
| कक्षा ६-८ | ८८० | ८२८ | १७०८ | २४.२५ |
| कक्षा ९-१० | ४५० | ३४० | ७९० | ११.२२ |
| कक्षा ११-१२ | २०८ | १३५ | ३४३ | ४.८७ |
| जम्मा | ३५५६ | ३४८६ | ७०४२ | |

पालिकामा कुल ७,०४२ विद्यार्थीहरू अध्ययन गरी रहेका छन्। सबैभन्दा कम विद्यार्थी कक्षा ११-१२ मा रहेका छन्।

### १.१.४ गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा रहेका शिक्षक विवरण

| तह | महिला | पुरूष | रिक्त | जम्मा |
|---|---|---|---|---|
| प्रारम्भिक बाल विकास | ५४ | २ | ० | ५६ |
| आधारभूत तह १-५ | ८८ | ८० | ४ | १७२ |

| तह | महिला | पुरूष | रिक्त | जम्मा |
|---|---|---|---|---|
| आधारभूत तह ६-८ | १५ | ३४ | २ | ५१ |
| माध्यमिक तह ९-१० | १ | २३ | १ | २५ |
| माध्यमिक तह ११-१२ | १ | ५ | ० | ६ |
| जम्मा | १५९ | १४४ | ७ | ३१० |
| प्रतिशत (%) | ५१.३० | ४६.४५ | २.२५ | |

पालिकामा प्रारम्भिक बाल विकास देखि मावि तहसम्म कुल ३१० जना शिक्षक रहेका छन् । जसमध्ये कुल १५९ जना महिला रहेका छन् । यो कुल शिक्षकको ५१.३० प्रतिशत हुन आउँछ । त्यसै गरी कुल पुरुष शिक्षकको सङ्ख्या १४४ (४६.४५%) रहेको छ। तहगत रूपमा हेर्दा सबैभन्दा बढी शिक्षक आधारभूत तह १- ५ मा १७२ जना रहेका छन्।

१.१.५ वडागत विद्यालय विवरण


| क्र.सं. | विद्यालय | तह | सामुदायिक | संस्थागत | वडा |
|---|---|---|---|---|---|
| वडा नं. १ | | | | | |
| १ | श्री सूर्य माध्यमिक विद्यालय | ०–१० | सामुदायिक | | १ |
| २ | श्री टंकेश्वर आधारभूत विद्यालय | ०–८ | सामुदायिक | | १ |
| ३ | श्री भैँसेश्वर आधारभूत विद्यालय | ०–४ | सामुदायिक | | १ |
| ४ | श्री बालविकास आधारभूत विद्यालय | ०–३ | सामुदायिक | | १ |
| **वडा नं. २** | | | | | |
| ५ | श्री बागमती माध्यमिक विद्यालय | ०–१२ | सामुदायिक | | २ |
| ६ | श्री आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | २ |
| ७ | श्री देवहित आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | २ |
| ८ | श्री नवकिरण आधारभूत विद्यालय | ०–३ | सामुदायिक | | २ |
| ९ | श्री जनज्योती आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | २ |
| १० | श्री बुद्धिसिद्धि आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | २ |
| ११ | श्री अमर आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | २ |
| **वडा नं. ३** | | | | | |
| १२ | श्री ज्ञानमन्दिर आधारभूत विद्यालय | ०–८ | सामुदायिक | | ३ |
| १३ | श्री विष्णु आधारभूत विद्यालय | ०–८ | सामुदायिक | | ३ |
| १४ | श्री फुलमन्दिर विद्यालय | ०–५ | सामुदायिक | | ३ |
| १५ | जनश्रम आधारभूत विद्यालय | ०–३ | सामुदायिक | | ३ |
| १६ | श्री जनप्रभात आधारभूत विद्यालय | १–३ | सामुदायिक | | ३ |
| **वडा नं. ४** | | | | | |
| १७ | श्री पञ्चकन्या आधारभूत विद्यालय | ०–८ | सामुदायिक | | ४ |
| १८ | श्री सुर्योदय आधारभूत विद्यालय | ०–४ | सामुदायिक | | ४ |
| १९ | श्री जनकल्याण आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | ४ |
| २० | श्री महाबुद्ध आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | ४ |

| क्र.सं. | विद्यालय | तह | सामुदायिक | संस्थागत | वडा |
|---|---|---|---|---|---|
| **वडा नं. ५** | | | | | |
| २१ | श्री देवकी माध्यमिक विद्यालय | ०–१२ | सामुदायिक | | ५ |
| २२ | श्री गीता आधारभूत विद्यालय | ०–८ | सामुदायिक | | ५ |
| २३ | श्री बागमती आधारभूत विद्यालय | ०–८ | सामुदायिक | | ५ |
| २४ | श्री जनकल्याण आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | ५ |
| २५ | श्री जनहित आधारभूत विद्यालय | ०–३ | सामुदायिक | | ५ |
| २६ | श्री आर्दश जनप्रिय आधारभूत विद्यालय | ०–४ | सामुदायिक | | ५ |
| **वडा नं. ६** | | | | | |
| २७ | श्री सीता आधारभूत विद्यालय | ०–८ | सामुदायिक | | ६ |
| २८ | श्री जनहित आधारभूत विद्यालय | ०–८ | सामुदायिक | | ६ |
| २९ | श्री ऋशेश्वर आधारभूत विद्यालय | ०–३ | सामुदायिक | | ६ |
| ३० | श्री माहांकाल आधारभूत विद्यालय | १–३ | सामुदायिक | | ६ |
| ३१ | श्री शान्ति आधारभूत विद्यालय | १–३ | सामुदायिक | | ६ |
| **वडा नं. ७** | | | | | |
| ३२ | श्री चौरा आधारभूत विद्यालय | ०–८ | सामुदायिक | | ७ |
| ३३ | श्री बालविकास आधारभूत विद्यालय | ०–३ | सामुदायिक | | ७ |
| ३४ | श्री जनसेवा आधारभूत विद्यालय | ०–३ | सामुदायिक | | ७ |
| ३५ | श्री जनजागृति आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | ७ |
| ३६ | श्री बालज्योति आधारभूत विद्यालय | ०–३ | सामुदायिक | | ७ |
| **वडा नं. ८** | | | | | |
| ३७ | श्री जनता माध्यमिक विद्यालय | ०–१२ | सामुदायिक | | ८ |
| ३८ | श्री वनदेवी आधारभूत विद्यालय | ०–८ | सामुदायिक | | ८ |
| ३९ | श्री भैरव आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | ८ |
| ४० | श्री चौहाठाकुर आधारभूत विद्यालय | ०–३ | सामुदायिक | | ८ |
| ४१ | श्री सरस्वती आधारभूत विद्यालय | ०–४ | सामुदायिक | | ८ |
| ४२ | श्री सारथी निकेतन | ०–३ | | संस्थागत | ८ |
| **वडा नं. ९** | | | | | |
| ४३ | श्री बाघभैरव माध्यमिक विद्यालय | ०–१० | सामुदायिक | | ९ |
| ४४ | श्री राजदेवी आधारभूत विद्यालय | १–३ | सामुदायिक | | ९ |
| ४५ | श्री ज्ञानकुञ्ज आधारभूत विद्यालय | ०–३ | सामुदायिक | | ९ |
| ४६ | श्री जनक आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | ९ |
| ४७ | श्री भुमिमहादेव आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | ९ |
| ४८ | श्री हिमकाली आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | ९ |
| ४९ | श्री ज्ञानज्योती आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | ९ |
| ५० | श्री सप्तकन्या आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | ९ |
| ५१ | श्री दक्षिणकाली आधारभूत विद्यालय | ०–५ | सामुदायिक | | ९ |

गाउँपालिकामा सामुदायिक ५० र संस्थागत १ गरी कुल ५१ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन्। प्रारम्भिक बाल विकास केन्द्र सामुदायिक विद्यालय तर्फ ४६ वटा विद्यालयमा र आधारभूत तह कक्षा १-३ सञ्चालन हुने ८ वटा समुदायमा रहेता पनि हाल बालबालिकाहरु विद्यालय नै जान थाले पछि बन्द हुँदै मातृ विद्यालयमै गाभिने गरेका छन्। आधारभूत तह कक्षा १-३ सञ्चालन हुने विद्यालय १४ वटा, कक्षा १-४ सञ्चालन हुने विद्यालय ४ वटा, कक्षा १-५ सञ्चालन हुने विद्यालय १६, कक्षा १-७ सञ्चालन हुने विद्यालय १, कक्षा १-८ सञ्चालन हुने विद्यालय १० ओटा रहेका छन्। त्यसैगरी माध्यमिक तह कक्षा १-१० सञ्चालन हुने विद्यालय २, कक्षा १-१२ सञ्चालन हुने विद्यालय ३ ओटा रहेका छन्। सबैभन्दा बढी विद्यालय भएको वडा ९ हो। जसमा ९ वटा विद्यालय रहेको छ।

### **१.१.६ साक्षरता**

राष्ट्रिय जनगणना, २०७८ अनुसार गाउँपालिकाको कुल साक्षरता प्रतिशत ७१.४ रहेको छ। जसमध्ये पुरुष साक्षरता प्रतिशत ७८.५ र महिला साक्षरता प्रतिशत ६४.२ रहेको छ। पुरुषको तुलनामा महिला साक्षरताको अवस्था निकै कमजोर रहेको छ। त्यसैगरी उमेर समूह ५ वर्षभन्दा माथिको साक्षरता प्रतिशतको हकमा पढ्न र लेख्न दुवै जान्नेका प्रतिशत कुल ६८.९ रहेको छ। पढ्न र लेख्न दुवै नजान्नेको जनसङ्ख्या कुल ३०.७ प्रतिशत रहेको छ। जसमा पुरुषको प्रतिशत २३.७ र महिलाको प्रतिशत ३७.४ रहेको छ। समग्रमा महिलाको शैक्षिक अवस्था कमजोर देखिएको छ। यसबाट पनि महिला सशक्तीकरण तथा समुदायमा आधारित साक्षरता सिप विकास कार्यक्रमको औचित्य थप हुन आएकोछ।




**साक्षरता दर**

| विवरण | कुल साक्षरता दर | महिला साक्षरता दर | पुरुष साक्षरता दर | कैफियत |
|---|---|---|---|---|
| नेपाल | ७६.२ | ६९.४ | ८३.६ | |
| बागमती प्रदेश | ८२.१ | ७६.० | ८८.३ | |
| मकवानपुर जिल्ला | ७७.८ | ७१.६ | ८४.० | |
| बागमती गाउँपालिका | ७१.४ | ६४.२ | ७८.५ | |

### १.१.७ आर्थिक तथा सामाजिक पक्ष

बागमती गाउँपालिका मकवानपुर जिल्लाको राष्ट्रियस्तरको खेलकुद बागमती गोल्डकप सञ्चालनका साथै आफ्नै लगानीमा शहिद स्मृती रङ्गशाला निर्माण गरेको छ । यहाँका प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल मकवानपुरकै सबैभन्दा होचो ठाउँ हात्तीढुङ्गा, गिधावर डाँडा, गर्भारी डाँडा, भिमबाँध, डोटे डाँडा, गोल्मे डाँडा, जन्टे ढुङ्गा, चण्डेश्वर महादेवको मन्दिर, झुरझुरे रङ्गशाला, अमलेचौर पिकनिक स्पोट, रामजानकी मन्दिर फापरवारी, दिउटिन मन्दिर, पेम्बा छोइलिङ गुम्बा गढन र झुरझुरे सहिद स्मृति पार्क आदि पर्दछन् । यसपालिकावाट सिन्धुली जिल्ला जोड्ने मदन भण्डारी राजमार्ग रहेको छ । मुख्य पेसा कृषि रहेको छ भने विदेशमा काम गर्न जानेको सङ्ख्या पनि उच्च रहेको छ । यहाँ मुख्य गरी तामाङ, राई, मगर, पहरी, माझी, ब्राह्मण, क्षेत्री र दलित जातिको बसोबास रहेको छ भने बौद्ध धर्म मान्ने समुदायको बाहुल्यता रहेको छ । यहाँ दशैं, तिहार, ल्होसार, माघे संक्रान्ति, साउने संक्रान्ति, हरिबोधनी एकादशी, जमरे औँसी, नुवाङ्गी, जनैपुर्णिमा, बुद्ध पुर्णिमा, लदी (कोशी) पुजा, क्रिशमस आदि चाडपर्व मनाउने गरिन्छ । जातजाती तथा धर्म अनुसार विवाह, ब्रतबन्ध, न्वारन, पास्नी, छेवर, गुन्युचोली, बेल विवाह, गुफा बस्ने, अन्त्यष्टी, काजकिरिया गर्ने गरिन्छ । जन्मदिन, वैवाहिक वर्षगाँठ, भात खुवाई, प्रणय दिवस, बाहिरी रक्सी उपभोग, मोवाईल र टेलिभिजन जस्ता नयाँ चलनहरुले व्यापकता लिईरहेको छ ।

यहाँ तेजपात, चिराईतो, निम, आकाशबेली, शिकारी लहरा, गुर्जो, बनमारा, असुरो, कुरिलो, टिमुर, कालीकाठ, पिपला, पारिजात, तितेपाते, घिउकुमारी, आँक, सिमल, खयर, लालिगुराँस, काफल, बोँझ, हर्रा, बर्रा, जमुना, केमुना, पिपल, बर, खन्यु, दुमरी, हाडजोर, टोटला, बकाईनो, कुसुम, टाँकी, अमला, चिउरी, भलायो, खम्बारी, दार, लाम्पाते, धयारो, छतिवन, कल्बल, चिउरी, तुलसी, दुधेझार, चिनीझार, सिस्नु, वनप्याज, नुनढिकी, सुनगाभा, देब्रेलहरा, काउलो, बनघिरौला, गोलकाक्री, लज्जावती, वनअदुवा, अदुवा, बेसार, भुईंचम्पा, गन्धे, चर्चरे, नागबेली, सर्पगन्धा, ऐसेलु, बिही जस्ता जडीबुटीहरु पाईन्छ । तेस्तै साज, सखुवा, सिसौ, सिमल, खयर, सतिसाल, चिलाउने, कटुस, लालीगुराँस, काफल, बोँझ, हर्रा, बर्रा, जमुना, केमुना, पिपल, बर, चाँप, बेल, खन्यु, दुमरी, काभ्रो, निम, हाडजोर, पारिजात, टोटला, बकाईनो, कदम, कुसुम, भुकुर, टाँकी, सल्ला, अमला, चिउरी, भलायो, खयर, सान्धन, खम्बारी, दार, लाम्पाटे, धयारो, छतिवन, उतिस, बेंत, टिमुर, कल्बल, तेजपात, कैजल, कालीकाठ, पैंयुका रुख विरुवाहरु पनि पाईन्छ । जङ्गली जनावरहरुमा मृग, घोरल, खरायो, बँदेल, मालसाप्रो, लोखर्के, चितुवा, बाघ, भालु, न्याउरी मुसा, वनबिरालो, बाँदर, दुम्सी, सालक, गोहोरो, ढेदुवा, खिरखिरे, फ्याउरो, बाघ, कछुवा (ठोटरी) पाईन्छ भने चराचुरुङ्गीहरुमा कालिज, मयुर, लुईचे, मैना, सुगा, टुईटे, सारौं, बकुल्लो, ढुकुर, जुरेली, फिस्टे, उल्लु, बाज, चिल, गौंथली, भङ्गेरी, तित्रा, हुटिट्याउँ, सारस, पानीहाँस, तार्के, कोईली, जलेवा, बगालेचरा, कल्चौदी, धनेश, फाप्रे, नाम्ले, चिने, ढेकुवा, सिमकुखुरा, रुपी, ठेउका, ल्याँचे, लाम्पुच्छ्रे, कोकले, काल्कोले, गिद्ध, काग, कोईली, भुद्रुङ, बटाई, कोईराले, चमेरो, हुँचिल, चिभ्या, थैलीफुर्के आदि पाईन्छ ।

### १.१.८ नीतिगत प्रबन्ध

नेपालको संविधान, २०७२ मा शिक्षालाई प्राथमिकतामा राखेको छ साथै संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ, जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । धारा ३१ मा शिक्षालाई नागरिकको आधारभूत अधिकारको रुपमा व्यवस्था गरी प्रत्येक नागरिकलाई आधारभूत तह शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ, साथै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टिविहीन नागरिकलाई ब्रेल लिपि, बहिरा तथा बोलाई सम्बन्धी समस्या

भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृ भाषामा शिक्षा पाउने र त्यसका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ । यसैगरिनेपालको संविधान, २०७२ मा बालबालिका को हक अन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य, पालनपोषण, उचित स्याहार खेलकुद मनोरञ्जन तथा व्यक्तित्व विकास तथा बाल सहभागीताको हक रहेको छ, साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शारीरिक मानसिक वा कुनै किसिमको यातना दिन पाईने छैन भनि उल्लेख छ । त्यसैगरी दलितको हक अन्तर्गत आधारभूत तहबाट उच्चतहसम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ । त्यसैगरिनेपालको संविधानमा शिक्षालाई वैज्ञानिक प्राविधिक व्यावसायिक सिपमुलक, रोजगारमूलक जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लागानी अभिवृद्धि गर्ने कुरा उल्लेख छ साथै नागरिकको व्यक्तित्व विकासका लागि पुस्तकालय, सामुदायिक सूचना केन्द्रको स्थापना र प्रवर्धन गर्ने कुरा उल्लेख छ ।

त्यस्तै १६ औँ आवधिक योजनामा गुणस्तरीय शिक्षा मार्फत् दक्ष प्रतिस्पर्धी उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ, यसैगरी विद्यालय क्षेत्र विकास योजना (२०७३-०७४) तथा (२०७९-०८१) ले समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवनयाँपन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता गणितीय सिप़ तथा आधारभूत जीवनोपयोगी सिपको विकासको अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकास निरन्तर एवम् समावेशी प्रयत्न मार्फत् मुलुकको सामाजिक आर्थिक, विकासमा योगदान दिई विद्यमान असमानता हटाउने लक्ष्य तथा राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी प्रवर्धनात्मक र मूल्यउन्मुख नागरिकको विकासमा योगदान पुर्याउने दरदृष्टि राखेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा सबै तहको शिक्षालाई प्रतिस्पर्धी प्रविधि मैत्री रोजगारमुलक र उत्पादनशील बनाई देशको आवश्यकता अनुरुपको मानव संसाधन विकास गर्ने लक्ष्य राखेको छ । यसैगरी उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५ को प्रतिवेदनमा शिक्षा का राष्ट्रिय उद्देश्य पूरा गर्नका लागि सामाजिक न्याय सहित सभ्य समुन्नत, स्वस्थ जनशक्ति उत्पादन राष्ट्र निर्माणको दिशा, व्यक्तिको सर्वाङ्गीण विकास र सामाजिक आर्थिक रुपान्तरणका लागि गुणस्तरीय शिक्षा भन्ने उल्लेख भएको छ ।

- गाउँ शिक्षा सम्बन्धी नीति कानुन मापदण्ड योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
- विद्यालय स्थापना तथा व्यवस्थापन र अनुमति
- शिक्षा सम्बन्धी तालिम गोष्ठी सञ्चालन
- गाभिएका र बन्द भएका विद्यालयका सम्पत्ती व्यवस्थापन
- गाउँ शिक्षा समिति विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
- विद्यालयको भौतिक सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापन
- विद्यालय शिक्षाको गुणस्तर वृद्धिका लागि विभिन्न तालिम गोष्ठि सञ्चालन तथा पाठ्य सामाग्री वितरण
- सामुदायिक विद्यालयको दरबन्दी मिलान
- विद्यालयको नक्साङ्कन

- सामुदायिक विद्यालयको पूर्वाधार निर्माण तथा मर्मत
- आधारभूत तहको परीक्षा सञ्चालन अनुगमन तथा व्यवस्थापन
- विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र मूल्याङ्कन
- छात्रवृत्ति व्यवस्थापन
- सामुदायिक आध्ययन केन्द्र सामुदायिक बाचनालय र सामुदायिक पुस्तकालयको सञ्चालन र व्यवस्थापन
- अतिरिक्त क्रियाकलापको आयोजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ ओटा अधिकार कार्यहरु प्रदान गरे अनुरुप बागमती गाउँपालिकाले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालय कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८० र शिक्षक दरबन्दी मिलान तथा समायोजन कार्यविधि, २०८० निर्माण तथा कार्यान्वयन लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेसागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

**१.२ मुख्य समस्या तथा चुनौतीहरुका विश्लेषण**

समस्याः

- विषयगत शिक्षकको अभाव
- प्र.अ. हरुमा नेतृत्व क्षमताको कमी
- दोश्रो भाषाका विद्यार्थी भएका अभिभावक सचेतनामा कमी
- बालविकास कक्षा कोठामा भित्तेचित्र लेखन पयार्प्तताको कमी
- सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्न
- सहजकर्ताहरुको पारिश्रमिक वृद्धि, वृत्ति विकास र क्षमता विकास गर्न
- तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना गराउन
- बाल विकास केन्द्रमा तोकेको मापदण्ड अनुसार सुसारेको व्यवस्था गर्न
- खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापका लागि आर्थिक व्यवस्थापन गर्न
- विद्यार्थीहरुलाई नियमित गर्न
- उपयुक्त वसाईका लागि फर्निचर व्यवस्थापन गर्न
- सबै विद्यालयमा बालमैत्री वातावरण निरन्तर बनाइ राख्न
- कक्षा कोठाको व्यवस्थापन र मर्मत गर्न
- विद्यालयमा स्वच्छ खानेपानी व्यवस्था गर्न।
- बाल उद्यान निर्माण तथा खेल मैदान सामग्री व्यवस्थापन र मर्मत गर्न

**चुनौती**:

गाउँपालिकामा सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्न निम्नानुसारको समस्या तथा चुनौतीहरु पहिचान गरिएको छ।

- स्थानीय शिक्षा ऐन प्रगतिशील बनेको छ तर संघ र प्रदेशको कानुन नआउदा केही कार्यान्वयनमा समस्या हुनु।
- सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलान गर्नु।

- सूचना प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन गरी गुणस्तरीय जीवनोपयोगी शिक्षा सुनिश्चित गर्नु ।
- विद्यार्थी सङ्ख्या र भौगोलिक दुरी समेतको अध्ययन गरी कम विद्यार्थी, बढी आर्थिक बोझ भएको विद्यालयलाई गाभिनु ।
- गाउँपालिका भित्र भौतिक पूर्वाधारयुक्त क्याम्पस तथा प्राविधिक शिक्षालयको स्थापना गर्नु
- विषयगत शिक्षक व्यवस्थापन गर्नु ।
- विद्यार्थी वहिर्गमन (कक्षा दोहोर्याउने र कक्षा छाड्ने) दर न्यूनीकरण गर्नु ।
- तालिमबाट सिकेका व्यवहारिक सिप कक्षाकोठामा प्रयोग गर्ने परिपाटी बसाल्नु ।
- अभिभावक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरुमा सामूहिक प्रतिवद्धता कायम गराई शिक्षाको गुणस्तर सुनिश्चित गर्न जवाफदेही बनाउनु ।
- सबै सरोकारवालाहरुको सहभागीतामा विद्यालय सुधार योजना निर्माण गरी तथा यसको प्रभावकारी कार्यान्वयन गर्नु ।
- शिक्षकहरुको कार्यकुशलताको आधारमा मूल्याङ्कन गरी प्रोत्साहन र पुरस्कृत गर्ने प्रणालीको विकास गर्नु ।
- अभिभावकहरुमा जिम्मेवारी बोधको भावना कम हुनु र विद्यालय व्यवस्थापनमा सहभागीताको कमी ।
- शिक्षकले कक्षा कोठामा बिताउने समयको पूर्ण रुपमा उपयोग भएको सुनिश्चितता गर्नु ।
- शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकले सूचना प्रविधिमा अध्यावधिक भई शिक्षण योजना र सिकाइमा प्रयोग भएको सुनिश्चितता गर्नु ।
- विद्यालय उमेरका बालबालिकालाई १०० प्रतिशत विद्यालयमा पुगेको सुनिश्चित गर्नु ।
- विद्यालयको तथ्याङ्क समयमा र सहि विवरण भर्नु र अध्यावधिक गर्नु ।
- आर्थिक विवरण चुस्तदुरुस्त राख्न र सार्वजनिकीकरण गर्नु ।
- बोर्ड परीक्षाको नतिजा सुधार गर्नु ।
- गुणस्तरीय शिक्षाको प्रत्याभूति दिलाउनु ।

**१.४ अवसर**

- शिक्षामा सबैको समान पहुँचको व्यवस्था
- सबै क्षेत्रमा माध्यमिक (९-१२) सम्मको विद्यालय हुनु (पूर्वी क्षेत्र राईगाउँ, मध्ये क्षेत्र ज्यामिरे र पश्चिम क्षेत्र फापरबारी) ।
- प्राविधिक शिक्षालयको व्यवस्था (जनता मावि कृषि प्राविधिक (देवकी मा.वि. (कम्प्युटर इन्जिनियरिङ्ग) ।
- विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक व्यवस्थापन तथा समय समयमा दरबन्दी मिलान ।
- अभिभावकहरुलाई सँगठित गर्न स्थानीय शिक्षा ऐन मै विद्यालय व्यवस्थापन समिति सञ्जालको व्यवस्था
- प्रगतिशील स्थानीय शिक्षा ऐन निर्माण ।
- शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता एवम् तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य भएको ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षा सम्बन्धी २३ ओटा अधिकार प्रदान गरेको ।
- आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत प्रवन्ध भएको ।
- स्थानीय तहमा शिक्षा क्षेत्रमा गैर सरकारी संघ संस्थाहरूको क्रियाशीलता रहेको ।

- गुणस्तरीय शिक्षाप्रति अभिभावक एवम् सरोकारवालाहरूको चासो चिन्ता एवम् मोहमा बढोत्तरी भएको।
- विद्यालय तहमा खुद भर्ना दरमा उल्लेख्य वृद्धि भएको।
- लैङ्गिक समता सूचकाङ्क सकरात्मक रहेको।
- शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागीता वृद्धि भइ रहेको।
- प्राविधिक शिक्षाको विस्तारले मानव स्रोत विकास सम्भावना रहेको।

## परिच्छेद २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

नेपालको सङ्घीय शासन प्रणाली र प्रचलित नीतिगत व्यवस्थानुसार स्थानीय सरकारको कार्य क्षेत्र र अधिकारलाई प्रयोग गर्दै शिक्षा क्षेत्रलाई योजनाबद्ध बनाउन गाउँ शिक्षा समितिमा विभिन्न समयमा छलफल भएको थियो। शिक्षाको क्षेत्रमा नेपाल सरकारले कार्यान्वयन गरी रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३-२०८०) र त्यसपछि कार्यान्वयन हुने शिक्षा क्षेत्र योजना (२०७८-२०८७) ले निर्धारण गरेको शिक्षाको दीर्घकालीन सोचलाई सहयोग पुर्याउँन र बागमती गाउँपालिका भित्र योजनाबद्ध रुपमा आजको युग सुहाउँदो गुणस्तरीय शिक्षा सुनिश्चित गराउँन सरोकारवालाको सहभागीतामा यो शिक्षा योजना तयार गरिएको हो। नेपालको संविधानले परिलक्षित गरेका शिक्षा सम्बद्ध अधिकारको प्राप्तिमा स्थानीय तहमा विकास गरिने योजनाले प्रभावकारी भूमिका खेल्नुपर्छ। प्रारम्भिक बाल विकास तथा शिक्षाको प्रबन्धसहित निःशुल्क एवम् अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने, प्राविधिक र व्यावसायीक शिक्षाको अवसर बढाउने, जीवनपर्यन्त सिकाइका अवसर सृजना गरी सिकाइलाई उत्पादनसँग आबद्ध गर्ने, उद्यमशीलताको प्रवर्धन गर्ने, शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने जस्ता विषयहरू विद्यालय शिक्षाका प्राथमिकताका क्षेत्रहरू हुन्।

प्रजातन्त्र पश्चात् शिक्षामा आम नागरिकको चासो बढेको र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा शिक्षा नीति योजना तथा परियोजना कार्यान्वयन हुँदै आएका छन् । नेपालको संविधान, २०७२ को व्यवस्था बमोजिम सङ्घीय स्वरुपको राज्य व्यवस्था स्थापना भई संघ, प्रदेश र स्थानीय तहका सरकारहरू क्रियाशील छन्। राज्यको यो बदलिँदो शासकीय स्वरुप लगायत स्थानीय, राष्ट्रिय र विश्वव्यापी परिवेशमा धेरै परिवर्तन भइसकेका छन्। अब निर्माण हुने शिक्षा योजनाका विषय वस्तुलाई फरक ढङ्गबाट सम्बोधन गर्नु पर्ने अवस्था सिर्जना भएको छ। संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित शिक्षा योजना निर्माण गर्नु पर्ने आवश्यकता देखिएको छ।

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरीकको पहुँचको सुनिश्चितता तथा सहभागीताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय तहको प्रमुख कर्तव्य हुन आएको छ। शिक्षामा सहभागीता र पहुँचमा वृद्धिको साथ साथै गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना गर्नु आवश्यक छ। सूचना तथा संचार प्रविधिको प्रयोग गरी बालबालिकामा भएको अन्तर्निहित क्षमताको प्रष्फुटन गराउने खालको शिक्षण सिकाइ क्रियाकलापमा जोड दिँदै आधुनिक, वैज्ञानिक र २१ औँ शताब्दी अनुकुलको बालबालिका निर्माण र देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनको आधारशिला तयार गर्नमा स्थानीय सरकारको अहम भूमिका र दायित्व रहेको छ। रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृतिक विकासमार्फत् सभ्य, गुणस्तरीय र सुसंस्कृत

समाजको निर्माण गर्नुमा शिक्षाको अहम् भूमिका रहने हुँदा शैक्षिक क्षेत्रलाई एक निश्चित दिशा प्रदान गरी अपेक्षित उपलब्धि हाँसिल गर्ने आवश्यकताको वोध गरी दीर्घकालीन शैक्षिक योजना निर्माण गरी कार्यान्वयन हुन अति आवश्यक रहेको छ।

## २.२ दूरदृष्टि

"गुणस्तरीय शिक्षा, उज्ज्वल भविष्य, समृद्ध बागमती हामी सबैको लक्ष्य"

## २.३ लक्ष्य

व्यवस्थित विद्यालय व्यवस्थापन समिति, लगनशील प्रधानाध्यापक, चिन्तनशील शिक्षक, मननशील अभिभावक, अनुशासित विद्यार्थी र इमान्दार कर्मचारीको माध्यमबाट प्रतिस्पर्धी, सक्षम, स्वस्थ, सभ्य, सिपमूलक, संस्कारयुक्त नेपाल र नेपाली प्रति गौरव गर्ने स्थानीय भाषा, कला, संस्कृति र साहित्यमा पोख्त नागरिक तयार गर्ने।

## २.४ उद्देश्य

- कक्षाकोठामा नवीनतम् शैक्षिक प्रविधिको प्रयोग, गुणात्मक शिक्षण सिकाइ तथा बालमैत्री वातावरणको सिर्जना गरी विद्यार्थीहरूको विषयगत, कक्षागत, तहगतको साथ साथै समग्र विद्यालयको सिकाइ उपलब्धि स्तरमा वृद्धि गर्ने।
- आधारभूत तह देखिनै दैनिक जीवन उपयोगी/व्यवहारिक/ व्यावसायिक सिपमूलक शिक्षा प्रणालीको विकास गर्ने।
- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- विद्यालयमा शैक्षिक सुशासन कायम गरी बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास गर्ने।
- गाउँपालिका भित्रका शैक्षिक संरचना अन्तर्गत कार्यरत शिक्षक र कर्मचारीको क्षमता विकास र संस्थागत सक्षमता अभिवृद्धि गर्ने।
- प्रत्येक बालबालिकामा अन्तर्निहित प्रतिभा प्रष्फुटन गरी व्यक्तित्व विकास गर्ने वातावरण तयार गर्ने,
- बालबालिकाहरूको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच सुनिश्चित गर्ने,
- गाउँपालिका क्षेत्रभित्रका विद्यालय उमेर समूहका सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुंच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय बनाउने,
- माध्यमिक तहको शिक्षालाई गुणस्तरीय र सबै बालवालिकाले माध्यमिक तह सम्मको शिक्षा पूरा गरेको सुनिश्चित गरी प्राविधिक तथा व्यावसायीक शिक्षाको पहुँचमा वृद्धि गर्ने,
- साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर सुनिश्चित गर्ने।
- वहिष्करणमा परेका बालबालिकाका लागि औपचारिक शिक्षामा पहुँच सुनिश्चित गर्नुका साथै वैकल्पिक सिकाइको अवसर पुऱ्याउने,
- आपत्कालीन अवस्थामा पनि बालबालिकाले सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- चार वर्ष उमेर पुगेका सबै बालबालिकाहरुलाई एक वर्षको पूर्व प्राथमिक शिक्षा अनिवार्य गर्ने।
- अनिवार्य, नि:शुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच र सहभागीता सुनिश्चित गर्ने।
- नि:शुल्क माध्यमिक शिक्षामा समतामुलक पहुँचको सुनिश्चितता तथा संस्थागत क्षमता सुदृढीकरण गर्ने।
- विपद् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षाको उपाय अपनाउने।
- सबै प्रकारका विभेदहरु न्यूनीकरण गर्नको लागि आवश्यक रणनीति तयार गर्ने।

## २.५ रणनीति

- तीन वर्ष उमेर पूरा भएका सबै बालबालिकाहरुलाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास केन्द्रको शिक्षा अनिवार्य बनाइने ।
- विद्यालयको गुणस्तर सुधारका लागि अनुगमन एवम् सुपरीवेक्षणमा विद्यालयगत सहयोगको कार्यलाई प्रमुख आधार बनाइने ।
- युवाका लागि प्राविधिक तथा व्यावसायीक शिक्षा, तालिम र सिप विकासको अवसर र पहुँच विस्तार गराउने ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन मार्फत् न्यूनतम सिकाइ उपलब्धिको सुनिश्चितता सहित सबै विद्यालयमा गुणस्तर कायम गराउने ।
- पूर्वाधार तथा प्रविधिको विकास एवम् प्रयोग मार्फत् सबै तहको शिक्षामा सिकाइ तथा सिकारु मैत्री वातावरण निर्माण गराउने ।
- अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइ अवसरहरुको विस्तार गराउने ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गराउने ।
- ९-१२ कक्षामा प्राविधिक धारको शिक्षालाई विकास गर्दै लैजाने ।

## २.६ कार्यनीति

- शिक्षाका सम्पूर्ण प्रक्रियामा अभिभावकहरुको सक्रिय सहभागीता सुनिश्चित गरिनेछ ।
- अभिभावकहरुको संलग्नतामा शिक्षामा आकर्षण बढाउनको लागि विद्यालय सामुदाय शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधारभूत तह देखिनै परम्परागत स्थानीय दैनिक जीवन उपयोगी ज्ञान सिप तथा व्यवहारिक/व्यावसायिक सिपमूलक शिक्षा प्रणालीको विकास गर्न प्रत्येक महिना एउटा सिप सिकाउने व्यवस्था गरिनेछ ।
- विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाड्ने समस्या समाधान गर्न दिवा खाजा, छात्रवृत्ति, नियमित स्वास्थ्य परीक्षण जस्ता प्रोत्साहनमूलक कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- बालमैत्री व्यवहार र शिक्षण सिकाइ पद्दतिको विकास गरी सबै विद्यालयमा बालमैत्री अभ्यासलाई निरन्तरता दिईनेछ ।
- स्वयंसेवक शिक्षक परिचालन वा एकमुष्ठ अनुदान मार्फत् न्यूनतम विषयगत शिक्षक व्यवस्था गर्न प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरिनेछ ।
- जनप्रतिनिधि, कर्मचारी, पेसाविद्, निवृत्त शिक्षक, कार्यरत विज्ञ शिक्षकहरूको समूह बनाई विद्यालय तथा कक्षाकोठा निरीक्षण र सुपरीवेक्षणको कार्यमा उपयोग गरिनेछ ।
- विद्यालयले वार्षिक कार्यपात्रो, विषयगत शिक्षकहरूबाट वार्षिक शैक्षणिक योजना र दैनिक योजना बनाई कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।
- न्यून विद्यार्थी भएका विद्यालयहरु समायोजन गर्दै त्यहाँका बाल वालिकाहरुको गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि आवासीय विद्यालयहरु सञ्चालन गरिनेछ ।
- विद्यार्थी गृहकार्य र कक्षा कार्य प्रणालीलाई व्यवस्थित र सुदृढ गरिनेछ ।
- आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रबोधीकरण र विद्यार्थी प्रगति विवरण सम्प्रेषणको कार्यलाई आवधिक रूपमा नियमित तुल्याइनेछ ।
- विद्यालयहरूमा सिकाइ कुना, पुस्तकालय र उचित प्रयोगशालाको व्यवस्था गरी "पढ्नका लागि सिक्ने र सिक्नका लागि पढ्ने" व्यवस्थालाई प्रोत्साहित गरिनेछ ।
- पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

- शिक्षक र विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था र कक्षा शिक्षण व्यवस्था गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापनको प्रबन्ध मिलाईनेछ।
- माग र आवश्यकताका आधारमा शिक्षक पेसागत विकास र सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रत्येक वर्ष कक्षा ५ र ८ मा गाउँपालिकाद्वारा आधारभूत शिक्षा परीक्षा र कक्षा १० र १२ मा सञ्चालन हुने प्रदेश र राष्ट्रियस्तरको परीक्षालाई नै विद्यार्थी उपलब्धि परीक्षणको रूपमा उपयोग गरिनेछ।
- अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयमा बजारमा उपलब्ध डिजिटल पाठ्यसामग्रीहरूको प्रयोगलाई प्रोत्साहित गरिनेछ।
- प्राविधिक तथा व्यावसायीक तालिम परिषद (CTEVT) र अन्य तालिम प्रदायक संस्थाहरूसँग समन्वय गरी कार्यस्थलको सिकाइ सहित रोजगार अवसर प्रदान गर्न औद्योगिक/उद्यमशिलता प्रशिक्षार्थी कार्यक्रम (Apprenticeship) तथा छोटो अवधिका सिपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- प्राविधिक तथा व्यावसायीक शिक्षा धार सञ्चालन भइरहेको र सञ्चालन हुने विद्यालयमा उपयुक्त प्रयोगशाला सामग्री र कक्ष व्यवस्थापनको लागि सङ्घीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।
- निश्चित मापदण्डका आधारमा गरीब, जेहेन्दार र पछाडि पारिएका वर्गका विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायीक शिक्षा धारमा अध्ययनको अवसर जुटाइनेछ।
- प्रौढहरूका लागि आधारभूत साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ।
- पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाको लागि संघ र प्रदेश सरकारसँग समन्वय एवम् सहकार्य गरी सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरिनेछ, जीवनपर्यन्त सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रको विस्तार तथा संस्थागत सुदृढीकरण गरिनेछ।
- कानुन बमोजिम विद्यालयहरूको आर्थिक कार्यप्रणाली व्यवस्थित गरिनेछ। लेखापरीक्षणपूर्व सामाजिक परीक्षणलाई अनिवार्य गरिनेछ।
- वार्षिक कार्यक्रम र बजेट तर्जुमा, आम्दानी र खर्च सार्वजनिक गर्ने कार्यलाई अनुदान निकासासँग आवद्ध गरिनेछ।
- विद्यालयको वृहत् विकासको लागि विद्यालय सुधार योजना निर्माणको कार्यलाई आवश्यकता, स्रोत, साधन र समुदाय सम्बन्धसँग आवद्ध गरिनेछ र कार्यान्वयन योग्य तुल्याइनेछ।
- आवश्यकता र कार्यसम्पादन सूचकका आधारमा प्राथमिकीकरण गरी कार्य सम्पादनमा आधारित अनुदान, शैक्षिक सुदृढीकरण अनुदान, विज्ञान प्रयोगशाला अनुदान, शिक्षामा सूचना तथा सञ्चार प्रविधि अनुदान, पुस्तकालय अनुदान लगायतका अनुदान उपलब्ध गराइनेछ।
- विद्यालयका प्र.अ., वि.व्य.स./शि.अ.सं. पदाधिकारीहरूका लागि व्यवस्थापकीय क्षमता विकास तालिम सञ्चालन गरिनेछ।
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा उपलब्ध विद्यालयहरूको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) व्यवस्थित र सुदृढ गरिनेछ। यसको लागि प्रत्येक वर्ष तालिम दिइनेछ। विद्यालय IEMIS लाई अनुदान निकासासँग आवद्ध गरिनेछ।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालयको अभिलेख राख्न र सेवा प्रवाह गर्न प्रत्येक वर्ष प्रत्येक विद्यालयको प्र.अ./शिक्षक/कर्मचारी मध्ये १ जनालाई कम्प्युटर सिप सम्बन्धी तालिम दिइनेछ। साथै नवप्रवेशी शिक्षक/कर्मचारीहरुलाई अनिवार्य कम्प्युटर सिप सम्बन्धी तालिम लिने/दिने व्यवस्था गरिनेछ।
- एक शिक्षक एक कम्प्युटर/ल्यापटपको व्यवस्थाका लागि पहल गरिनेछ।
- योजनाको पहिलो वर्ष सामुदायिक माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्थित गरिनेछ। योजनाको अन्त्यसम्ममा कक्षा ६/८ सञ्चालित सबै आधारभूत विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

- विपद् जोखिम न्यूनीकरणका सम्बन्धमा शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूको भूमिकाको अभिवृद्धि गरिनेछ। विद्यालयको व्यवस्थापकीय क्षमता विकास तालिमको विषयवस्तुमा विपद् व्यवस्थापन सम्बन्धी सामग्री समेटिनेछ।
- सुरक्षित विद्यालय तथा उत्थानशीलताको सुनिश्चितताका लागि एकमुष्ट अनुदान पद्धति लागू गरिनेछ।
- विद्यालय भौतिक पूर्वाधार निर्माणको कार्य गर्दा स्वीकृत डिजाइन, भवन निर्माण संहिता र सामाजिक वातावरणीय कार्यढाँचाको अनुसरण भए-नभएको अनुगमन/निरीक्षण गरी वातावरणमैत्री भएको सुनिश्चित गरिनेछ।
- विद्यालयमा मानवमूल्य शिक्षा र नैतिक शिक्षाको प्रवर्द्धन गरिनेछ।
- कक्षा १-८ मा कार्यान्वयन भईरहेको स्थानीय पाठ्यक्रम बागमती गाउँपालिकाको परिचयलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सहजीकरण गरिनेछ।
- साना कक्षाहरुमा बहुभाषिक सिकाइलाई प्रोत्साहन गरिनेछ।
- स्थानीय पाठ्यक्रममा आधारित बहुभाषिक शिक्षणका लागि पाठ्यपुस्तक तथा सिकाइ सहजीकरण पुस्तिका विकास गरिनेछ।
- सबै सामुदायिक विद्यालयमा "एक विद्यालय एक फुलबारी र करेशाबारी" अनिवार्य गरिनेछ। साप्ताहिक कार्यतालिकामै फूलबारी र करेशाबारीमा अभ्यासको सुनिश्चतता गरिनेछ।
- विद्यालयमा विकास गरिएका आइसिटीको प्रभावकारी प्रयोगका लागि साप्ताहिक कार्यतालिकामै कम्प्युटर शिक्षणको सुनिश्चितता गरिनेछ।
- विद्यालय दिवा खाजालाई व्यवस्थित गर्न स्थानीय उत्पादनमा आधारित परिकारको मेन्यू तयार गरी कार्यान्वयनमा ल्याईनेछ। करेशाबारीमा उत्पादित तरकारी दिवा खाजामा प्रयोगको व्यवस्था गरिनेछ।

२.७ **अपेक्षित उपलब्धि**

- शतप्रतिशत बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित हुने र बालविकास र शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा बालबालिकाको शत प्रतिशत पहुँच सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ।
- माध्यमिक शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित भई गुणस्तरमा सुधार भएको हुनेछ।
- हरेक विद्यालयमा निर्धारित मापदण्ड बमोजिममा विषयगत शिक्षकको व्यवस्था तथा पेसागत दक्षता अभिवृद्धि भई सिकाइमा सुधार भएको हुनेछ।
- साक्षरता एवम् डिजिटल साक्षरता शिक्षा, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसरमा सुधार भएको हुनेछ।
- शिक्षाको मूल प्रवाहका बाहिर रहेका लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चित हुनेछ।
- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागीता भएको हुनेछ।
- आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चिततामा सुधार भएको हुनेछ।
- भौतिक पूर्वाधारहरूको विकास भई विद्यालय वातावरण बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री भई सिकाइ अनुकुल भएको हुनेछ।
- विद्यालयमा नवीनतम् प्रविधिको विस्तार भई सिकाइ उपलब्धिमा सुधार र विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार भई शैक्षिक सुशासन प्रवर्धन भएको हुनेछ।

- शैक्षिक संस्था तथा विद्यालयहरूमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ।
- नतिजामा आधारित अनुगमन र मूल्याङ्कन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।
- "जहाँ विद्यार्थी, त्यहाँ शिक्षक एवम् जहाँ विद्यार्थी, त्यहाँ स्रोत" को व्यवस्थापनका लागि उपयुक्त वातावरण कायम भएको हुनेछ।
- संस्थागत सक्षमतामा अभिवृद्धि र शिक्षण जनशक्तिको पेसागत दक्षता र क्षमता विकास भई विद्यार्थीहरुको सिकाइ उपलब्धि क्रमिक सुधार भएको हुनेछ।
- विद्यार्थीहरुमा जीवनपयोगी सिप र व्यवहार कुशल सिप अभिवृद्धि हुन गई दैनिक जीवनयाँपनमा सुधार भएको हुनेछ।
- परम्परागत स्थानीय ज्ञान, सिप हस्तान्तरण तथा पुस्तान्तरण र विषयवस्तु एवम् पालिका विशेषका सिकाइ अनुभवहरु विद्यार्थीहरुमा हाँसिल भई "हाम्रो बागमती र हामी बागमती वासी" भन्ने भावनात्मक सोच विकास भएको हुनेछ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण (२०८१/८२ देखि २०८५/८६)

| मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचकहरु | आधार वर्ष को अवस्था, २०८१ | | | योजनाको मध्यावधिको लक्ष्य २०८५ | | | योजनाको अन्तको लक्ष्य २०९० | | |
| | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय |
| **१. प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | | | | | | |
| प्रारम्भिक बालविकास कुल भर्ना दर | ९४.९ | ९६.१ | १३१ | ९४.० | | ११० | १००.६ | | १०० |
| प्रारम्भिक बालविकास खुद भर्ना दर | ७०.६ | ७१.९ | ७४.२ | | | ९० | | | १०० |
| कक्षा १ का भर्ना भएका मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त प्रतिशत | ६८.६ | | ३९ | ८५.० | | ८० | ९९.२ | | १०० |
| प्रारम्भिक बालविकास तालिम प्राप्त शिक्षक प्रतिशत | ० | | ४० | | | ७० | १०० | | १०० |
| प्रारम्भिक बालविकास तथा शिक्षामा योग्यता प्राप्त शिक्षक प्रतिशत | ० | | ७० | ९८.४ | | ९५ | १०० | | १०० |
| **२. आधारभूत शिक्षा** | | | | | | | | | |
| कक्षा १ मा सहजै देखिने भर्ना दर | १२१.९ | | १२९.४० | १०७.० | | १२० | ११८.८ | | ११० |
| कक्षा १ मा खुद भर्ना दर | ९६.९ | | १०० | ९९.० | | १०० | १०० | | १०० |
| कक्षा १-५ मा सहजै देखिने भर्ना दर | ११९.२ | १३४ | १२१.३६ | | | ११५ | १२०.४ | | १०५ |
| कक्षा १ -५ मा खुद भर्ना दर | ९७.१ | ९८ | ९७.८६ | ९९.५ | | ९९ | १०० | | १०० |
| कक्षा ५ सम्म टिकाउ दर | ९३.० | | ९३.८० | | | ९७.५ | | | १०० |
| प्राथमिक तह पूरा गर्ने दर | ८५.८ | | ६३ | ९५.५ | | ७० | ९९.५ | | ८० |
| कक्षा १-५ मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालवालिका % | २२.२ | | २७.० | १५.० | | २०. | १०.० | | १५.० |
| कक्षा १ को औषत सिकाइ उपलब्धि | | | २.६७ | | | ३.० | | | ३.७५ |
| कक्षा ३ को औषत सिकाइ उपलब्धि | | | २.८६ | | | ३.० | | | ३.७५ |
| कक्षा ५ को औषत सिकाइ उपलब्धि | | | २.४८ | | | ३.० | | | ३.७५ |
| कक्षा ६-८ सहजै देखिने भर्ना दर | ११४.३ | ११३ | ११४.१ | | | | | | |
| कक्षा ६-८ खुद भर्ना दर | ९४.३ | ९४.६ | ९४.७ | | | | | | |
| कक्षा १-८ सहजै देखिने भर्ना दर | ११०.४ | | ११९.४२ | | | ११५ | १०६ | | ११० |

| मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचकहरु | आधार वर्ष को अवस्था, २०८१ | | | योजनाको मध्यावधिको लक्ष्य २०८५ | | | योजनाको अन्तको लक्ष्य २०९० | | |
| | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय |
| कक्षा १-८ खुद भर्ना दर | ९३.४ | | ९९ | | | १०० | १०० | | १०० |
| कक्षा १-५ सम्म विद्यालय शिक्षक अनुपात | | | ३.४४ | | | ३.५० | | | ३.५० |
| कक्षा १-५ सम्म शिक्षक विद्यार्थी अनुपात | २४:१ | | १९.४५ | ३०:१ | | २० | ३०:१ | | २० |
| कक्षा ६-८ सम्मको विद्यालय शिक्षक अनुपात | | | ३.१९ | | | ४ | | | ४ |
| कक्षा ६-८ सम्मको शिक्षक विद्यार्थी अनुपात | ३०:१ | | ३३.४९ | ३०:१ | | ३३ | ३०:१ | | ३१ |
| आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ० | | २० | | | ७० | १०० | | १०० |
| कक्षा १-८ सम्मको शिक्षक विद्यार्थी अनुपात | ३३.१ | | २७.९२ | ३०:१ | | ३० | ३०:१ | | ३० |
| आधारभूत तहमा महिला शिक्षक प्रतिशत | | | ४६.१८ | | | ५२ | | | ६० |
| कक्षा ८ को औषत सिकाइ उपलब्धि | | | २.३५ | | | ३ | | | ३.५ |
| कक्षा १ मा भर्ना भएका बालवालिका मध्ये कक्षा ८ मा पुग्ने दर | | | ८४.५ | | | ८७ | | | ९० |
| कक्षा १-५ को पढाई छाड्ने दर | ० | | २.७ | | | १.५ | | | ० |
| कक्षा ६-८ को पढाई छाड्ने दर | | | ४.१ | | | ३ | | | २ |
| कक्षा १-८ को पढाई छाड्ने दर | ० | | ३.४ | | | २.५ | | | १ |
| **३. माध्यमिक तह कक्षा ९-१२** | | | | | | | | | |
| कुल भर्ना दर कक्षा ९- १० | | | ६० | | | ८० | | | १०० |
| खुद भर्ना दर कक्षा ९- १० | ४७.६ | | ४० | ६५.० | | ५० | | | ६० |
| सहजै देखिने भर्ना दर ९-१२ | ८३.४ | ८१.५ | ४२.०९ | ९० | | ६० | ८२.७ | | ८० |
| खुद देखिने भर्ना दर ९-१२ | ५७.४ | ५६.८ | २५.९६ | | | ४० | | | ५० |
| कुल भर्ना दर कक्षा ११- १२ | ७१.४ | | २५ | | | ४० | ९९.० | | ६० |
| खुद भर्ना दर कक्षा ११- १२ | | | १५ | | | २५ | | | ४० |
| कक्षा ९- १० सम्मको शिक्षक विद्यार्थी अनुपात | | | ३१.६० | | | ३३ | | | ३५ |
| कक्षा ११- १२ सम्मको शिक्षक विद्यार्थी अनुपात | | | ५७.५ | | | ५० | | | ३५ |
| माध्यमिक तहमा महिला शिक्षक प्रतिशत | | | ६.४५ | | | १५ | | | २५ |
| कक्षा १ मा भर्ना भएका बालवालिका मध्ये कक्षा १० मा पुग्ने दर | ६०.३ | | ४० | | | ६५ | | | ७० |
| SEE मा उतिर्ण दर (नियमित परीक्षाको नतिजा) | | | ८.०४ | | | ५० | | | ७५ |
| SEE मा उतिर्ण दर (मौका परीक्षा समेतको नतिजा) | | | ३७.८० | | | ७० | | | ९० |
| कक्षा १२ मा उतिर्ण दर (नियमित परीक्षाको नतिजा) | | | १६.३४ | | | ५० | | | ७५ |
| कक्षा १२ मा उतिर्ण दर (मौका परीक्षा समेतको नतिजा) | | | ४७.०६ | | | ७५ | | | ९० |
| **४. विद्यालय बाहिर रहेका बालबालिका प्रतिशत** | | | | | | | | | |
| आधारभूत तह कक्षा १-५ | २.९ | | २.१४ | १.६ | | १ | ० | | ० |

| मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचकहरु | आधार वर्ष को अवस्था, २०८१ | | | योजनाको मध्यावधिको लक्ष्य २०८५ | | | योजनाको अन्तको लक्ष्य २०९० | | |
| | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय |
| आधारभूत तह कक्षा १-८ | ३.९ | | १ | २.५ | | १.५ | ० | | ० |
| माध्यमिक तह कक्षा ९-१२ | | | ७४.०४ | | | ६० | | | ५० |
| **५. विद्यार्थी भर्नामा लैङ्गिक समता सूचकाङ्क** | | | | | | | | | |
| आधारभूत तह कक्षा १-५ | १.०२ | | ०.८९ | १.०१ | | ०.९५ | १. | | १ |
| आधारभूत तह कक्षा १-८ | १.०२ | | ०.९५ | १.०४ | | ०.९८ | १.०१ | | १ |
| माध्यमिक तह कक्षा ९-१२ | ० .९३ | | १.३९ | ०.९४ | | १.३० | ०.९८ | | १.२० |
| **६. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | | | | | | |
| ५ वर्ष माथिको साक्षरता दर | | | ७१.४ | | | ७७ | | | ८२ |
| १५-२४ वर्षको साक्षरता दर | | | | | | | | | |
| १५ वर्ष माथिको साक्षरता दर | | | | | | | | | |
| **७. शैक्षिक सुशासन** | | | | | | | | | |
| विद्युत पुगेका विद्यालय प्रतिशत | ५५.३ | | ८० | ७२.५ | | ९० | १०० | | १०० |
| इन्टरनेट पुगेको विद्यालय प्रतिशत | २४.४ | | ४५ | ४५.७ | | ५५ | ८७.३ | | ७० |
| आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक (%) | ०. | | ० | १००. | | ५० | १००. | | ८० |
| खानेपानीको पहुँच पुगेको विद्यालय (%) | ६९.५ | | ३५ | ७८.७ | | ४५ | १०० | | ५५ |
| शौचालयको पहुँच पुगेको विद्यालय (%) | ६९.१ | | ८० | ७८.७ | | ९० | १००. | | १०० |
| शिक्षण सिकाइ क्रियाकलापमा कम्मप्युटर उपयोग हुने विद्यालय प्रतिशत | ३५.९ | | २० | ७०. | | ३५ | ९०. | | ५० |
| **८. शिक्षामा लगानी** | | | | | | | | | |
| बाँडफाँड गरेको बजेटको जम्मा प्रतिशत | १०.६८ | | १२ | १७ | | १५ | २० | | २० |

## परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरु

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागीताको हक हुनेछ" भनि उल्लेख गरिएको छ साथै शिक्षा ऐन, २०२८ को आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षा कै अंगको रूपमा मान्यता दिएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण

उपलब्धि हाँसिल भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ । यसै कुरालाई मध्यनजर गरेर बागमती  गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने  प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ ।

## ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच गुणस्तरमा जोड दिइएको छ भने शिक्षा नीति, २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उद्देश्य लिएको छ भने उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवम् विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ । त्यस्तैगरी १६ औँ योजनाले प्रारम्भिक शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रुपमा लिइ सबै बालबालिकाहरुको पहुँचको सुनिश्चित गर्ने रणनीति लिइएको छ भने कार्यनीतिका रुपमा बालविकासको विकासको लागि लगानी साझेदारी गर्ने दक्ष योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने प्रारम्भिक शिक्षाको व्यवस्थापनको न्यूनतम मापदण्ड पूरा गर्ने नीति लिइएको छ ।

बागमती  गाउँपालिकामा हाल ५६ वटा बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । सङ्घीय अनुदान प्राप्त गर्ने ५२ वटा बालविकास केन्द्रहरु मध्ये ४६ वटा केन्द्र सामुदायिक विद्यालयमा छन् । गाउँपालिका अनुदानमा संचालित ४ वटा मध्ये ३ वटा विद्यालयमा र एउटा विद्यालय बाहिर समुदायमा रहेका छन् । चार वर्ष उमेर भन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुनेछ भन्ने कुरा उल्लेख गरिएको छ । प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास रहेको छ ।

### ३.१.२ उद्देश्यहरु

सबै ५ वर्षमुनिका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास केन्द्रमा भर्ना गरी विद्यालयमा आउने बानीको विकासका साथै सरसफाइ रहने र सामान्य लेखपढ गर्न सक्ने बनाउनु प्रारम्भिक बाल विकास केन्द्रको प्रमुख उद्देश्य हुनेछ ।
यस गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको उद्देश्य हुने छ -

- ५ वर्षमुनिका सबै बालवालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु ।
- ५ वर्षमुनिको सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँचमा सुधार ल्याउनु ।
- सबै सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र स्थापना गर्नु ।

- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।
- सबै प्रारम्भिक बालविकास केन्द्रमा आधुनिक शैक्षणिक प्रबिधिको प्रयोग गराउनु ।
- प्रारम्भिक कुराहरु कक्षाकोठाका भित्तामा भित्तेलेखन गर्न साथै आँखालाई असर नपर्ने रङको प्रयोग गर्नु ।
- अपाङ्गता भएका बालबालिकाहरुलाई बाल शिक्षाको पहुँचमा ल्याउनु ।
- वैकल्पिक सहयोगी कार्यकर्ता तथा स्वयंसेवक शिक्षकको व्यवस्था गर्नु ।
- विद्यार्थी सङ्ख्याको आधारमा सहयोगी कार्यकर्ता थप गर्ने ।

### ३.१.३ रणनीतिहरु

यस गाउँपालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई गुणस्तरीय बनाउदै सबैको पहुँचलाई विस्तार गर्ने रणनीति लिनेछ । जसको लागि तलका कार्यनीतिहरु कार्यान्वयनमा ल्याउने छ

- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका ४ वर्षका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरु विकास गरी पहुँच सुनिश्चित गरिनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाइने साथै अभिभावक सचेतना कार्यक्रमलाई जोड दिईने छ ।
- बालविकास सहजकर्ताहरुको क्षमता विकास सँगै प्रोत्साहनका गतिविधिहरु सञ्चालन गरिने छ ।
- बालविकास केन्द्रलाई व्यवस्थित बनाउनको लागि अभिभावक तथा समुदायलाई समेत परिचालन गरिनेछ ।
- प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइ व्यवस्थापन र सरसफाइलाई ध्यान दिई खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, श्रव्य, दृष्य तथा श्रव्यदृष्य सामग्री सहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सहयोगी कार्यकर्ताहरुको क्षमता विकासमा ध्यान दिँदै तालिम प्राप्त योग्य शिक्षकबाट सेवा प्रवाह हुने व्यवस्था गरिनेछ ।
- एक वडा एक नमुना बालविकास केन्द्रको निमार्ण गर्दै लगिनेछ ।
- सबै सामुदायिक विद्यालयमा आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्र स्थापना गरिनेछ ।
- प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताको लागि बालबालिकाको परिवार, विद्यालय सहयोगी कार्यकर्ता, विद्यालय प्रधानाध्यापकलाई पहिलो जिम्मेवार बनाइनेछ ।
- बालबालिकाको सरसफाइ, शिक्षा तथा स्वास्थ्य परीक्षण सम्बन्धी, पोषण, गर्भवती तथा शिक्षा सम्बन्धी अभिभावक सचेतना कार्यक्रम वर्षमा न्यूनतम १ पटक गराइनेछ ।

- प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकालाई दिवा खाजामा पोषणयुक्त खानेकुराको व्यवस्था गरिनेछ साथै समय सापेक्ष दिवा खाजाको लागि आर्थिक व्यवस्थापन गरिनेछ।
- बालविकास केन्द्रको नियमित अनुगमन तथा समीक्षा वैठक सञ्चालन गरिनेछ।
- बालविकास सहयोगी कार्यकर्ताको क्षमता विकास तथा समस्यामा आधारित तालिम सञ्चालन गरिनेछ।
- बालबालिकालाई स्तर अनुसारको झोला, स्टेशनरी तथा अतिरिक्त एक सेट कपडा सहित प्रारम्भिक बालविकास केन्द्रमा उपस्थित गराउन विद्यालय तथा अभिभावकलाई जिम्मेवार बनाइनेछ।
- प्रारम्भिक बालविकास केन्द्रमा शिक्षिका बाहेक अरु एक जना सुसारेको व्यवस्था गरिनेछ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।
- सबै बालविकास केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुनेछ।

नतिजा

- सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन भएका हुनेछन्।
- प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकालाई ल्याउन पुर्याउन अभिभावक तथा विद्यालय जिम्मेवार भएका हुनेछन्।
- बालमैत्री तथा प्रविधिमैत्री कक्षाकोठाको व्यवस्था भएको हुनेछ।
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार भएको हुनेछ।
- सबै प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ताहरु मन्टेश्वरीमा आधारित तालिम प्राप्त हुनेछन्।

### ३.१.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | भौतिक लक्ष्य (५ बर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | भर्ना अभियान सञ्चालन गर्ने | दिन | १५ | १५ | १५ | १५ | १५ | ७५ | विद्यालय (शिक्षक विद्यार्थी परिचालन) |
| २ | अभिभावक सचेतना शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय (वि.व्य.स/शिक्षक परिचालन) |
| ३ | अतिविपन्न तथा पछाडि पारिएका समुदायका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरु सहयोग गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | गापा/संघसंस्था परिचालन |
| ४ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकास केन्द्रको व्यवस्था गर्ने | सङ्ख्या | २ | ५ | १० | १३ | १५ | ४३ | गापा |
| ५ | बालशिक्षालाई थप गुणस्तरको लागि थप शिक्षकको व्यवस्था गर्ने | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | गापा |
| ६ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | जना | ० | ५६ | ० | ० | ५६ | ११२ | गापा |
| ७ | प्रत्येक वडामा एक नमुना बालविकास केन्द्र स्थापना | सङ्ख्या | २ | २ | २ | ३ | २ | ११ | गापा |
| ८ | अपाङ्गता मैत्री बालविकास केन्द्र तथा कक्षा व्यवस्थापन | सङ्ख्या | ६ | १० | १५ | १५ | १० | ५६ | गापा |
| ९ | अनुगमन तथा समीक्षा वैठक अर्ध वाषिक | पटक | १ | २ | २ | २ | २ | ९ | गापा |

**बजेट**

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य जम्मा (रू.हजारमा) | | | | | जम्मा (रू.हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |
| १ | भर्ना अभियान सञ्चालन गर्ने | दिन | ० | ० | ० | ० | ० | ० | विद्यालय (शिक्षक विद्यार्थी परिचालन) |
| २ | अभिभावक सचेतना शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | ० | ० | ० | ० | ० | ० | विद्यालय (वि.व्य.स/शिक्षक परिचालन) |
| ३ | अतिविपन्न तथा पछाडि पारिएका समुदायका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरु सहयोग गर्ने | पटक | ० | ० | ० | ० | ० | ० | गापा/संघ संस्था परिचालन |
| ४ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकास केन्द्रको व्यवस्था गर्ने | सङ्ख्या | ० | ५० | ५० | ५० | ५० | २०० | गापा |
| ५ | बाल शिक्षालाई थप गुणस्तरको लागि थप शिक्षकको ब्यवस्था गर्ने | निरन्तर | ९२४ | ९५० | ९५० | ९७५ | ९७५ | ४७७४ | गापा |
| ६ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | जना | ० | २५० | ० | ० | ३०० | ५५० | गापा |
| ७ | प्रत्येक वडामा एक नमुना बालविकास केन्द्र स्थापना | सङ्ख्या | १०० | १०० | १०० | १५० | १०० | ५५० | गापा |
| ८ | अपाङ्गता मैत्री बालविकास केन्द्र तथा कक्षा व्यवस्थापन | सङ्ख्या | ४५० | ३०० | ५०० | ५०० | ३०० | २०५० | गापा |
| ९ | अनुगमन तथा समीक्षा वैठक अर्ध वाषिक | पटक | १०० | २०० | २०० | २०० | २०० | ९०० | गापा |
| | **जम्मा रु** | | १५७४ | १८५० | १८०० | १८७५ | १९२५ | ९०२४ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

बागमती गाउँपालिका भित्र कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालित सामुदायिक विद्यालयहरु जम्मा ४५ वटा र सँस्थागत १ समेत जम्मा ४६ वटा विद्यालयहरु रहेका छन् । शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि कक्षा ५ सम्म अध्ययनरत छात्राको सङ्ख्या १५७८ जना र छात्रको सङ्ख्या १७८८ जना गरी  जम्मा ३३४६ जना रहेका छन् भने कक्षा ६ देखि ८ सम्म जम्मा छात्राको सङ्ख्या ८२८ र छात्रको सङ्ख्या ८८० गरी कुल विद्यार्थीको सङ्ख्या १७०८ जना रहेको छ। आधारभूत शिक्षाको पहुँचमा आर्थिक, सामाजिक, भौगोलिक अवस्थामा आधारित असमानताहरु रहेका छन् । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका दलित, जनजातिहरु, दुर्गम तथा पिछडिएको क्षेत्रमा रहेका बालबालिकाहरुको पहुँच अन्यको तुलनामा कम रहेको छ । यहाँ प्रा.वि. दरबन्दी ८७ वटा, राहात कोटा ७७ वटा र पालिका अनुदानमा ८ वटा गरी १७२ जना शिक्षक र नि.मा.वि.मा दरबन्दी ८ वटा, राहात २४ वटा, सङ्घीय अनुदान ५ वटा र पालिका अनुदान १४ वटा गरी ५१ जना शिक्षक समेत आधारभूत तहमा २२३ जना शिक्षकहरु कार्यरत रहेका छन्। त्यस मध्ये ४६.१८ प्रतिशत महिला शिक्षक रहेका छन्। सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:२७.९२ जना रहेकोछ । विकट तथा दुर्गमका १६ वटा विद्यालयमा सरकारी मापदण्ड भन्दा न्युन विद्यार्थी रहेकाछन्। यहाँको आधारभूत तहको औषत सिकाइ उपलब्धि २.५१ GPA रहेको छ । बीचैमा पढाइ छाड्ने दर कक्षा १-५ को ११.८७% र कक्षा ६-८ को ९.०१% गरी आधारभूत तहको कुल १०.७३% बालवालिकाले बीचैमा पढाइ छाड्ने गरेको तथ्य २०८० को विद्यालय अनुगमन प्रतिवेदनले औंल्याएको छ।

### ३.२.२ उद्देश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छ

- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गरी शिक्षामा सबैको समतामूलक पहुँच र सहभागीता सुनिश्चितता गर्नु।

- सबै बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने व्यवस्था सुनिश्चितता गर्नु ।
- विद्यार्थीहरुको औषत सिकाइ उपलब्धिलाई राष्ट्रिय मापदण्ड अनुसार बनाउनु ।
- विद्यालयको भौतिक, शैक्षिक व्यवस्थापकीय वातावरणमा सुधार गर्दै बालमैत्री, अपाङ्ग मैत्री, समावेशी, प्रविधिमैत्री जवाफदेहि सुरक्षित बनाउनु ।

### ३.२.३ रणनीति

यस योजनाका उद्देश्यहरु हाँसिल गर्न निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिएको छ ।

- अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहले आवश्यक नीति नियम र कानुन तर्जुमा गरी आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- विद्यालयीय शिक्षालाई ICT ल्याव व्यवस्थापनका प्रविधिहरु तयार गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रुपमा विस्तार गर्ने ।
- विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिकाहरुको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्ने ।
- मूल्याङ्कनलाई शिक्षण क्रियाकलापको अभिन्न अंगको रुपमा प्रयोग गर्दै विद्यार्थीलाई निरन्तर मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने ।
- विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षण गरी  जवाफदेहिता, सुनिश्चितता तथा सुधारका क्षेत्र पहिचान गर्ने ।
- कक्षा ६-८ मा शिक्षक विद्यार्थीको अनुपात मिलान गर्दै आर्थिक स्रोतको व्यवस्थापन गर्न स्थानीय सरकार मार्फत् सङ्घीय सरकारसँग पहल गर्ने ।
- विद्यालयका सरोकारवालाहरुलाई विद्यालयप्रतिको अपनत्व भावना जागृत गराउन क्षमता विकास गर्न तालिम तथा अभिमुखीकरणकको व्यवस्था गर्ने ।
- बालकक्षादेखि ५ कक्षासम्म स्थानीय स्तरमा उपलव्ध पौष्टिक तथा स्वस्थकर दिवा खाजालाई गुणात्मक र परिमाणात्मक बनाउन थप रकमको व्यवस्था गर्ने ।
- विद्यालय शिक्षालाई विभिन्न प्रकोप, महामारी, सङ्कट लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।
- हरेक विद्यालयमा न्यूनत्तम भौतिक पूर्वाधार विकासको व्यवस्थापन गर्ने । कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि बालमैत्री सिकाइ वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितीय साथै अन्य अन्तर विषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितीय सिप केन्द्रित क्रियाकलापहरुलाई निरन्तर गरिनेछ ।

३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

अनिवार्य तथा  निःशुल्क आधारभूत शिक्षाको पहुँच अभिवृद्धि र सहभागीतामा सुनिश्चितता हुने ।

**प्रमुख नतिजाहरु**

- विद्यालय शिक्षालाई विभिन्न महामारी रोग, प्रकोप, सङ्कट लगायतका परिस्थितिप्रति सचेत बनाइएको हुने।
- सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न अपुग भएका शिक्षक दरबन्दीलाई पूनर्वितरण तथा नयाँ दरबन्दीको व्यवस्थापन भएको हुने।
- विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउन ICT ल्याव व्यवस्थापन गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गरिएको हुने।
- विद्यार्थीहरुको सिकाइ उपलब्धि राष्ट्रिय मापदण्डमा तोकिए बमोजिम भएको हुने।
- सबै बालबालिकाहरुलाई आधारभूत शिक्षामा सहभागी गराईएको हुने।
- विद्यालयमा शिक्षक तथा कर्मचारीको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षाको प्रवाह अघि बढि शैक्षिक सुशासन  कायम भएको हुने।
- विद्यालयहरुमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरी पौष्टिक तथा स्वस्थकर दिवा खाजाको व्यवस्थाबाट स्वास्थ्य अवस्थामा सुधार हुनुका साथै विद्यालय आउने वातावरण सिर्जना भएको हुने।

### ३.२.५ प्रमुख क्रियापलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | सबै | सबै | सबै | सबै | सबै | सबै | विद्यालय |
| २ | आधारभूत तहमा (कक्षा १–८) थप शिक्षक व्यवस्थापन | सङ्ख्या | २२ | १४ | १४ | १४ | १४ | ७८ | पालिका |
| ३ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन र गाउँ शिक्षा योजना निर्माण र अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ४ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ५ | आर्थिक रूपमा विपन्नका लागि न्यानो कपडा विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | १ | १ | १ | १ | १ | ५ | पालिका/संघसस्था |
| ६ | विद्यालयस्तरीय परीक्षा तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | पालिका |
| ७ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | ६० | ६० | ६० | ६० | ६० | ६० | पालिका |
| ८ | अपाङ्गता भएका विद्यार्थीलाई आर्थिक सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ९ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | पालिका |
| १० | कक्षा १ देखि ३ सम्मको पठन सिप तथा गणितीय सिप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा व्यवस्थापन सञ्चालन | प्रतिशत | १० | २० | ३० | ३० | १० | १०० | पालिका |
| ११ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनीतिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १२ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सव सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | ४ | पालिका |
| १३ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | वि.सङ्ख्या | १ | ५ | १५ | १५ | १४ | ५० | पालिका/विद्यालय |
| १४ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | पालिका/विद्यालय |

## बजेट

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य जम्मा  (रू.हजारमा) | | | | | जम्मा (रू.हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |
| १ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | ० | ५० | ५० | ५० | ५० | २०० | विद्यालय |
| २ | आधारभूत तहमा (कक्षा १-८) थप शिक्षक व्यवस्थापन | सङ्ख्या | ४६६६ | ४३२६ | ४३२६ | ४३२६ | ४३२६ | २१९७० | पालिका |

| क्र. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य जम्मा (रू.हजारमा) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन र गाउँ शिक्षा योजना निर्माण र अध्यावधिक | पटक | १५० | १५० | १५० | १५० | १५० | २५० | पालिका |
| ४ | शिक्षक दरबन्दी मिलान | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | पालिका |
| ५ | आर्थिक रूपमा विपन्नका लागि न्यानो कपडा विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | पालिका/संघसस्था |
| ६ | विद्यालय स्तरीय परीक्षा तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | पालिका |
| ७ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १२४५० | १२४५० | १२४५० | १२४५० | १२४५० | ६२२५० | पालिका/ संघ |
| ८ | अपाङ्गता भएका विद्यार्थीलाई आर्थिक सहयोग | निरन्तर | १५० | १५० | १५० | १५० | १५० | २५० | पालिका/संघसस्था |
| ९ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | ५३२३ | ५३२३ | ५३२३ | ५३२३ | ५३२३ | २१२९२ | पालिका/संघ |
| १० | कक्षा १ देखि ३ सम्मको पठन सिप तथा गणितीय सिप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा व्यवस्थापन सञ्चालन | प्रतिशत | २०० | २०० | २०० | २०० | २०० | १००० | पालिका/संघसस्था |
| ११ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनीतिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका/संघसस्था |
| १२ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सव सहित शैक्षिक प्रदर्शनी मेला सञ्चालन | सङ्ख्या | ० | ५०० | ५०० | ५०० | ५०० | २००० | पालिका/ विद्यालय |
| १३ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | सङ्ख्या | ० | ५० | १५० | १५० | १४० | ४५० | पालिका/ विद्यालय |
| १४ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | सङ्ख्या | २०० | २०० | २०० | २०० | २०० | १००० | पालिका/ विद्यालय |
| | **जम्मा रु.** | | २५१८९ | २५४४९ | २५५४९ | २५५४९ | २५५३९ | १२०९१२ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

बागमती गाउँपालिका भित्र हाल जम्मा ५ वटा माध्यमिक विद्यालयहरु सञ्चालित छन् । माध्यमिक विद्यालयहरु पूर्ण रुपमा स्थायी दरबन्दी स्वीकृत छैनन् । धैरैजसो विद्यालयहरुमा स्वीकृत दरबन्दी नभएर प्रस्तावित अवस्थामा रहेका छन् । ४ वटा माध्यमिक विद्यालय साधारण धारका छन् भने १ विद्यालय प्राविधिक धारको रहेको छ । यस गाउँपालिकाको माध्यमिक तह कक्षा ९ र १० मा जम्मा विद्यार्थी ७९० जना रहेका छन् । जसमा छात्रा ४५० र छात्र ३४० रहेका छन् । माध्यमिक तहका ४ वटा प्रस्तावित विद्यालयमा हालसम्म पूरा स्वीकृत दरबन्दी नभएकोले कक्षा सञ्चालनमा ठूलो अवरोध सिर्जना भएको छ । माध्यमिक तहमा साधारण धार तर्फ स्वीकृत दरबन्दी ८, राहात ८, सङ्घीय अनुदान १ र पालिका अनुदान ८ गरी २८ जना र प्राविधिक धारतर्फ ९ जना गरी ३७ जना शिक्षकहरु कार्यरत रहेको छ । जसको कारणले गर्दा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नमा समस्या देखिएको छ । शिक्षाको पहुँचमा आर्थिक, सामाजिक, भौगोलिक अवस्थामा आधारित असमानताहरु रहेका छन् । शैक्षिक सत्र २०८० को कक्षा १० को वोर्ड परीक्षामा २ वटा विद्यालयमा शून्य नतिजा आएको छ भने कक्षा १२ को नतिजा पनि उस्तै रहेको छ । अन्य विद्यालयको पनि नतिजा सन्तोषजनक छैन ।

### ३.३.२ उद्देश्यहरु

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु ।
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
- माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउनु ।
- माध्यमिक तहका शिक्षकहरुलाई पेसागत क्षमता विकास गरी शिक्षण सिकाइ गुणस्तरीय बनाउनु ।
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रदान गर्न विषयगत शिक्षकको व्यवस्था गर्नु ।
- माध्यमिक तहमा शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउनु ।

- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

### ३.३.३ रणनीतीहरु

योजनाका उद्देश्यहरू हाँसिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- विद्यालय नक्शाङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरिनेछ।
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागीता सुनिश्चित गर्न क्षमता विकास गरिनेछ।
- माध्यमिक तह सञ्चालित प्रस्तावित विद्यालयहरुमा विद्यार्थी अनुपातको आधारमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ।
- प्रत्येक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुदृढ गरिनेछ।
- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गरिनेछ।
- विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ।
- यस पालिकाभित्र रहेका कम्तीमा २ वटा माध्यमिक विद्यालयहरुमा कक्षा ९, १२ मा प्राविधिक धारको शिक्षा व्यवस्थापन गर्न पूर्वाधार विकास गरिनेछ।
- कम्तीमा ११, १२ कक्षामा विज्ञान विषय अध्ययनका लागि आर्कषण बढाउन भौतिक पूर्वाधार सहितको व्यवस्था गरिनेछ ।
- आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्नेछ।
- माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक धारको व्यवस्था गरिनेछ।
- स्थानीय तहसँग आवश्यक परामर्श र सहकार्य गरी विद्यालय शिक्षालाई दैवि प्रकोप, सङ्कट महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ।
- माध्यमिक विद्यालय शिक्षादेखि नै विज्ञान प्रविधि, ईन्जिनियरिङ्ग, कला र गणित शिक्षा जस्ता विषयहरुको सिकाइलाई अन्तर सम्वन्धित गर्दै लगिनेछ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

सबै माध्यमिक विद्यालयहरुले आधारभूत मापदण्ड पूरा गरेको हुने।

नतिजा

- माध्यमिक शिक्षा पूरा गर्न सिकारुले न्युनतम् सिकाइ उपलव्धि हाँसिल गरेको हुने।
- माध्यमिक तहमा प्राविधिक तथा व्यसायिक धारको शिक्षा व्यवस्थित र विस्तारित भएको हुने।
- विद्यालयको प्रशासनिक काम गर्न योग्य र सक्षम प्र.अ. को व्यवस्था हुने।
- विद्यालय शिक्षामा प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।
- माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने।

- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर वृद्धिका लागि पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा परिमार्जन लगनशील र उत्प्रेरित शिक्षकको व्यवस्थापन प्रविधिको समुचित प्रयोग उचित सिकाइ तथा शिक्षण वातावरणको निर्माण भएको हुने ।
- सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित गराई खुद भर्ना दर तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छाड्ने र कक्षा दोहोर्याउने दरमा कमि आउने ।
- सबै माध्यमिक विद्यालयहरुमा विषयगत विद्यार्थी शिक्षक अनुपात व्यवस्थित ढङ्गले वितरण गरिएको हुने ।

### ३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | जम्मा पहिलो ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक नीति तथा कार्यविधि तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| २ | विद्यालयमा सेवाक्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र यकिन गरी नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ३ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ४ | मापदण्ड अनुसार विद्यालयमा आवश्यक विषय शिक्षक व्यवस्था | सङ्ख्या | १२ | १२ | १२ | १२ | १२ | ६० | पालिका/संघ |
| ५ | नमुना माध्यमिक विद्यालय विस्तार | सङ्ख्या | १ | १ | १ | १ | ० | ४ | पालिका/ विद्यालय |
| ६ | राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ कार्यान्वयन गरी पाठ्यक्रम,पाठ्यपुस्तक र सिकाइ सामाग्री विकास निरन्तर अधावधिक गर्ने । | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका |
| ७ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/ विद्यालय |
| ८ | अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/ विद्यालय |
| ९ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/ विद्यालय |
| १० | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण । | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/ विद्यालय |
| ११ | छात्राहरुलाई सेनेटरी प्याड वितरण | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका/ विद्यालय |

बजेट

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (रू.हजारमा) | | | | | जम्मा रू. हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक नीति तथा कार्यविधि तयारी | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| २ | विद्यालयमा सेवाक्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवाक्षेत्र यकिन गरी नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| ३ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| ४ | मापदण्ड अनुसार विद्यालयमा आवश्यक विषय शिक्षक व्यवस्था | सङ्ख्या | ६०३२ | ६०३२ | ६०३२ | ६०३२ | ६०३२ | ३०१६० | पालिका/संघ |
| ५ | नमुना माध्यमिक विद्यालय विस्तार | सङ्ख्या | १५०० | १५०० | १५०० | १५०० | ० | ६००० | पालिका/ विद्यालय |

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (रू.हजारमा) | | | | | जम्मा रू. हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |
| ६ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन गरी पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामाग्री विकास निरन्तर अधावधिक गर्ने । | निरन्तर | ० | ० | ० | ० | ० | ० | पालिका |
| ७ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | पटक | ० | ० | ० | ० | ० | ० | पालिका/ विद्यालय |
| ८ | अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति सहयोग | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका/ विद्यालय |
| ९ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | पालिका/ विद्यालय |
| १० | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण । | पटक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका/ विद्यालय |
| ११ | छात्राहरुलाई सेनेटरी प्याड वितरण | निरन्तर | १७५० | १७५० | १७५० | १७५० | १७५० | ८७५० | पालिका/ विद्यालय |
| | **जम्मा रु.** | | **९७३२** | **९७३२** | **९७३२** | **९७३२** | **८२३२** | **४७१६०** | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

हरेक देशमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ । मुलुकको भौतिक, शैक्षिक राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि योग्य र दक्ष जनशक्तिको जरुरी पर्दछ तसर्थ यस गाउँपालिका अन्तर्गत रहेको २ वटा विद्यालयहरूमा प्राविधिक तर्फको पढाइ सञ्चालन भइरहेको छ । जसमध्ये श्री जनता माध्यमिक विद्यालय, शान्तिपुर (बागमती ०८ मकवानपुर) मा वि.सं. २०७२ सालबाट प्राविधिक धारको कृषि विषयमा (SEE पछि १८ महिने कक्षा) सञ्चालन भइरहेको छ । त्यसै गरी श्री देवकी माध्यमिक विद्यालय, ज्यामिरे (बागमती ०५ मकवानपुर) मा कक्षा ९-१२ मा Computer Engineering सञ्चालन भइरहेको छ । यस बाहेक गाउँपालिका भित्र रहेका अन्य कुनै पनि विद्यालयमा प्राविधिक तथा व्यावसायिक धारका कक्षाहरु सञ्चालन गर्न सकिएको छैन । यसको मुख्य कारण प्राविधिक दक्ष जनशक्तिको अभाव तथा व्यवस्थित र सुविधाजनक भौतिक व्यवस्थापनको समस्या रहेको देखिन्छ । तथापि विश्व बजारको माग र प्रतिस्पर्धात्मक युग भएको हुँदा हरेक माध्यमिक विद्यालयहरुमा प्राविधिक तथा व्यावसायिक शिक्षा उपलव्ध गराउन अपरिहार्य रहेको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षामा देखिएका चुनौतीहरु

- प्राविधिक तथा व्यावसायिक धारको कक्षा सञ्चालन गर्न सम्बन्धन र अनुमति लिनमा समस्या देखिएको ।
- भौतिक पूर्वाधार विकास गर्न ।
- प्राविधिक तथा व्यावसायिक धारको जनशक्ति व्यवस्थापन गर्न ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रत्याभूति दिलाउन ।
- प्राविधिक तथा व्यावसायिक धारको स्थापनाका लागि स्थान तय गर्न आर्थिक व्यवस्थापन गर्न ।

### ३.४.२ उद्देश्य

- प्राविधिक तथा व्यावसायिक स्थापना गर्न संस्थागत विकास तथा सुदृढीकरण गर्न ।
- प्राविधिक तथा व्यावसायिक धारको पूर्वाधार विकास गरी दक्ष जनशक्तिको उत्पादन गर्न ।
- शिक्षालाई प्राविधिक तथा रोजगारमुलक रुपमा प्रदान गरी व्यवसायीक तथा आत्मनिर्भर जनशक्ति निर्माण गर्ने ।

### ३.४.३ रणनीतिहरु

- यस गा.पा. भित्र १ वटा स्नातक प्राविधिक तथा व्यावसायिक धारको व्यवस्थापन गर्न सम्बन्धित निकायमा पहल गर्ने ।
- सम्बन्धन प्राप्त गर्न सम्बन्धित निकायमा पहल गर्ने ।
- स्थानीय तह मार्फत् प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनार्थ आवश्यक राय सल्लाह गरी आवश्यक आर्थिक पहल गर्ने ।
- प्राविधिक धारको पढाइका लागि अभिप्रेरित गरी पढ्दै कमाउँदै गरिने कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलव्धि

- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने अवसर पाएको हुने ।
- दक्ष तथा रोजगारउन्मुख जनशक्ति तयार भएको हुने ।
- आत्मानिर्भर जनशक्ति उत्पादन हुने ।

नतिजा

- सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यावसायिक शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।
- यस गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन स्थायित्व तथा सुदृढीकरण भएको हुने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर लाभग्राहीहरुले आफनै स्थानीय तहमा सहज र सरल रुपमा प्राप्त गरेका हुने ।
- स्वावलम्बी तथा आमानिर्भर जनशक्ति उत्पादन हुनेछ ।

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य पहिलो ५ वर्ष (२०८५) जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्राविधिक तथा व्यावसायिक सम्बन्धन र अनुमति | सङ्ख्या | २ | १ | १ | ० | ० | ४ | पालिका/ प्रदेश/संघ |
| २ | सुरक्षित किसिमको पूर्वाधार विकास तथा निर्माण | सङ्ख्या | २ | १ | १ | ० | ० | ४ | पालिका/ प्रदेश/संघ |

| क्र. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि विद्यालय सञ्चालन | सङ्ख्या | २ | १ | १ | ० | ० | ४ | पालिका/ प्रदेश/संघ |
| ४ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको स्थायित्व तथा सुदृढीकरण | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका/ विद्यालय |
| ५ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको विद्यालयलाई स्तरोन्नति गर्न | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका/ विद्यालय |

बजेट

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) रू.हजारमा | | | | | भौतिक लक्ष्य (२०८५) जम्मा रू. हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |
| १ | प्राविधिक तथा व्यावसायिक सम्बन्धन र अनुमति | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | पालिका/ विद्यालय |
| २ | सुरक्षित किसिमको पूर्वाधार विकास तथा निर्माण | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | पालिका/ विद्यालय |
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि विद्यालय सञ्चालन | सङ्ख्या | ५००० | ७५०० | ७५०० | ७५०० | ७५०० | ३५००० | पालिका/ प्रदेश/ संघ |
| ४ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको स्थायित्व तथा सुदृढीकरण | निरन्तर | ३००० | ४००० | ४००० | ४००० | ४००० | १९००० | पालिका/ विद्यालय |
| ५ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको विद्यालयलाई स्तरोन्नति गर्न | निरन्तर | ० | २००० | २००० | २००० | २००० | ८००० | पालिका/ प्रदेश/ संघ |
| | जम्मा रु | | ८००० | १३५०० | १३५०० | १३५०० | १३५०० | ६२००० | |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.५.१ वर्तमान अवस्था

बागमती गाउँपालिका भित्र रहेका अनौपचारिक शिक्षा तथा विगतका समयमा नै प्रौढ शिक्षा सञ्चालन भएको साथै यस पालिका भित्र ३ वटा सामुदायिक अध्ययन केन्द्र सञ्चालनमा रहेका छन् जसले अनौपचारिक शिक्षा निरन्तर सिकाइका बारेमा कार्य गर्दै आएका छन्। यसरी हेर्दा निम्न कुराहरूलाई अवसर र चुनौतीको रूपमा लन सिकन्छ।

- सम्पूर्ण औपचारिक शिक्षाबाट वञ्चित नागरिकलाई शिक्षित बनाउनु
- अनौपचारिक ढङ्गले साक्षर भएका व्यक्तिलाई आयआर्जन तथा सिपमुलक र जीवन उपयोगी शिक्षा प्रदान गर्नु।
- औपचारिक शिक्षाबाट वञ्चित व्यक्तिहरुलाई सिकाइको सहज र सर्वसुलभ पहुँच निश्चित गरी खुला शिक्षाको पहुँच वृद्धि गरी व्यवहारिक तथा सिपयुक्त बनाउनु।
- सिकारुको आवश्यकता अनुसारको साक्षरतामा आधारित कार्यक्रमको विकास गरी कार्यान्वयन गर्नु
- साक्षरता निरन्तर  सिकाइ सिपमुलक सिप तथा समय सापेक्ष सूचना र प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन
- पाठ्य सामाग्रीको विकास
- सहजकर्ता क्षमताको विकास

- व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र सामुदायिक अध्ययन केन्द्र, घुम्ती पुस्तकालय स्थापना गरी अध्ययनलाई सहजता बनाउनु

**३.५.२ उद्देश्यहरु**

- सबै नागरिकलाई समावेशी र समतामुलक साक्षरता र निरन्तर सिकाइको अवसर सिर्जना गर्ने
- औपचारिक शिक्षाबाट वञ्चित भएका सम्पूर्ण नागरिकका लागि जीवन पर्यन्त शिक्षा सुनिश्चित गर्ने
- शिक्षा प्राप्त गर्न नसकेका व्यक्तिहरुलाई खुला शिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्ने
- अनौपचारिक तथा निरन्तर सिकाइको माध्यमबाट आजीवन सिकाइ सँस्कृतिको विकास गर्ने
- बागमती गाउँपालिका भित्रका सम्पूर्ण उमेर समूह अनुसारका नागरिकलाई कार्यमूलक साक्षरता अभिवृद्धि गराई पढ्ने बानिको विकास गर्ने
- औपचारिक रुपमा शिक्षा लिन विद्यालय जान नसकेका तथा शारीरिक रुपमा अपाङ्गता भएका व्यक्तिको लागि व्यावहारिक र सिपमुलक शिक्षा प्रदान गरी मर्यादित जीवनयाँपन गर्न सक्षम नागरिक बनाउने
- औपचारिक अनौपचारिक तथा अतिरिक्त शिक्षा वीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (equivalency) गतिशीलता (mobility) पारगम्यता (permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्ने
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्नु
- सामुदायिक अध्ययन केन्द्रको स्थापना विकास र विस्तार गर्ने
- विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा निरन्तर सिकाइ र सिकाइ संस्कृतिको अवधारणा पत्र तयार पार्ने।

**३.५.३ रणनीति -**

- अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षालाई प्रभावकारी बनाउन सार्वजनिक स्थानमा सन्देशमुलक सामाग्रीको लेखन,
- रेडियो टेलिभिजन भर्चुअल नेटवर्क मोवाईल एप्लिकेशन तथा अन्य विद्युतीय सामाग्रीको माध्यमबाट सिकाइलाई दिगो बनाउन साक्षरता तथा जीवनोपयोगी र सिपमुलक कार्यक्रम उत्पादन गरी दूर शिक्षा तथा घुम्ती शिक्षा सञ्चालन तथा प्रशारण,
- सामुदायिक सिकाइ केन्द्र विद्यालय नागरिक समाज सञ्चार माध्यम अभिभावक लगायत अन्य साझेदारहरु परिचालन गरी साक्षर कक्षा सञ्चालन गर्ने साथै स्वयंसेवक परिचालन गर्ने,
- पठन संस्कृतिको विकासका लागि सामुदायिक अध्ययन केन्द्र विद्युतीय पुस्तकालय सामुदायिक वाचन केन्द्रको स्थापना तथा स्तरीकरण गरी सिकाइ स्रोत केन्द्रको रुपमा विकास गर्ने,
- मौलिक एवम् परम्परागत ज्ञान सिपको पहिचान संरक्षण सम्वर्धन आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन,
- राष्ट्रिय योग्यता अनुरुपको औपचारिक अनौपचारिक अतिरिक्त शिक्षा वीच समक्षता कायम गराउन मापदण्डको विकास,
- सिकारुको आवश्यकता अनुसारका डिजिटल सामाग्रीको विकास गराउने,
- उमेर अनुसारको विविध सिपमुलक तालिम तथा गोष्ठी सञ्चालन गर्ने।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- सम्पूर्ण औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरुका लागि समयानुकुलको अनौपचारिक तथा निरन्तर सिकाइ र जीवनपर्यन्त जीवनोपयोगी र सिपमुलक सिकाइको अवसर प्राप्त हुने ।

**नतिजा**

- साक्षर बागमती गाउँपालिकाको रुपमा विकास हुने,
- लक्षित वर्ग तथा समुदायमा सिकाइको अवसर सिर्जना हुने,
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने,
- सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार,
- विज्ञ समूहको निर्माण गरी अनौपचारिक शिक्षा सम्बन्धी अवधारणा पत्र तयार हुने,
- जीवनोपयोगी र सिप मुलक सिकाइका लागि पाठ्यक्रम तथा पाठ्य सामाग्री तयार हुने,
- उत्पादनशील र प्रतिस्पर्धी जनशक्ति निर्माण हुने ।

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | क्रियाकलाप | ईकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | **भौतिक लक्ष्य जम्मा पहिलो ५ वर्ष** | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण सङ्कलन | पटक | ० | १ | ० | १ | ० | २ | पालिका/सामुदियक सिकाइ केन्द्र |
| २ | सामुदायिक सिकाइ केन्द्रको सञ्चालन र व्यवस्थापन (३ वटा सञ्चालनमा रहेको थप १ गर्ने | वडागत | ३ | १ | ० | ० | ० | ४ | पालिका |
| ३ | पुस्तकालय तथा सामुदयिक वाचन केन्द्र सञ्चालन | वडागत | ३ | १ | ० | ० | ० | ४ | पालिका |
| ४ | सामुदायिक सिकाइ केन्द्रमा प्रविधिको विकास | सङ्ख्या | ३ | १ | ० | ० | ० | ४ | पालिका/सामुदियक सिकाइ केन्द्र |
| ५ | सिकाइ केन्द्रको अन्य संघ सस्थासँग सहकार्य | निरन्तर | √ | √ | √ | √ | √ | √ | निरन्तर |
| ६ | सिकाइ सामाग्रीको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ७ | विज्ञ समूहको निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ८ | परिचालक व्यवस्थापन तथा क्षमता विकास | वडागत | १ | १ | १ | १ | १ | ५ | पालिका |

**बजेट**

| क्र. स ् . | क्रियाकलाप | ईकाई | भौतिक लक्ष्य (वर्ष ५) रू.हजारमा | | | | | भौतिक लक्ष्य जम्मा पहिलो ५ वर्ष रू.हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |
| १ | निरक्षरहरुको विवरण सङ्कलन | पटक | ० | ३०० | ० | ३०० | ० | ६०० | पालिका/सासिके |
| २ | सामुदायिक सिकाइ केन्द्रको सञ्चालन र व्यवस्थापन (३ वटा सञ्चालनमा रहेके थप १ गर्ने | वडागत | ९०० | १२०० | १२०० | १२०० | १२०० | ५७०० | पालिका/सङ्घ |
| ३ | पुस्तकालय तथा सामुदयिक वाचन केन्द्र सञ्चालन | वडा गत | ० | ० | ० | ० | ० | ० | पालिका/सासिके |

| क्र. | क्रियाकलाप | ईकाई | भौतिक लक्ष्य (वर्ष ५) रू.हजारमा | | | | | भौतिक लक्ष्य जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक सिकाइ केन्द्रमा प्रविधिको विकास | सङ्ख्या | १०० | २०० | १०० | ० | ० | ४०० | पालिका |
| ५ | सिकाइ केन्द्रको अन्य संघ सस्थासँग सहकार्य | निरन्तर | ० | ० | ० | ० | ० | ० | पालिका |
| ६ | सिकाइ सामाग्रीको विकास | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | पालिका |
| ७ | विज्ञ समूहको निर्माण | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| ८ | परिचालक व्यवस्थापन तथा क्षमता विकास | वडागत | ० | ५० | ० | ५० | ० | १०० | पालिका |
| | जम्मा रु | | १०५० | १८०० | १३५० | १६०० | १२५० | ७०५० | |

## परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्र

मानिसको जीवनयाँपनका क्रममा आवश्यक पर्ने आधारभूत अनिवार्य तथा ऐच्छिक आवश्यता पूरा गर्न समस्याहरुलाई समाधान गर्न बाधा अवरोधहरु हटाउन, जीवनस्तरलाई समायनुकुल बनाउन आवश्यक पर्ने विभिन्न किसिमका ज्ञान सिप दक्षता र क्षमताको विकास गर्न निर्माण गरिनेछ । व्यवस्थित दस्तावेज नै पाठ्यक्रम हो । पाठ्यक्रमको क्षेत्र अत्यन्तै व्यापक हुने हुँदा समग्रमा यो एक मार्गदर्शन हो । शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । पाठ्यक्रम निर्माणका आधारका रुपमा सामाजिक शक्तिहरु ज्ञानको प्रयोग मावि वृद्धि र विकास सिकाइ प्रकृया र प्रविधिलाई लिने गरिन्छ । पाठ्यक्रमले मानव जीवनका समस्या तथा सङ्कटलाई दुर गर्न र नयाँ वातावरणमा समायोजन हुनको लागि योग्य बनाउन प्रयत्न गर्दछ । यसले मानवीय मूल्य मान्यता शैक्षिक तथा सामाजिक जीवन दर्शन समकालीन समाजका वास्तविकताहरु सिकाइका प्रकृया तथा विषय वस्तुहरु पाठ्यासामाग्रीहरु विधि पद्धति क्रियाकलाप तथा मूल्याङ्कनका प्रकृयाहरुलाई समेत समेटेर बालबालिका  तथा सिकारुका आवश्यतालाई निदान गर्ने गरी योजनाको विस्तृत स्वरुपलाई समेट्ने कार्य गर्दछ । त्यसैले पाठ्यक्रमलाई एक वृहत दस्तावेजको रुपमा लिइन्छ ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्याङ्कन

#### ४.१.१ वर्तमान अवस्था

यस गाउँपालिकामा हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रमको प्रयोग गरी आएको छ । त्यही पाठ्यक्रमको आधारमा स्थानीय पाठ्यक्रम "बागमती गाउँपालिकाको परिचय" अन्तर्गत स्थानीय स्तरमा बोलिने तामाङ, मगर, राई, माझी, नेवार, पहरी भाषाको प्रनिनिधिमूलक बहुभाषाको प्रयोग स्थानीय पाठ्यक्रम सहजीकरण पुस्तिकामा समावेश गरिएको छ । स्थानीय विषयले यस पालिकाको ऐतिहासिकता र समग्रता झलकाउनु मद्दत गर्नेछ भनी बालबालिकालाई स्थानीय परिवेश अनुकुल विषय क्षेत्रमा परीचित हुन सहयोग पुर्याउने छ आभारभूत तह कक्षा १ देखि ३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत् उद्दार कक्षोन्नतीको नीति अनुसार मूल्याङ्कन कक्षा ४ र ८ मा ५० प्रतिशत निर्माणात्मक ५० प्रतिशत निर्णयाात्मक मूल्याङ्कन प्रणाली अपनाइएको छ । यसरी हेर्दा निम्न अवसर तथा चुनौतीहरु रहेका छन् ।

- प्रारम्भिक कक्षाहरुमा आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा र वहुभाषाको प्रयोग गर्नु ।
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्न ।
- स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन र मूल्याङ्कनमा स्थानीय तहको अर्थपूर्ण सहभागीता हुनु ।
- एकीकृत पाठ्यक्रमलाई प्रभावकारी रुपमा प्रयोग र कार्यान्वयन गर्ने ।

- अपाङ्गमैत्री सिकाइका लागि पाठ्य तथा कार्यपुस्तिका निर्माण र प्रयोग गर्ने ।

### ४.१.२ उद्देश्यहरु

यस योजनामा पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्न लिखित उद्देश्यहरु राखिएको छ ।

- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न ।
- सिकारुका सिकाइ समस्या समाधान उन्मुख निरन्तर आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कन पद्धितको व्यवस्था गर्नु ।

### ४.१.३ रणनीतिहरु

उद्देश्यहरु हाँसिल गर्नका लागि निम्न लिखित रणनीतिहरु अवलम्बन गरिनेछ ।

- स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष सान्दर्भिक गुणस्तरीय प्रभावकारी बनाइ समृद्ध गाउँपालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रकृयालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइनेछ ।
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि सम्वद्ध सरोकारवालाहरु परम्परागत ज्ञानका दाता तथा अनुसन्धानकर्ता आदिको सक्रिय सहभागीतामा अभिवृद्धि गरिनेछ र यसका लागि विद्यालयहरुलाई सक्षम बनाईनेछ ।
- स्थानीय पाठ्यक्रम मार्फत् विपद् व्यवस्थापन तथा प्रकोप व्यवस्थापन जस्ता विषयवस्तु समावेश गरी महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षाहरु देखि नै बालबालिकाहरुलाई सक्षम बनाउँदै लगिनेछ ।
- स्थानीय पाठ्यक्रम मार्फत् यस गाउँपालिकाको धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय, सामाजिक अवस्थाका वारेमा साना कक्षाहरुवाट नै व्यवस्थित गरिनेछ ।
- यस गाउँपालिका भित्रका विद्यालयहरुमा सूचना सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधारको विकास र त्यसको उचित प्रयोग गरिनेछ ।
- शिक्षण सिकाइलाई बाल केन्द्रित लैङ्गिक अपाङ्गमैत्री बनाई सहभागीतामूलक अन्तर्क्रियात्मक समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई प्राथमिकता दिइनेछ ।
- यस पालिका भित्रका सबै विद्यालयमा शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सन्दर्भ सामाग्री र स्व-अध्ययन सामग्रीका उपलब्धतालाई सर्वसुलभ बनाइनेछ ।
- विभिन्न महामारी, दैवी प्रकोप तथा सङ्कटका समयमा वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइको शैक्षिक क्षतिलाई न्यूनीकरण गरिनेछ ।
- परीक्षा प्रणालीलाई समय सापेक्ष बनाई मूल्याङ्कन विधिलाई वैज्ञानिकीकरण गरिनेछ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारीका साथ प्रयोग र कार्यान्वयन गरिनेछ ।
- माध्यमिक परीक्षा मूल्याङ्कन प्रणालीलाई निरन्तर, आवधिक तथा प्रयोगात्मक तरिकाबाट अवलम्बन गरिनेछ ।
- पाठ्यक्रमको समय सापेक्ष अभिमुखीकरणक तथा पुनर्ताजकि तालिमको व्यवस्थन गरिनेछ ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- विद्यालय तहमा रहेका आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनमा उपयोगी सिपहरु समावेश हुने।
- स्थानीय कला, संस्कृति, इतिहास, भाषा, परम्परागत सिप तथा ज्ञान तथा सकरात्मक सोच भएको निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने।

नतिजा

- स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन निरन्तर रुपमा कक्षा १ देखि ८ सम्म हुने।
- प्रारम्भिक बालविकास शिक्षादेखि आधारभूत तह कक्षा १-५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी बहुभाषिक सिकाइ सहजीकरण हुने।
- सिकाइको अभिन्न अंगको रुपमा पाठ्यक्रम र मूल्याङ्कन रहने।
- शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने।
- स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने।
- प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्यान्वयन गरिने।

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य पहिले (५ वर्ष) | | | | | पहिलो ५ वर्षको जम्मा (२०८५) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारुप कार्यान्वय कक्षा, विषय | | निरन्तर | | | | | निरन्तर | पालिका/ विद्यालय |
| २ | स्थानीय पाठ्यक्रम कार्यान्वियन तथा परीक्षण | कक्षा, विषय | १-८ | १-८ | १-८ | १-८ | १-८ | १-८ | पालिका/ विद्यालय |
| ३ | सिकाइ सहजीकरण तथा पुस्तिका निर्माण र विकास | कक्षा, विषय | ४-५ | ६-८ | ० | ० | ० | निरन्तर | पालिका/ विद्यालय |
| ४ | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रवोधिकरण | कक्षा, विषय | १-३ र ४-५ | ६-८ | ० | ० | ० | निरन्तर | पालिका/ विद्यालय/ संस्था |
| ५ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण | कक्षा, विषय | १-३ | ४-५ | ६-८ | ० | ० | निरन्तर | पालिका/ विद्यालय |
| ६ | विद्यार्थी मूल्याङ्कन नमूना साधनको विकास कार्यसञ्चायिका फायलको प्रयोग | कक्षा, विषय | १-३ | १-३ | १-३ | १-३ | १-३ | निरन्तर | पालिका/ विद्यालय |
| ७ | सिकाइ सहजीकरण कार्यलाई स्थानीय भाषा वा बहुभाषामा सहजीकरण तालिम | कक्षा, तह | १-३ | ४-५ | ६-८ | ० | ० | निरन्तर | पालिका/ विद्यालय |
| ८ | कक्षा १-३ को निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयनका लागि मूल्याङ्कन फारम छपाई वितरण तथा तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | पालिका/ सङ्घ |
| ९ | कक्षा ४-८ को आन्तरिक विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयनका लागि मूल्याङ्कन फारम विकास तथा तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | पालिका/ सङ्घ |

**बजेट**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य पहिले (५ वर्ष) रू. हजारमा | | | | | जम्मा रू.हजरमा (२०८५) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारुप कार्यान्वयन कक्षा, विषय | | ० | ० | ० | ० | ० | ० | पालिका/विद्यालय |
| २ | स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा परीक्षण | कक्षा,विषय | ० | ० | ० | ० | ० | ० | पालिका/विद्यालय |
| ३ | सिकाइ सहजीकरण तथा पुस्तिका निर्माण र विकास | कक्षा,विषय | ३०० | ३०० | ० | ० | ० | ६०० | पालिका/विद्यालय |
| ४ | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रवोधिकरण | कक्षा, विषय | ५० | ५० | ० | ० | ० | १०० | पालिका/विद्यालय/ संस्था |
| ५ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण | कक्षा, विषय | ३०० | ३०० | ३०० | ० | ० | ९०० | पालिका/विद्यालय |
| ६ | विद्यार्थी मूल्याङ्कन नमूना साधनको विकास कार्यसञ्चायिका फाइलको प्रयोग | कक्षा, विषय | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका/विद्यालय |
| ७ | सिकाइ सहजीकरण कार्यलाई स्थानीय भाषा वा बहुभाषामा सहजीकरण तालिम | कक्षा, तह | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका/विद्यालय |
| ८ | कक्षा १–३ को निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयनका लागि मूल्याङ्कन फारम छपाई वितरण तथा तालिम सञ्चालन | पटक | ४०० | ४०० | ४०० | ४०० | ४०० | १६०० | पालिका/ सङ्घ |
| ९ | कक्षा ४–८ को आन्तरिक विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी कार्यान्वयनका लागि मूल्याङ्कन फारम विकास तथा तालिम सञ्चालन | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका/ सङ्घ |
| | जम्मा रु | १५५० | १५५० | १२०० | ९०० | ९०० | ९०० | ५७०० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

क. शिक्षण पेसा प्रति आकर्षण र नियुक्ति

राष्ट्रियरूपमा शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नका लागि नेपालको सोह्रौँ योजना (२०८१/०८२-२०८५/०८६) ले यस पेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हाँसिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने कुरा उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५९ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमतिपत्र अनिवार्य हुनुपर्ने स्थायी शिक्षकको हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तिर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेसामा थप आकर्षण बढेको छ । शिक्षक सेवा आयोगद्वारा सञ्चालित

परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यसैबाट ती शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ। आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास र सहयोग, पूर्वानुमान योग्य सरुवा र बढुवा प्रणाली कार्यसम्पादनमा आधारित दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली अवलम्बन गर्नु वाञ्छनीय रहन्छ।

स्थानीय स्तरमा हेर्दा समेत बागमती गाउँपालिकाबाट करार, राहत तथा स्वयंसेवक शिक्षक अनुदान कोटाको लागि गरिएको शिक्षक पदका विज्ञापनमा आवेदन पेस गर्नेहरूको उल्लेख्य सङ्ख्याले शिक्षक पेसा प्रतिको आकर्षणलाई थप पुष्टि गर्दछ। तथापि यसरी नियुक्त भएका शिक्षकहरूलाई नेपाल सरकार तथा प्रदेश सरकारका तर्फबाट पेसागत विकासका कार्यक्रममा सहभागी नगराईएको तथा यस प्रणालीबाट नियुक्त शिक्षकको कार्यसम्पादन मूल्याङ्कन समेत नहुने व्यवस्था भएका कारण शिक्षक सेवा आयोगबाट सिफारिस भई नियुक्त भएका स्थायी शिक्षक भन्दा बाहेकका शिक्षकको पेसागत विकास र कार्य सम्पादन मूल्याङ्कनको सन्दर्भमा स्थानीय तहबाट उपयुक्त विधि निर्माण गर्न आवश्यक रहेको देखिन्छ। यसका अलवा गाउँपालिकाले आफ्नो भूगोल भित्र रहेका मेधावी प्रतिभालाई शिक्षण पेसामा आकर्षित गर्ने नीति निर्माण गर्न आवश्यक देखिन्छ।

ख. शिक्षक तयारी

नेपालमा विश्वविद्यालयले सञ्चालन गर्दै आएका शिक्षा शास्त्र संकाय अन्तर्गतका स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमलाई नै शिक्षक तयारी कार्यक्रम/प्राज्ञिक योग्यता र व्यावसायिक योग्यता दुवै मानिने गरिएको छ। यस प्रकारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने प्रमुख विश्वविद्यालयको रूपमा त्रिभुवन विश्वविद्यालय रहेको कुरा विभिन्न शैक्षिक तथ्याङ्ले देखाएका छन् । यसका अलवा कक्षा ११ र १२ सञ्चालन रहेका विद्यालयहरूले समेत शिक्षक तयारीको कार्य गर्दै आइरहेकोमा परिवर्तित पाठ्यक्रम संरचना अनुसार भविष्यमा कक्षा १२ उत्तिर्ण गरे पश्चात् थप शैक्षिक तालिम प्राप्त गरे पछि मात्र शिक्षक बन्ने योग्यता पूरा हुने अवस्था आउने छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम आइ.एड, वि.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। विश्वका विभिन्न मुलुकको अभ्यासलाई हेर्दा मुलुकमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुट्टै कार्यक्रममा सहभागी भई सो पूरा गरेपछि मात्र शिक्षकका लागि योग्य मान्ने प्रचलन पनि रहेका छन्। शिक्षा ऐन, २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्न माध्यमिक तहका लागि शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्य बाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिइ अध्यापन अनुमतिपत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षाशास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्य बाट स्नातक तह उत्तीर्ण गरी एकवर्षे वि.एड. गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। त्यसैगरी माध्यमिक तह कक्षा ११ र १२ मा अध्यापन गर्नको लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्ययन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गरिनेछ उल्लेख गरेको छ। यही मापदण्डका आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरू बीचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ। यसैगरी विद्यालय तहको पाठ्यक्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरी छनौट भएका विद्यार्थीलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रम भर्ना लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ। विश्वविद्यालयका शिक्षक तथा शिक्षा

कार्यक्रम एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षण सम्बन्धी व्यावहारिक कुशलताको कमी रहेको देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धी विषय अध्ययन गर्न पर्ने भएकाले दुबै पक्षमा पर्याप्त सिकाइ हुन सक्ने अवस्था छ। देश सङ्घीय प्रणालीमा गएसँगै विद्यालय तहको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा समावेश गरिको छ। यस परिप्रेक्ष्यमा अव स्थानीय तहले शिक्षक तयारीमा योजनाबद्ध कार्यक्रम लागू गर्नु आवश्यक देखिन्छ।

### ग. शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मुलतः कक्षाकोठामा सञ्चालन गरिनेछ। शिक्षण सिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रारूप, २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री परियोजनामा आधारित, समूह कार्यमा आधारित तथा सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले सूचना तथा प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यवहारिक र नतिजा मूलक बनाउने उल्लेख गरेको अवस्था छ। नेपालमा विगतदेखि हालसम्म संचालित विभिन्न शिक्षा योजना र परियोजना तथा कार्यक्रमले कक्षाकोठाको शिक्षण सिकाइमा सुधारलाई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधि प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता प्रयासहरू भएका छन्। यसै गरी चालु पन्ध्रौं योजनाले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहूकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत् पढाइ सिप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भसामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगाएको व्यवस्थामा जोड दिएको छ।

गएको वर्षहरुमा हेर्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत् रकम विनियोजन भई विद्यालयहरूमा विविध परियोजना सञ्चालनमा आएका थिए। यस कार्यक्रमबाट शिक्षण सिकाइ क्रियाकलापका लागि भौतिक अवस्थाको सुधार, प्रविधिको जडान, शैक्षिक सामग्रीको उपलब्धता भएबाट आगामी दिनमा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आउने अपेक्षा गर्न सकिन्छ। यस प्रकारका प्रयासका बाबजुद पनि विश्वभर फैलिएको कोरोना महामारिका कारण देशका अन्य भागमा जस्तै बागमती गाउँपालिका क्षेत्र भित्र सञ्चालित विद्यालयमा समेत शिक्षण सिकाइ क्रियाकलाप प्रभावित हुन पुगेको छ। स्थानीय स्तरमा इन्टरनेटजन्य प्रविधिको कमजोर पूर्वाधारका कारण भर्चुअल माध्यमबाट हुने कक्षा समेत सञ्चालन हुन नसकेका कारण बालवालिकाहरूको सिक्न पाउने अधिकार समेत सङ्कुचित हुन पुगेकोछ। महामारीको अन्त्यका सम्वन्धमा कुनै अनुमान गर्न कठिन भएको कारण आगामी समयमा पनि विद्यालयमा भौतिक उपस्थितिमा र सामान्य समयावधी अनुसारको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा अवरोध आउने कुरा निश्चित छ। यस परिस्थितिमा स्थानीय स्तरमा सिकाइको उपयुक्त वैकल्पिक माध्यमलाई अवलम्बन गरी शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिनु अपरिहार्य देखिन्छ।

### घ. शिक्षक पेसागत सहयोग पद्धति

विश्वमा शिक्षक पेसागत सहयोगका विभिन्न तरिकाहरूको प्रचलन छ कक्षा अवलोकन र छलफल, मेन्टरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरूको सिकाइ सञ्जाल, शिक्षक सम्मेलन, सहकर्मीहरू बीचमा अन्तरक्रिया, प्रतिविम्बित शिक्षण अभ्यास आदि। नेपालमा विगतमा सञ्चालित विभन्न परियोजनाहरू मार्फत् शिक्षक पेसागत सहयोगका लागि विद्यालय निरीक्षक तथा स्रोतकेन्द्र जस्ता संस्थागत प्रवन्धहरू गरिएका थिए। यस प्रकारका संस्थाबाट शिक्षकका लागि

विविध तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छन् । ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना देखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोतकेन्द्रहरू स्थापना भएर क्रमशः तिनको सङ्ख्या विस्तार गरी १०५१ वटा स्रोत केन्द्र मार्फत् शिक्षक पेसागत सहयोग प्रदान हुँदै आएको थियो । स्रोतकेन्द्रहरूले आफ्नो सेवा क्षेत्रका विद्यालयमा कार्यरत शिक्षकहरूलाई नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिका सम्बन्धी अभिमुखीकरण गर्ने, शैक्षिक विषयवस्तुमा प्रधानाध्यापकहरूसँग नियमित बैठक गर्ने, शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धी कार्य सञ्चालन गर्ने, कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने, अतिरिक्त क्रियाकलापहरू सञ्चालनमा सहयोग गर्ने, शैक्षिक योजनाहरू निर्माणमा सहयोग गर्ने, शिक्षकहरूको बीचको अन्तरक्रिया गराउने आदि कार्य हुने गर्थे । तर सङ्घीय संरचनाको कार्यान्वयनसँगै स्रोतकेन्द्र पद्धति विघटन भएको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार स्थानीय तहमा सेवा निवृत्त शिक्षक लाई अध्ययन-अनुसन्धान शिक्षक सहायता, अनुगमन जस्ता प्रकृयामा प्रयोग गर्ने कुरा उल्लेख भएतापनि यस प्रकारका अनुभव हस्तान्तरणका लागि आवश्यक कानुनी व्यवस्था मिलाउन सकिएको छैन । दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदान प्रदान क्षमता विकास, प्रविधि हस्तान्तरण ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू बीच  सञ्जाल विकास गर्न अति कम विकसित मुलुकका लागि दिएको सुविधाको उपयोग हुन सकेको छैन । वर्तमान समयमा  शिक्षकको पेसागत सहयोगका लागि स्थानीय तह नै सबै भन्दा जिम्मेवार र तालुक निकायको रूपमा रहने गरी नीतिगत परिवर्तन भइ सकेको छ । विगतमा भएका संयन्त्रको खारेजी गरिए पश्चात्को संक्रमणकालीन वर्तमान अवस्थामा स्थानीय तहले नीतिगत परिपक्कता समेत हाँसिल गरीसकेका छैनन । यस परिप्रेक्ष्यमा स्थानीय तहले शिक्षकको पेसागत सहयोगका लागि थप नीतिगत र कार्यक्रमगत क्रियाशीलता देखाउन जरूरी छ । प्रधानाध्यापकको कुशल नेतृत्वबाट नै विद्यालयले आफ्ना लक्ष्य र उद्देश्य प्राप्त गर्न सक्दछ । यसका लागि प्रधानाध्यापकलाई थप जिम्मेवारी र अधिकार प्रदान गर्न जरूरी छ । विज्ञान प्रविधि तथा सूचना प्रविधिमा आएको व्यापक विस्तारीकरण सँगै शिक्षक सहायता प्रणालीले थप अवसर प्राप्त गरेको छ । यस प्रकारका प्रविधिबाट शिक्षकले अधिकतम लाभ लिनका लागि विद्यालयलाई थप स्रोतपूर्ण बनाउन समेत आवश्यक छ ।

### ङ. शिक्षक क्षमता विकास कार्यक्रम

गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय शिक्षक अनिवार्य शर्तको रूपमा रहेको हुन्छ । पेसागत रूपमा सक्षम दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन सकिन्छ । यसका निम्ती शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका विभिन्न तौरतरिका छन् । शिक्षक तालिम कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ जस्ता विधिहरू विश्वमा प्रचलनमा रहेका छन् ।  नेपालमा शिक्षकको क्षमता विकासका लागि विगतमा विभिन्न परियोजना र कार्यक्रम सञ्चालन भए ।  शिक्षकको क्षमता वृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले विक्रम संवत् २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापनासँगै सो अन्तर्गत ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्र स्थापना भए । ती तालिम केन्द्रहरूबाट सेवाकालीन प्राथमिक शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन गरिए । शैक्षिक जनशक्ति विकास केन्द्रमा माध्यमिक शिक्षा विकास केन्द्र गाभिए पछि शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत शिक्षक तालिम दिन केन्द्रहरू, अगुवा स्रोत केन्द्रहरू र स्रोत केन्द्र मार्फत् लामो छोटो अवधिका शिक्षक तालिम कार्यक्रम सञ्चालन हुँदै आए । विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत पनि शैक्षिक जनशक्ति विकास केन्द्रले तिनै तालिम केन्द्रहरू, अगुवा स्रोत केन्द्र र स्रोत केन्द्रहरू मार्फत्

शिक्षक विकास तालिम (टिपिडि तालिम) सञ्चालन गर्दै आएको थियो। तर सङ्घीय संरचनाको कार्यान्वयनसँगै शिक्षक तालिम तथा विकासका लागि प्रदेशमा एक/एक गरि जम्मा ७ तालिम केन्द्रहरू मात्र रहने गरी अन्य सबै संरचना हटेका छन्। विद्यालय विद्यालय क्षेत्र विकास योजना अवधिमा आधारभूत र माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षकहरूको शिक्षण क्षमता विकासका लागि तालिम सञ्चालकलाई प्राथमिकता राख्ने कार्य भइरहेको छ। तापनि विद्यमान सात वटा शिक्षा तालिम केन्द्रबाट मात्र ठूलो सङ्ख्याका शिक्षकलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको छ। यस परिवेशमा शिक्षकको क्षमता विकासका लागि स्थानीय तहहरूले आफ्नो इलाका भित्र रहेका शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक तालिम सञ्चालन गरिरहेको छ।

च. शिक्षक उत्तरदायित्व

आफ्नो कार्य सम्पादन प्रति आफू स्वयम् जवाफदेही हुनु भनेको उत्तरदायी हुनु हो। यस प्रकारको उत्तरदायित्व कानुनी र नैतिक दुवै हुन सक्छ। शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थी प्रति उत्तरदायी हुनु भनेको आफूले अध्यापन गराउने विद्यार्थीहरूको शिक्षण सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफ दिँनु भन्ने बुझिन्छ। यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नु पर्दछ। विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने, त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेश गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्दछ। शिक्षक सेवा आयोग नियमावली, २०५७ ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि सँग जोड्ने काम गरेर शिक्षकलाई उत्तरदायी बनाउने प्रयास गरेको छ।

यसका अलवा शिक्षा ऐन, २०२८ शिक्षा नियमावली, २०५९ बागमती गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ ले समेत शिक्षकले पालना गर्नुपर्ने विविध आचारसंहिता र कानुनी प्रबन्धहरूको निर्धारण गरिएको छ जसबाट शिक्षक उत्तरदायी वन्नु पर्ने कानुनी आधार तयार भएको छ। तथापि यी उपबन्धहरूको कार्यान्यनको सन्दर्भमा भने बाराम्बार प्रश्न उठ्ने गरेका छन्। शिक्षा नीति २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ विद्यालय व्यवस्थापनका लागि विद्यार्थी अभिभावक स्थानीय तह प्रति जवाफदेही बनाउने कुरा उल्लेख गरेको छ। विद्यार्थीहरूले परीक्षामा हाँसिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षाका जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ।

छ. शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावली, २०५९ को अनुसूची १२ मा व्यवस्था भए अनुसार पूर्वप्राथमिक विद्यालयमा एकजना, प्राथमिक विद्यालयमा ५० जना सम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा तीनजना कक्षा ६-८ का लागि कम्तीमा चार जना माध्यमिक तह ९-१२ लागि ८ जना शिक्षक रहने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ का अतिरिक्त शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले हिमाल, पहाड तथा तराईको लागि शिक्षक विद्यार्थी अनुपात क्रमशः चालीस, पैँतालीस र पचासलाई आधार मानी शिक्षक दरवन्दी पुनर्वितरण गर्ने प्रावधान भए अनुसार

मुलुकभर शिक्षक दरवन्दी मिलानको प्रकृया अन्तिम चरणमा पुगी सकेको छ यस सन्दर्भमा बागमती गाउँपिलकामा पनि गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा भएको शिक्षक वितरण र आपूर्तिलाई हेर्दा ५० वटा सामूदायिक विद्यालयमा बालविकास केन्द्र ५६ वटा रहेका छन्। बागमती गाउँपालिकामा प्रा.वि. दरबन्दी ८७ वटा, राहात ७७ वटा र गापा अनुदान ८ वटा गरी जम्मा १७२ वटा, नि.मा.वि. दरबन्दी ८ वटा, राहात २४ वटा, सङ्घीय अनुदान ५ वटा र गापा अनुदान १४ वटा गरी ५१ वटा र मावि दरबन्दी ६ वटा, राहात ८ वटा, सङ्घीय अनुदान १ र गापा अनुदान ८ वटा गरी वटा जम्मा २३ र प्राविधिक धार तर्फ ९ वटा दरबन्दीमा शिक्षकहरु कार्यरत रहेका छन् त्यसै गरी विद्यालयको निजी स्रोतबाट जम्मा ३३ जना शिक्षक रहेका छन्।

### ४.२.२ उद्देश्य

उपयुक्त समीक्षा तथा चुनौतीहरूका आधारमा शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्य निर्धारण गरिएका छन्।

- सक्षम जनशक्तिलाई शिक्षक पेसामा आकर्षित गर्ने,
- शिक्षकको छनोट, नियुक्ति र पुनर्वितरण लाई सुदृढ बनाउने,
- शिक्षकको पेसागत विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्ने,
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षक प्रबन्ध गर्ने,
- सुपरीवेक्षण, शिक्षक तालिम लगायतका अन्य आवश्यक प्रणालीको ब्यवस्था गरी शिक्षकलाई पेसाप्रति थप जवाफदेही बनाउने,
- शिक्षकहरु पेसागत क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गर्नु,
- शिक्षकलाई पुरस्कृत गर्ने र दण्ड नीतिलाई व्यवस्थित गर्ने।

४.२.३ रणनीतिहरू

- शिक्षक सेवा आयोगबाट छनौट भइ आएका शिक्षकहरू भन्दा बाहेकका शिक्षकहरूको छनौट तथा नियुक्ति प्रकृयालाई व्यवस्थित, पारदर्शी तथा गुणतन्त्रमा आधारित बनाइने छ। साथै यसरी नियुक्त गरिने शिक्षक पदमा उच्च शैक्षिक योग्यता भएका जनशक्तिलाई प्राथमिकता दिने गरी व्यवस्थित गरिनेछ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगतरूपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण प्रकृया निरन्तर रूपमा गरिनेछ।
- शिक्षा तालिम केन्द्रबाट तालिम प्रदान गरिनेछ शिक्षकहरूलाई पालिकाको तर्फबाट तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ। सबै प्रकारका शिक्षकलाई सूचना प्रविधि सम्बन्धी तालिम प्रदान गरी सञ्जालीकरण गरिनेछ।
- स्थानीय रूपमा शिक्षकहरूको सञ्जाल निर्माण गरी अनुभवको आदान प्रदान गर्ने व्यवस्था मिलाईने छ। यस प्रकृयामा प्रविधिको प्रयोगलाई जोड दिइनेछ।
- शिक्षकको कार्य सम्पादनमा सुधारमा ल्याई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न उत्कृष्ट शिक्षकलाई पालिका स्तरको पुरस्कारको व्यवस्था गरिनेछछ। शिक्षकलाई क्रियात्मक अनुसन्धान प्रकृयाबाट विद्यार्थीको सिकाइ उपलव्धि वृद्धि गर्न प्रेरित गरिनेछ।
- अस्थायी, करार, राहत अनुदान तथा उच्च माध्यमिक तहमा कार्यरत शिक्षकले समेत अनिवार्य रूपमा पालिका समक्ष आफूले सम्पादन गरेका कार्यहरूको मूल्याङ्न गर्न फाराम भरी पेस गर्नुपर्ने व्यवस्था गरिनेछ।

- शिक्षक पेसागत सहयोगका लागि विषयगत शिक्षकहरुको समूह तयार गर्ने तथा नियमित बैठक गरी सिकाइ साटासाटको वातावरण सिर्जना गरिनेछ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- यस योजनाको कार्यान्वयन पश्चात् सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुनेछ।

नतिजा

- स्थानीय स्तरबाट हुने शिक्षक नियुक्ति प्रकृया स्वच्छ र पारदर्शी हुने,
- विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक वितरण हुने,
- शिक्षक पेसा जिम्मेवार र मर्यादित पेसाका रूपमा रुपान्तरण हुने,
- शिक्षक सहायता प्रणाली व्यवस्थित हुने,
- शिक्षकको पेसागत विकासमा स्थानीय तहको सहयोग हुने,
- शिक्षकहरू सूचना तथा सञ्चार प्रविधि प्रति अभ्यस्त हुने र सो को प्रयोग शिक्षण सिकाइ प्रकृयामा समेत हुने,
- शिक्षक सञ्जालको निर्माण भई अनुभवको आदान प्रदान हुने।

### ४.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | क्रियाकलाप | ईकाइ | भौतिक लक्ष्य पहिले (वर्ष ५) | | | | | पहिलो ५ वर्ष भौतिक लक्ष्य (२०८५) | भौतिक लक्ष्य दोश्रो ५ वर्ष २०९० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | शिक्षकको पेसागत तालिम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका | |
| २ | असल कामको अभ्यास तथा अवलोकलन गर्ने | पटक | ० | १ | ० | १ | ० | २ | पालिका | |
| ३ | शिक्षकलाई प्रोत्साहन पुरस्कार कार्यक्रम सञ्चालन गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | पालिका | |
| ४ | विषयगत शिक्षक वीच छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका | |
| ५ | शिक्षक दरवन्दी मिलान तथा पुन: वितरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका | |
| ६ | शिक्षक पेसागत सहयोगका लागि इ-सन्जाल बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका | |
| ७ | आधारभूत तह दरबन्दी र राहत शिक्षक तलब भत्ता | जना | १९६ | १९६ | १९६ | १९६ | १९६ | १९६ | पालिका/ सङ्घ | |
| ८ | मावि तह दरबन्दी र राहत शिक्षक तलब भत्ता | जना | १६ | १६ | १६ | १६ | १६ | १६ | पालिका/ सङ्घ | |

| क्र. | क्रियाकलाप | ईकाइ | भौतिक लक्ष्य पहिले (वर्ष ५) | | | | | पहिलो ५ | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | आवि सङ्घीय अनुदान शिक्षक तलब भत्ता | जना | ५ | ५ | ५ | ५ | ५ | ५ | पालिका/ सङ्घ | |
| १० | आवि पालिका अनुदान शिक्षक तलब भत्ता | जना | २२ | १४ | १४ | १४ | १४ | | पालिका | |
| ११ | पालिका अनुदान शिक्षक तलब भत्ता | जना | ८ | ८ | ८ | ८ | ८ | ८ | पालिका | |
| १२ | मावि सङ्घीय अनुदान शिक्षक तलब भत्ता | जना | ४ | ४ | ४ | ४ | ४ | ४ | पालिका/ सङ्घ | |
| १३ | बाल विकास सका र विद्यालय कर्मचारी थप तलब भत्ता | जना | १०७ | १०७ | १०७ | १०७ | १०७ | | पालिका | |
| १४ | बाल विकास सका तलब भत्ता | जना | ५२ | ५२ | ५२ | ५२ | ५२ | | पालिका/ सङ्घ | |

## बजेट

| क्र. सं. | क्रियाकलाप | ईकाइ | भौतिक लक्ष्य पहिले (वर्ष ५) रू.हजारमा | | | | | पहिलो ५ वर्ष भौतिक लक्ष्य (२०८५) रू. हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |
| १ | शिक्षकको पेसागत तालिम सञ्चालन गर्ने | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | पालिका |
| २ | असल कामको अभ्यास तथा अवलोकलन गर्ने | पटक | ० | ५०० | ० | ५०० | ० | १००० | पालिका |
| ३ | शिक्षकलाई प्रोत्साहन पुरस्कार कार्यक्रम सञ्चालन गर्ने | पटक | ० | १०० | १०० | १०० | १०० | ३०० | पालिका |
| ४ | विषयगत शिक्षक वीच छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्ने | पटक | ६५ | ६५ | ६५ | ६५ | ६५ | ३२५ | पालिका |
| ५ | शिक्षक दरवन्दी मिलान तथा पुन: वितरण गर्ने | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| ६ | शिक्षक पेसागत सहयोगका लागि इ-सन्जाल बनाउने | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| ७ | आधारभूत तह दरबन्दी र राहत शिक्षक, कर्मचारी तलब भत्ता | जना | १०३१८५ | १०३१८५ | १०३१८५ | १०३१८५ | १०३१८५ | ५१५९२५ | पालिका/ सङ्घ |
| ८ | मावि तह दरबन्दी र राहत शिक्षक, कर्मचारी तलब भत्ता | जना | १५४०४ | १५४०४ | १५४०४ | १५४०४ | १५४०४ | ७७०२० | पालिका/ सङ्घ |

| क्र. | क्रियाकलाप | ईकाई | भौतिक लक्ष्य पहिले (वर्ष ५) रू.हजारमा | | | | | पहिलो ५ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | आवि सङ्घीय अनुदान शिक्षक तलब भत्ता | जना | २३०७ | २३०७ | २३०७ | २३०७ | २३०७ | ११५३५ | पालिका/ सङ्घ |
| १० | आवि पालिका अनुदान शिक्षक तलब भत्ता | जना | ७३८७ | ७३८७ | ७३८७ | ७३८७ | ७३८७ | ३६९३५ | पालिका |
| ११ | मावि पालिका अनुदान शिक्षक तलब भत्ता | जना | ३७२० | ३७२० | ३७२० | ३७२० | ३७२० | १८६०० | पालिका |
| १२ | मावि सङ्घीय अनुदान शिक्षक तलब भत्ता | जना | २३१२ | २३१२ | २३१२ | २३१२ | २३१२ | ११५६० | पालिका/ सङ्घ |
| १३ | बाल विकास सका र विद्यालय कर्मचारी थप तलब भत्ता | जना | ९७०४ | ९७०४ | ९७०४ | ९७०४ | ९७०४ | ४८५२० | पालिका |
| १४ | बाल विकास सका तलब भत्ता | जना | १३९०८ | १३९०८ | १३९०८ | १३९०८ | १३९०८ | **६९५४०** | पालिका/ सङ्घ |
| | जम्मा | | १५८१९२ | १५८७९२ | १५८२९२ | १५८७९२ | १५८२९२ | ७९२३६० | |

### ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रुपमा लिँदै आधाभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क हुने र अपाङ्गता भएका एवम् आर्थिक रुपले विपन्न नागरिकले कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशीता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वरा नि:शुल्क रुपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ। विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकीकृत समता र नीति, २०७१ कार्यान्वयनबाट वञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालिकबालिकामा शिक्षामा पहुँच र सहभागीता बढेको तथ्याङ्कले देखाएको छ । तापनि पहुँचमा सुधारको लागि सहभागीता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नु पर्ने देखिएको छ । यसै सम्बन्धमा दिगो विकासको लक्ष्य ४ ले समावेशीता, समतालाई विशेष जोड दिए अनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ ।

विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लिखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छ । उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तक सहित नि:शुल्क शिक्षा, आपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवसीय तथा गैर आवसीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । यसै गरी समता तथा समावेशीताका लागि आधारभूत तहमा

मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति, विद्यालय तहमा महिला शिक्षकको नीतिको समावेशी व्यवस्था, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक धार्मिक जातीय संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ । लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठिन भौगोलिक अवस्थामा रहका जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच पर्यायाउनु, सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच पुर्याउन, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रुपले पछि परेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाई राख्नु, विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु, पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गर्नु, विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री बनाउनु जस्ता कार्यहरू अवसर चुनौती दुबै छन् । शैक्षिक समता र समावेशीकरणका दृष्टिले विश्लेषण गर्दा यस गाउँपालिकाका बालबालिकाहरूको अवस्था सकारात्मक नै छ । तर पनि हालसम्म यहाँका विद्यालयहरूमा स्रोतकक्षाको व्यवस्था गर्न सकिएको छैन । त्यसैगरी आर्थिक विपन्नता र अपाङ्गताका कारणले कति बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् यकिन गर्न सकिएको छैन ।

### ४.३.२ उद्देश्य

- जोखिममा रहेका, विपन्न वर्ग, अपाङ्गता भएका, द्वन्द्वबाट प्रभावित, जनजाति, दलित, महिला, र आर्थिक रूपमा कमजोर वर्गलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्नु ।
- समता र समावेशीकरणका सिद्धान्तअनुसार गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासनमा सुधार गर्नु ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धिमा वृद्धि गर्दै शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।
- विद्यालयमा कुनै प्रकारको विभेद, दुर्व्यवहार मुक्त वातावरण सुनिश्चित गर्नु ।

### ४.३.३ रणनीतिहरू

- विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ रहित बालमैत्री वातावरण सिर्जना गर्ने ।
- विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गता मैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गर्ने ।
- अपाङ्गता भएका र अन्य लक्षित समूहका बालबालिकाका लागि समतामूलक कार्यक्रम मार्फत् पहुँचको सुनिश्चितता गर्ने ।
- दिवा खाजा, छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गर्ने ।
- कार्यविधि तयार गरी थप छात्रवृत्ति तथा विद्यार्थी लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- भाषाका कारणले सिकाइमा समस्या भएका वर्ग र कक्षाका लागि बहुभाषिक शिक्षण पद्धतिको अबलम्बन गरी सिकाइमा सुधार गर्ने ।
- चरम आर्थिक कारणले विद्यालयको पहुँच नपुगेका तथा निरन्तरता दिन नसकेका बालबालिकालाई आवश्कताअनुसार झोला, पोशाक तथा  सिकाइ सामग्री उपलब्ध गराउने ।
- आवश्यकताअनुसार केही विद्यालयमा स्रोतकक्षाको व्यवस्था गर्ने ।
- विद्यालयमा बालमैत्रीपन बढाउन बालक्लब गठन गरी क्रियाशील बनाउने ।
- न्युन विद्यार्थी भएका कारण मर्ज तथा कक्षा घटुवा गरेका विकट तथा दर्गम स्थानमा भएका विद्यालय सेवा क्षेत्रका बालवालिकाहरुको लागि गुणस्तरीय शिक्षाका लागि खाना बास सहितको आवासीय विद्यालयको व्यवस्था गराउने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चति भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

नतिजा

- गाउँपालिका भित्रका दलित, जनजाति, अपाङ्गता भएका बालबालिका, द्वन्द्व प्रभावित, सिमान्तकृत बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागीता सुनिश्चित हुनेछ ।
- विद्यालयहरूमा बालमैत्रीपनमा सुधार हुनेछ ।
- विद्यालयहरूमा अपाङ्गता र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने छ ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागीता वृद्धि गरी  गुणस्तर सुधार हुने ।
- विद्यालयमा सबै प्रकारका भेदभाव रहित बालमैत्री अपाङ्गमैत्री र लैङिगक मैत्री शैक्षिक वातावरण सिर्जना हुने ।
- किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने ।
- मातृभाषामा सिकाइको अवसर प्रदान गरिने ।

### ४.३.५ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य ५ वर्ष जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पालिकाको भित्रको अवस्था र आवश्यकता पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागीता | निरन्तर | √ | √ | √ | √ | √ | √ | सा.सि.के. |
| ३ | विपन्न लक्षित छात्रवृत्ति वितरण | निरन्तर | √ | √ | √ | √ | √ | √ | गाउँपालिका |
| ५ | विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक  संरचना निर्माण | सङ्ख्या | ३ | ५ | ८ | ५ | ५ | २६ | संघ/ प्रदेश/ गाउँपालिका |
| ६ | आधारभूत तहमा  मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ | निरन्तर | √ | √ | √ | √ | √ | √ | विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | √ | √ | √ | √ | √ | √ | विद्यालय |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास तालिम | आवश्यकता अनुसार | √ | √ | √ | √ | √ | √ | संघ/प्रदेश/गाउँपालिका |
| ९ | आवासीय विद्यालयको व्यवस्थापन | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | संघ/ प्रदेश/ गाउँपालिका |

**बजेट**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) रू. हजारमा | | | | | भौतिक लक्ष्य ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |

| | | | | | | | जम्मा रू.हजारमा | |
|---|---|---|---|---|---|---|---|---|
| १ | पालिकाको भित्रको अवस्था र आवश्यकता पहिचान | पटक | ० | ० | ० | ० | ० | ० | गाउँपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागीता | निरन्तर | ० | ० | ० | ० | ० | ० | सा.सि.के. |
| ३ | विपन्न लक्षित छात्रवृत्ति वितरण | निरन्तर | ६६८ | ६६८ | ६६८ | ६६८ | ६६८ | ३३४० | पालिका/सङ्घ |
| ५ | विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | सङ्ख्या | १००० | १००० | १२२५ | १००० | १००० | ५२२५ | संघ/प्रदेश/ गाउँपालिका |
| ६ | आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने छ | निरन्तर | ० | ० | ० | ० | ० | ० | विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | ० | ० | ० | ० | ० | ० | विद्यालय |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास तालिम | | ० | ५० | ० | ५० | ० | १०० | संघ/ प्रदेश/ गाउँपालिका |
| ९ | आवासीय विद्यालयको व्यवस्थापन | जना | ० | ६०० | ६०० | ६०० | ६०० | १८०० | संघ/ प्रदेश/ गाउँपालिका |
| | जम्मा रु | | १६६८ | २३१८ | २४९३ | २३१८ | २२६८ | १०४६५ | |

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

#### ४.४.१ वर्तमान अवस्था

गाउँपालिकामा नेपाल सरकारबाट विद्यालय दिवा खाजा कार्यक्रम आ.व. २०७६-७७ मा लागू गरेपछि ८० ओटा सामुदायिक विद्यालयका पूर्व प्राथमिक देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई विद्यालय मार्फत् दिवा खाजा खुवाउने कार्यक्रम शुरु गरिएको थियो । बालबालिकाको भोक न्यूनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागीता, निरन्तरता र सिकाइस्तर अभिवृद्धि गर्ने दीर्घकालीन लक्ष्यका साथ विभिन्न ढाँचाका दिवा खाजा कार्यक्रम आधारभूत तहमा विगत केही दशक देखि कार्यान्वयनमा रहेको छ । "स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ" भन्ने मान्यतालाई आत्मसात् गर्दै नेपाल सरकारले देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बालविकास देखि ५ कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गरी रहेको छ । जसले गर्दा बालविकास शिक्षामा बालबालिकाको उल्लेखनीय सहभागीता भएको थियो तथा समुदायको पनि सक्रिय सहभागीता रहेको थियो । साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्बन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरी स्थानीय स्तरमा उपलब्ध हुने ताजा तथा पौष्टिकयुत्त खानेकुरालाई स्वच्छतापूर्ण तरिकाले व्यवस्थापन गर्ने प्रयास गरिएको छ । आधारभूत तह कक्षा ६-८ तथा माध्यमिक तह कक्षा ९-१२ का किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम विद्यालय मार्फत् एक जना फोकल पर्सन तोकि २ दिनको अनुशिक्षण दिएर सामग्री सहित वितरण गरिएको छ तथा विद्यालयमा नआउने विद्यार्थीको फोलिक एसिड तथा आइरन चक्की नछुटोस् भन्ने अभिप्रायले स्थानीय स्वयम् सेवकलाई उक्त कार्यमा परिचालन गरिएको छ ।

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्नेभएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । यसका लागि विद्यालयमा अधारित स्वास्थ्य तथा पोषण कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु निकै प्रभावकारी तरिका देखिएको छ । विद्यालयमा खाजा कार्यक्रम अन्तर्गत स्थानीय खाजालाई लागू गरिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइमा सुधार गर्नका लागि विभिन्न किसिमका स्वास्थ्य ।शक्षा प्रदान गर्नुका साथै सबै विद्यार्थीहरुको स्वास्थ्य तथा पोषणको अवस्था सुधार गर्ने उद्देश्य तथा रणनीतिअनुरुप वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रुपमा जुकाको औषधि, कशोरीका लागि फोलिक एसिड तथा अइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट हुने गर्दछ । विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक प्रभाव पार्दछ । खास गरी विद्यालय क्षेत्रमा सबै विद्यार्थीहरुका लागि स्वच्छ पिउने पानी र विद्यार्थी सङख्याको आधारमा अलगअलग सफा र सुरक्षित स्थानमा बालमैत्री, अपाङ्गमैत्री, लैङिगक मैत्री, शौचालय हुन आवश्यक छ ।

### ४.४.२ उद्देश्यहरु

- प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गरी व्यवहारमा परिवर्तन गर्नु ।
- अभिभावक तथा अन्य सरोकारवालाहरूको समन्वय तथा सहभागीतामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.३ रणनीतिहरु

योजनाका उद्देश्यहरू हाँसिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः

- शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरिने ।
- बालबालिकाको लागि विद्यालयमा नै स्थानीय स्तरमा उत्पादित सफा, ताजा र पोषिलो खाजा तयार गरी वितरण गरिनेछ ।
- भान्सा तथा भण्डार व्यवस्थापनमा प्रयोग हुने सामग्री आदिको स्वच्छता सम्बन्धी परामर्श तथा बालबालिकामा समूहमा हात धुने बानी विस्तार गरिनेछ ।
- सबै विद्यालयमा समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने ।
- अभिभावक आमा समूह मार्फत् सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।
- सरसफाइका आवश्यक पूर्वाधारहरुको पूर्ण विकास भएको हुने ।
- स्थानीय उत्पादनमा आधारित चक्रीय पोषणयुक्त दिवा खाजाको पूर्ण प्रबन्धको सुनिश्चितता हुने ।
- सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।
- सबै विद्यालयहरुमा विद्यालयमा नै खाजा बनाउन सक्ने पूर्वाधार निर्माण गर्न ।
- विद्यालयमा नै दिवा खाजाको लागि आवश्यक तरकारी उत्पादन गर्न प्रोत्साहन गर्ने

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ,
- मनोसामाजिक सुधार साथै स्वच्छ पिउने पानी तथा सरसफाइ प्रति सचेत भएको हुने ।

नतिजाहरु

- खाजा व्यवस्थापन समिति सकृय भई नियमित रुपमा मध्यान्हमा विद्यार्थीहरूले खाजा खाएको हुनेछ ।
- आधारभूत तहसम्मका बालबालिकाले स्थानीय उत्पादनमा आधारित स्वस्थकर र पौष्टिक खाजा खाने व्यवस्था हुनेछ ।
- विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था, बालबालिकाहरूको आवधिक रूपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, भिटामिन ए र आइरन चक्की, जुकाको औषधि तथा सुक्ष्म पोषण तत्वको व्यवस्था, किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था हुनेछ ।
- सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकर्मी परिचालन भएको हुने ।
- सबै विद्यालयमा User Manual सहितको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने ।
- स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने ।
- प्रत्येक विद्यालयहरुमा सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने ।
- स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजाको पूर्ण प्रबन्धको सुनिश्चितता हुने ।

### ४.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (५ वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय स्तरका मौसमी उत्पादनहरूको पहिचान तथा साप्ताहिक स्थानीय रेसिपी तयार | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | पालिका, विद्यालय |
| २ | विद्यार्थीहरू र अभिभावकहरूलाई पोषण र स्वस्थ खाजा सम्बन्धी शिक्षा | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | पालिका, विद्यालय, संघसंस्था |
| ३ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | १ | १ | १ | १ | १ | ५ | पालिका, विद्यालय |
| ४ | एक विद्यालय एक किचन गार्डन स्थापना | निरन्तर | ६ | ९ | १० | १२ | १३ | ५० | पालिका, विद्यालय, संघसंस्था |
| ५ | खाजा व्यवस्थापन समिति गठन तथा अभिमुखीकरण | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका, विद्यालय |
| ६ | विद्यालायमा हात धुनका लागि पानी र साबुनको व्यवस्था | निरन्तर | √ | √ | √ | √ | √ | √ | पालिका, विद्यालय |
| ७ | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छता सम्बन्धी शिक्षा | निरन्तर | √ | √ | √ | √ | √ | √ | विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय नर्स परिचालन | जना | ५ | ५ | ५ | ५ | ५ | | विद्यालय/ प्रदेश |

**बजेट**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य ५ वर्ष रू. हजारमा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |
| १ | स्थानीय कृषि सहकारी, किसान तथा अन्य स्रोतहरूसँग साझेदारी | पटक | ० | ० | ० | ० | ० | ० | पालिका, विद्यालय |
| २ | विद्यार्थीहरू र अभिभावकहरूलाई पोषण र स्वस्थ खाजा सम्बन्धी शिक्षा | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | पालिका, विद्यालय, संघसंस्था |
| ३ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | ० | ० | ० | ० | ० | ० | पालिका, विद्यालय |
| ४ | एक विद्यालय एक किचन गार्डन स्थापना | निरन्तर | २० | ४५ | ७५ | १११ | १५० | ४०१ | पालिका, विद्यालय, संघसंस्था |
| ५ | खाजा व्यवस्थापन समिति गठन तथा अभिमुखीकरण | निरन्तर | ० | ० | ० | ० | ० | ० | पालिका, विद्यालय |
| ६ | विद्यालायमा हात धुनका लागि पानी र साबुनको व्यवस्था | निरन्तर | ० | ५० | ५० | ५० | ५० | २०० | पालिका, विद्यालय |
| ७ | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छता सम्बन्धी शिक्षा | निरन्तर | ० | ० | ० | ० | ० | ० | विद्यालय |
| ८ | विद्यालय नर्स परिचालन | जना | २००४ | २००४ | २००४ | २००४ | २००४ | १००२० | पालिका/प्रदेश |
| | जम्मा रु | | २०२४ | २०९९ | २१२९ | २१६५ | २२०४ | १०६२१ | |

## ४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहीनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा सहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले सुरक्षित सिकाइ वातावरणको लागि भौतिक र मानवीय प्रतिक्रिया व्यवस्थापन र कार्यान्वयन मापदण्डहरूको विकास गर्न आह्वान गर्दछ । विद्यालय सुधार योजनामा विपद् तयारी, प्रतिक्रिया र विपद् जोखिम घटाउने र पुनर्लाभका कार्यक्रमहरू समावेश गर्ने प्रावधानहरु समेटिएका छन् । सरोकारवालाहरूलाई विपद् व्यवस्थापनको सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गरेर

विद्यालयहरूलाई बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसामुक्त र भयमुक्त सिकाइ केन्द्रका रूपमा विकास गर्नु पर्ने विषयलाई उठान गरिएको छ । शान्ति क्षेत्रको रूपमा विद्यालयहरूको राष्ट्रिय रूपरेखा र यसको परिचालन दिशानिर्देशहरू, २०६८ को उद्देश्य विद्यालयहरूलाई दलीय राजनीति र अन्य हस्तक्षेप, भेदभाव, दुर्व्यवहार, उपेक्षा र शोषण, सशस्त्र गतिविधि र हिंसाका अन्य प्रकारका प्रभावहरूबाट मुक्त राखेर सिकाइ निरन्तरता सुनिश्चित गर्ने उद्देश्यले राखिएको छ। बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ अन्तर्गत सुरक्षित विद्यालयको न्यूनतम मापदण्डले शिक्षा क्षेत्रहरूमा प्राकृतिक प्रकोपको प्रभावलाई केन्द्रित गरी विद्यालय सुरक्षाका तीनवटा स्तम्भहरूमा न्यूनतम मापदण्डहरू जोड दिएको छ, अर्थात् सुरक्षित सिकाइ सुविधा, विद्यालय विपद् जोखिम व्यवस्थापनको सुदृढीकरण र सरोकारवाला एवम् समुदायका लागि प्रकोप जोखिम न्यूनीकरण र लचिलोपन शिक्षा र तिनीहरूको विद्यालय-आधारित कार्यान्वयनको परिकल्पना गर्दछ । बृहत् विद्यालय सुरक्षा गुरुयोजना, २०१७ र वृहत् विद्यालय सुरक्षा योजना न्यूनतम प्याकेज, २०१८ ले विद्यालय सुरक्षाको न्यूनतम मापदण्डहरू कार्यान्वयन गर्न दिशानिर्देशहरू प्रदान गरेको छ, उक्त प्याकेजले शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र चोटबाट जोगाउन, प्रकोप पछि विद्यालय शिक्षालाई निरन्तरता दिन, शिक्षामा आवश्यक कोष सुरक्षित गर्न र विपद् जोखिम न्यूनीकरण शिक्षाको माध्यमबाट विपद् जोखिम कम गर्न र पुनर्लाभको विकास गर्न जस्ता विभिन्न क्रियाकलापहरुमा जोड दिएको छ। यसले शिक्षा क्षेत्रमा प्राकृतिक प्रकोपको प्रभाव व्यवस्थापनको लागि आधार प्रदान गर्दछ। SDG 4 राष्ट्रिय रूपरेखाले 2030 को लागि नीतिहरूको समीक्षा र परिमार्जन गरेर अनुकुल सिकाइ वातावरण सिर्जना गर्न विद्यालयहरूलाई सुरक्षित राख्न र विपद् व्यवस्थापन गर्न धेरै उपायहरूको लागि आह्वान गरेको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्ड र अनुसन्धानमा आधारित प्रवर्द्धनात्मक कार्यक्रमहरूको विकास र कार्यान्वयन, विद्यालय शिक्षाको लागि आन्तरिक र बाह्य वातावरणको लागि न्यूनतम मापदण्डहरू विकास गर्दै र अन्तर्राष्ट्रिय मानवीय कानुन अनुसार अधिकारमा आधारित लैङ्गिक-संवेदनशील, सुरक्षा सरोकार, बालमैत्री र हिंसामुक्त विद्यालयहरूलाई प्रवर्द्धन गर्ने विषयलाई जोड दिएको छ। पन्ध्रौँ योजनामा प्राकृतिक प्रकोप व्यवस्थापन र पुनर्लाभका लागि क्षमताहरू विकास गर्न क्रस-कटिङ मुद्दाहरूलाई जोड दिएको छ।

कोभिड-१९ को महामारीले शिक्षा क्षेत्रमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न विगत दुई वर्ष देखि विभिन्न गतिविधिहरू सञ्चालन भइरहेका छन् । विश्वव्यापी महामारीले नेपालको समाज र अर्थतन्त्रमा नराम्रो असर पारेको छ । सरकारले शिक्षा क्षेत्रलाई महामारीबाट जोगाउन गत चैत १७ गते शिक्षण सिकाइलगायत सबै शैक्षिक संस्था र शिक्षासँग सम्बन्धित सबै परीक्षा तथा कार्यक्रम स्थगित गरेको थियो। करिब ४०,००० शैक्षिक संस्था र ECED/PPE देखि उच्च माध्यमिक तहसम्म ८.७ मिलियन विद्यार्थीहरू प्रभावित भएका छन्।

नीतिगत र विभिन्न कार्यक्रमको प्रयासद्वारा वैकल्पिक माध्यमबाट सिकाएर विद्यार्थीको सिकाइमा कोभिड–१९ को प्रभावलाई कम गर्ने प्रयासहरू भइरहेका छन्। कोभिड-१९ को प्रभावलाई न्यूनीकरण गरी शिक्षण सिकाइलाई निरन्तरता दिन सन् २०२० मा शिक्षा क्षेत्रको आकस्मिक योजना तयार गरिएको थियो। उक्त समयमा निम्न कार्यविधि तथा निर्देशिका मार्फत् आवश्यक कदमहरु अगाडि बढाईएको थियो। विद्यार्थी सिकाइ सहजीकरण (BS 2077) मा 2020 दिशानिर्देशहरू, स्कूल शिक्षा सम्बन्धी कार्यको सन् 2020 को आपत्कालीन योजना, (BS 2077), 2020 स्कूल पुन: खोल्ने ढाँचा, (BS 2077), 2020/21 पठन सामग्री एकीकरण ढाँचा, (BS 2077) र 2020/21 माध्यमिक शिक्षा परीक्षा (SEE) नतिजा प्रकाशन र प्रमाणीकरण प्रक्रिया र दिशानिर्देशहरू (BS 2077)। जनवरी 2020 मा विद्यालय पुन: खोलेको तीन महिना पछि अप्रिल 2021 मा COVID को दोस्रो लहरले शैक्षिक संस्थाहरू थप बन्द हुन गइ फेरि व्यक्तिगत शिक्षामा बाधा पुगेको थियो।

विद्यालय शिक्षामा कोभिड-१९ प्रेरित चुनौतीहरूमध्ये बालबालिकाको सिकाइमा हुने हानिलाई न्यूनीकरण गर्नु, शिक्षकहरूको प्रेरणा र समर्पण कायम राख्न, विभिन्न स्थानहरू र विभिन्न समूहहरूका लागि उपयुक्त सिकाइका वैकल्पिक मोडहरू प्रयोग गरी सिकाइलाई निरन्तरता दिने र सबै तहमा विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने क्षमता विकास गर्नु हो (UNICEF, 2021) । यसका लागि कोभिड-१९ बाट शिक्षा क्षेत्रमा परेको प्रभाव र त्यसबाट सिकाइमा परेको नोक्सानीको मूल्याङ्कन गरी कोभिड-१९ बाट हुने शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न र पठनपाठनलाई निरन्तरता दिन रिकभरी योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ । त्यसैगरी, शिक्षा प्रणालीलाई भविष्यमा आउने यस्तै महामारी सँग जुध्न resilience बनाउन दीर्घकालीन विकास आवश्यक छ । यसका लागि सूचना प्रविधि वा अन्य सिकाइ प्रणालीको उपलब्धता र प्रयोगलाई विस्तार गर्नुपर्छ । प्रत्येक विद्यालयले नोक्सानको मूल्याङ्कन गरी त्यसको आधारमा योजना तयार गरी कोभिड-१९ बाट भएको नोक्सानीलाई न्यूनीकरण गर्नका लागि कार्यान्वयन गर्नुपर्छ । यसबाहेक, प्रत्येक विद्यार्थीको सिकाइको अवस्थाको आधारमा सबै वा कक्षाका निश्चित विद्यार्थीहरूको लागि विशेष वा अतिरिक्त सिकाइको व्यवस्थापन गरिनुपर्छ । कक्षाका सबै वा केही विद्यार्थीहरूले COVID महामारीको अवधिमा सिक्ने अवसरहरू नपाएको हुन सक्छ । केही अवसरहरूको बाबजुद उनीहरूले धेरै आधारभूत अवधारणाहरू पूर्ण रूपमा बुझेका छैनन् वा आधारभूत सिपहरू हाँसिल गरेका छैनन् वा विशेष विषयहरूमा कठिनाइहरूको सामना गरी रहेको हुन सक्छ । यस्तो अवस्थामा अतिरिक्त वा पूरक कक्षाहरू सञ्चालन गर्नुपर्ने हुन सक्छ वा विद्यार्थीहरूको विभिन्न समूहहरू गठन गरी कक्षा सञ्चालन गर्नुपर्ने हुन सक्छ । अतिरिक्त वा पूरक अध्ययन सामग्री व्यवस्थित द्रुत शिक्षा र कार्यपत्रहरू व्यवस्थित अतिरिक्त अभ्यास वा असाइनमेन्ट वा अन्य आवश्यक सिकाइ योजना विकास गरी व्यवहारमा ल्याउनु पर्ने हुन सक्छ ।

यस पालिकामा पनि विभिन्न समयमा विपद् तथा सङ्कट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद् तथा सङ्कटको घडीमा पनि वीचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरिंदै आएको छ । जस्तै कोभिडका कारणबाट अस्तव्यस्त भएको शैक्षिक सत्र, २०७७ लाई विद्यालय व्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविदितै छ । यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणाली मार्फत् विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो । विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ । विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स. ले पनि विपद् प्रति सचेतना जगाउँदै आएका छन् । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद् जोखिम न्यूनीकरणका विषय वस्तु समावेश गरिएको छ ।

जलवायु परिवर्तनले बाढी, पहिरो, खडेरी, अल्पवृष्टि, अनावृष्टि जस्ता प्रकोपहरुले शिक्षा क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको छ । विश्वभर झण्डै एक अरब बालबालिका जलवायु परिवर्तनका अत्याधिक जोखिममा  रहेका छन् । विपद्को बेला विद्यालयहरु आश्रय स्थलको रुपमा प्रयोग हुँदा पठनपाठनमा बाधा पुग्छ । विद्यालयमा वालिकाको नियमित उपस्थितिमा गिरावट, सिकाइ उपलब्धिमा ह्रास तथा विद्यालय छोड्ने बालबालिकाको सङ्ख्यामा वृद्धि जस्ता असरहरु देखा परेका छन् ।

### ४.५.२ उद्देश्यहरू

- सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।

- सूचना तथा सञ्चार प्रविधिको विकास गर्ने ।
- स्थानीय तथा विद्यालय स्तरका विद्यालय शिक्षामा विपद् जोखिम व्यवस्थापनलाई संस्थागत र मुलप्रवाहीकरण गर्ने
- बृहत् सुरक्षित विद्यालय र विपद् जोखिम न्यूनीकरणलाई विद्यालयको पाठ्यक्रम तथा शिक्षकको पेसागत विकासमा एकीकृत गरी यसलाई विद्यार्थी, शिक्षक, वि.व्य.स. तथा समुदायमा प्रवाह गर्ने
- जलवायु, उर्जा र वातवरण सम्बन्धी सचेतना अभिवृद्धि गर्ने ।

### ४.५.३ रणनीतिहरू

- स्थानीय सरकारले सङ्कटको पहिचान मूल्याङ्कन का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत् योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने छन् ।
- विपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिनेछ छ ।
- विद्यार्थी, शिक्षक, अभिभावकलाई प्रकोप रोकथाम र पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ ।
- विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ ।
- विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवाला लाई जिम्मेवार बनाइनेछ ।
- वृहत् विद्यालय सुरक्षा योजनालाई कार्यान्वयनमा ल्याइनेछ ।
- हरित विद्यालय अभियान जलवायु परिवर्तन, उर्जा र वातावरण शिक्षा तथा दिगो विकासका लागि शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने ।
- जलवायु, उर्जा र वातवरण सम्बन्धी सचेतना अभिवृद्धि भएको हुनेछ ।

नतिजा

- विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने ।
- स्रोतको व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने ।
- महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने ।

### ४.५.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य २०८५ जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विपद् सम्बन्धी नीति, मार्गदर्शन तथा कार्यविधि तयार तथा अध्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| २ | स्थानीय पाठ्यक्रममा विपद्व्यवस्थापन सम्बन्धी विषयवस्तु समावेश | पटक | १ | ० | ० | ० | ० | १ | पालिका |
| ३ | विपद् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | उपायहरूको बारेमा जानकारी तथा अभ्यास | | | | | | | | |
| ४ | विपद् व्यवस्थापन सम्बन्धी प्रतिकार्य योजना तयार | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ५ | विभिन्न निकायहरू समन्वय र जिम्मेवारीका लागि संयन्त्र तयार | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ६ | विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | निरन्तर | निरन्तर | | | | | | |
| ७ | भर्चुअल शिक्षण सिकाइ सम्बन्धी शिक्षकको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ८ | विद्यालय लामो सम्म बन्द हुने अवस्थामा गृह विद्यालय अवधारणा कार्यान्वयन | आवश्यकता अनुसार | | | | | | | विद्यालय, पालिका |
| ९ | स्थानीय पाठ्यक्रममा जलवायु उर्जा तथा वातावरण परिवर्तनबाट हुन सक्ने सम्भावित क्षति लाई अल्पीकरण तथा अनुकुलन सम्बन्धी विषय वस्तुलाई समावेश गर्ने | सुरूवात गरिएका | | | | | | | विद्यालय, पालिका |
| १० | स्थानीय स्तरमा जलवायु परिवर्तनको असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | विद्यालय, पालिका |
| ११ | प्लास्टिकजन्य फोहरमैला व्यवस्थापन | निरन्तर | | | | | | | विद्यालय, पालिका |

## बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य २०८५ जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |
| १ | विपद् सम्बन्धी नीति, मार्गदर्शन तथा कार्यविधि तयार | पटक | ० | ० | ० | ० | ० | ० | पालिका, विद्यालय |
| २ | स्थानीय पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषयवस्तु समावेस | पटक | ० | ० | ० | ० | ० | ० | पालिका, विद्यालय |
| ३ | विपद् सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा अभ्यास | पटक | ० | ० | ० | ० | ० | ० | पालिका, विद्यालय |
| ४ | विपद् व्यवस्थापन सम्बन्धी प्रतिकार्य योजना तयार | पटक | ० | ० | ० | ० | ० | ० | पालिका, विद्यालय |
| ५ | विभिन्न निकायहरू समन्वय र जिम्मेवारीका लागि संयन्त्र तयार | पटक | ० | ० | ० | ० | ० | ० | पालिका, विद्यालय |
| ६ | विपद्का समयमा सिकाइ निरन्तरताका लागि | निरन्तर | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | पालिका/सङ्घ |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | | | | | | | | |
| ७ | भर्चुअल शिक्षण सिकाइ सम्बन्धी शिक्षकको क्षमता विकास | पटक | ० | २५० | ० | ० | ० | २५० | पालिका/सङ्घ |
| ८ | विद्यालय लामो समयसम्म बन्द हुने अवस्थामा गृह विद्यालय अवधारणा कार्यान्वयन | आवश्यकता अनुसार | ० | ० | ० | ० | ० | ० | विद्यालय |
| ९ | स्थानीय पाठ्यक्रममा जलवायु उर्जा तथा वातावरण परिवर्तनबाट हुन सक्ने सम्भावित क्षति लाई अल्पीकरण तथा अनुकुलन सम्बन्धी विषय वस्तुलाई समावेश गर्ने | निरन्तर | ० | ० | ० | ० | ० | ० | विद्यालय |
| १० | स्थानीय स्तरमा जलवायु परिवर्तनको असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन | निरन्तर | ० | ० | ० | ० | ० | ० | विद्यालय |
| ११ | प्लास्टिकजन्य फोहरमैला व्यवस्थापन | निरन्तर | ० | ० | ० | ० | ० | ० | विद्यालय |
| | जम्मा रु | | | | | | | | |

## ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

शिक्षा, युवा तथा खेलकुद शाखा, बागमती गाउँपालिकाको २०८० को तथ्याङ्क अनुसार यस गाउँपालिकामा जम्मा ५० सामुदायिक र १ संस्थागत गरी ५१ वटा विद्यालयहरु रहेका छन्। यस गाउँपालिकामा सञ्चालित शिक्षण संस्था आ.वि. १ देखि ५ जम्मा ३४ विद्यालय आ. वि. १ देखि ८ कुल ११ विद्यालय मा. वि. १ देखि १० जम्मा २ विद्यालय आ. वि. १ देखि १२ जम्मा ३ विद्यालय र सामुदायिक बालविकास केन्द्र ५६ वटा रहेका छन्। अधिकांश विद्यालयमा भौतिक संरचरनाहरु पर्याप्त छैनन्। विद्यालयको भौतिक पक्षसँग सम्बन्धित विवरणमा हेर्दा प्रयोगमा आएको पक्की भवन सङ्ख्या कम रहेको छ। फलामको ब्लक प्रयोगमा आएका कच्ची भवन प्रयोगमा आएका शौचालय आदिको सङ्ख्या धैरै रहेका छन् । छात्रा शौचालय, खानेपानीको व्यवस्था, विद्यालयमा घेराबार आदि अवस्था पर्याप्त हुन सकेको छैन । बालबालिकाहरुलाई सावुन पानीले हात धुने व्यवस्था, प्राथमिक उपचार व्यवस्था आदिमा ध्यान पुर्याउनु पर्ने अवस्था रहेको छ।

यस गाउँपालिकाको उच्च शिक्षा लाई बढावा दिने तवरले ३ वटा विद्यालयमा (१०+२) शिक्षाको कक्षा सञ्चालन गरी उच्च शिक्षाको जग बसाउने कार्यमा बढावा भएको छ । जनता मा.वि.मा कृषि जेटीए (एसइइ पछिको १८ महिने) र देवकी मा.वि.मा (१०+२) कम्प्युटर इन्जिनियरिड विषयको पढाइ सञ्चालनमा रहेको छ। जसलाई अझ व्यवस्थित गर्नका लागि संरचना तथा व्यवहारिक अभ्यास गनु आवश्यक रहेको छ।

### ४.६.२ उद्देश्य

- पूर्वाधार विकासमा नीतिगत व्यावस्था अनुरुपको सुरक्षित जोखिमरहित, मापदण्ड अनुसारका संरचना सहित पूर्वाधार विकास गर्ने।

- शिक्षण सिकाइ क्रियाकलाप अनुकुल हुने गरी बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री आधारभूत सुविधा सहितको पूर्वाधार विकास गर्ने ।

### ४.६.३ रणनीतिहरू

- पूर्वाधार विकासमा गुरुयोजना र मापदण्ड तयार गरी कार्यान्वयन गर्ने ।
- विद्यालयमा प्राथमिक उपचार सहितको पूर्वाधार तयार गर्ने ।
- पूर्वाधार निर्माण गर्न आवश्यक स्रोत साधनको व्यावस्थापन गर्न सम्बन्धित निकाय वा संघसस्थाहरुसँग साझेदारी गर्ने ।
- भौतिक पूर्वाधार जोखिमको मूल्याङ्कन गरी जोखिमयुक्तलाई हटाउने तथा मर्मत सम्भार गर्ने ।
- विद्यालयका सुधार गर्न आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।
- सुरक्षित मापदण्ड अनुसारका ICT संरचना अनुसार स्मार्ट कक्षाकोठा निर्माण ध्यान दिइनेछ ।
- प्रत्येक विद्यालयमा बाल उद्यान निर्माण गर्ने ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- जेखिमरहित सुरक्षित र न्यूनतम सुविधा सम्पन्न भौतिक पूर्वाधारको निर्माण गरी प्रभावकारी सिकाइ क्रियाकलापको वातावरण तयार हुने ।

नतिजा

- जेखिम रहित तथा न्यूनतम सुविधायुक्त भौतिक पूर्वाधार विकासका लागि १० वर्षे गुरुयोजना र मापदण्ड तयार हुने ।
- सबै विद्यालयमा आवश्यक भौतक पूर्वाधार निर्माण भएको हुने ।
- विद्यालयमा बालमैत्री लैङगिक तथा अपाङगमैत्री सहितको भौतिक पूर्वाधार विकास हुने ।
- विद्यालयमा रहेको भौतिक सम्पतिको प्रयोगमा कार्यविधि मापदण्ड र प्रभावकारिताको सूचक तयार गर्ने ।
- सबै विद्यालयमा गणित, विज्ञानको प्रयोगशाला कम्प्युटर ल्याब पुस्तकालय, अध्ययन कक्षा, चमेना गृह बालउद्यान स्वच्छ खानेपानी उपलब्ध हुने ।
- भौतिक पूर्वाधार विकासमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित निकाय, संघसंस्था, अभिभावक आदिमा सहकार्य हुने ।

### ४.६.५ क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८५ | | | | | भौतिक लक्ष्य (५ वर्ष) २०८५ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | भौतिक पूर्वाधार विकासको १० वर्षे गुरुयोजना तथा मापदण्ड तयार गर्ने । | पटक | ० | १ | ० | ० | ० | १ | गाउँपालिका |
| २ | विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | सङ्ख्या | ३ | ५ | ८ | ५ | ५ | २६ | गाउँपालिका |
| ३ | बालउद्यान निर्माण गर्ने | निरन्तर | १२ | ३ | ३ | ३ | ३ | २४ | संघ/प्रदेश/ |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८५ | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | गाउँपालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | आवश्यकताअनुसार | | | | | | | गाउँपालिका |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | सङ्ख्या | ८ | ४ | ४ | ४ | ३ | २३ | गाउँपालिका |
| ७ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, प्रतिशत स्थानीय तह सुधारको क्रियकलाप अनुसार | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

**बजेट**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८५ रू.हजारमा | | | | | भौतिक लक्ष्य (५ वर्ष) २०८५ रू.हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |
| १ | भौतिक पूर्वाधार विकासको १० वर्षे गुरुयोजना तथा मापदण्ड तयार गर्ने। | पटक | ० | ० | ० | ० | ० | ० | गाउँपालिका |
| २ | विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिक मैत्री भौतिक संरचना निर्माण | सङ्ख्या | १००० | १००० | १२२५ | १००० | १००० | ५२२५ | गाउँपालिका |
| ३ | बालउद्यान निर्माण गर्ने | निरन्तर | ४० | २०० | २०० | २०० | २०० | ८४० | गाउँपालिका/ संघसंस्था |
| ४ | विद्यालयको मर्मत सम्भार | आवश्यक | २०० | २०० | २०० | २०० | २०० | १०००० | गाउँपालिका |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | सङ्ख्या | १२२५ | १००० | १००० | १००० | १००० | ५२२५ | पालिका/प्रदेश/ सङ्घ |
| ६ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, प्रतिशत स्थानीय तह सुधारको क्रियकलाप अनुसार | पटक | ७७५ | ५०० | ५०० | ५०० | ५०० | २७७५ | पालिका/प्रदेश/ सङ्घ |
| | **जम्मा रु** | | ३२४० | २९०० | ३१२५ | २९०० | २९०० | २४०६५ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

यस गाउँपालिका प्रविधिमैत्री बनाउन पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। गाउँपालिकाका ५० विद्यालयहरु रहेकामा सबै विद्यालयहरूमा इन्टरनेटको व्यवस्था राम्रो पुर्याउन सकिएको छैन। विद्यालयको शिक्षण सिकाइमा ICT को सान्दर्भिक प्रयोग गरी ICT लाई वैकल्पिक माध्यमको विस्तार हुनका साथै शैक्षिक सूचनालाई व्यवस्थित गर्दै सुशासन हुने र विद्यार्थी अभिभावक समेत साधारण डिजिटल साक्षर आजको आवश्यकता पूरा गर्नु रहेको छ। हाल पूरानै पद्धतिवाट अध्यापन गराइरहेको छ। सबै विद्यालयमा स्मार्ट कक्षा निमार्ण गरी अन्तरक्रिया डिजिटल सामग्री स्थापना गर्दै गणित, विज्ञान प्रयोगशालामा अनिवार्य सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु तथा अन्य विषयको लागि आवश्यकता अनुरुप गर्नुपर्ने अवस्था रहेको छ। कोभिड-१९ जस्ता महामारीमा शिक्षा शाखाको मातहतमा रही लिडर विद्यालयको शिक्षकहरुले पालिका स्तरीय शैक्षिक सामग्री निर्माण, प्रसार र वितरण गर्ने र अन्य विद्यालयले विद्यार्थीलाई सहजीकरण गरिएको भएता पनि आगामी दिनमा हुन सक्ने जोखिमलाई जुध्न सक्ने प्रविधिको प्रयोग गर्नु आवश्यक रहेको छ।

### ४.७.२ उद्देश्यहरु

सूचना तथा प्रविधिको प्रयोगमा बढवा दिदैँ education e-portal center, Digital Lab/e-Library को माध्यमबाट शिक्षालाई गुणस्तरीय समतापूर्ण, सबैको पहँचमा पुर्याउने सुशासनयुक्त शैक्षिक प्रशासन स्थापना र शैक्षिक सूचनालाई प्रभावकारी व्यवस्थापन बनाउनु।

### ४.७.३ रणनीतिहरु

- पालिका तथा विद्यालय स्तरीय दुवैले नीति तथा दश वर्षे गुरुयोजना तयार गरी कार्यान्वयन  गर्ने
- पालिका स्तरीय education e-portal center निमार्ण गर्ने।
- ICT का आधारभूत संरचना निमार्ण गर्न तिन ओटै सरकार र सम्बन्धित संघसंस्थासँग सहकार्य गरी स्रोत साधनको व्यवस्था गरिने छ।
- विद्यालयको एकीकृत लेखापालन सफ्टवेयर सम्बन्धी तालिम सञ्चालन गर्ने।
- कोभिड-१९ जस्ता महामारीमा शिक्षा शाखाको मातहतमा रही लिडर विद्यालयको शिक्षकहरुले पालिका स्तरीय शैक्षिक सामग्री निमार्ण, प्रसार र वितरण गर्ने र अन्य विद्यालयले विद्यार्थीलाई सहजीकरण गरिने छ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको प्रभावकारिता र उपलब्धताको निरन्तर अनुगमन तथा मूल्याङ्कन  गरिने छ।
- सबै विद्यालयमा बायोमेट्रिक हाजिरीको विकास गरिने छ।
- सबै विद्यालयमा स्मार्ट कक्षा निमार्ण गरी अन्तरक्रिया डिजिटल सामग्री स्थापना गर्दै गणित, विज्ञान प्रयोगशालामा अनिवार्य सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने र अन्य विषयको लागि आवश्यकता अनुरुप प्रयोग गर्ने।
- प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको आधारभूत पूर्वाधारहरु निमार्ण गरी न्यूनतम सामग्री समेत वितरण गरिनेछ।

### ४.७.४ **प्रमुख उपलब्धि तथा नतिजा**

उपलब्धि

- विद्यालयको शिक्षण सिकाइमा ICT को सान्दर्भिक प्रयोग गरी ICT लाई वैकल्पिक माध्यमको विस्तार हुनका साथै शैक्षिक सूचनालाई व्यवस्थित गर्दै सुशासन हुने र विद्यार्थी अभिभावक समेत साधारण डिजिटल साक्षरता हुने।

नतिजा

- पालिका र विद्यालयस्तरमा सूचना तथा सञ्चार प्रविधि को प्रयोग सम्बन्धी नीति तथा गुरुयोजना निमार्ण भएका हुने ।
- पालिका स्तरीय education e-portal center मार्फत् शैक्षिक सामग्री निमार्ण वितरण र प्रसार गरिएको हुने ।
- लिडर  विद्यालयमा सूचना तथा सञ्चार प्रविधि सिकाइ केन्द्र स्थापना भएको हुने ।
- विद्यालयको लेखापालन र कम्प्युटर विषयको शिक्षण गर्ने शिक्षकलाई तालिम प्राप्त भएको हुने ।
- प्रत्येक विद्यालयमा  प्रविधिको पूर्वाधारसहित न्यूनतम सामग्री सम्पन्न हुने र त्यसको माध्यमबाट सिकाइ क्रियाकलाप भएको हुने ।
- प्रत्येक विद्यालयमा आधुनिक सु-सम्पन्न गणित, विज्ञान, कम्प्युटर प्रयोगशालाहरु निमार्ण भएको हुने ।

### ४.७.५ प्रमुख क्रियाकलापहरु परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सूचना तथा सञ्चार प्रविधि प्रयोग सम्बन्धी पालिका तथा विद्यालय स्तरीय नीति तथा गुरुयोजना निमार्ण | सङ्ख्या | ० | १ | ० | ० | ० | १ | पालिका |
| २ | पालिका स्तरीय education e-portal center निमार्ण | सङ्ख्या | ० | १ | ० | ० | ० | १ | पालिका |
| ३ | विद्यालयमा सिकाइ केन्द्र स्थापना (लिडर विद्यालयमा) | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ४ | विद्यालयको एकीकृत लेखापालन सफ्टवेयर उपलब्ध गराएर तालिम सञ्चालन | सङ्ख्या | ० | १ | ० | १ | ० | २ | पालिका |
| ५ | शिक्षक विद्यार्थी र अभिभावकलाई साधारण साक्षरता बनाउने अभिमुखीकरणा कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | पालिका |
| ६ | सबै विद्यालयमा उच्च गतिको इन्टरनेट जडान | निरन्तर | ३५ | ३ | ३ | ५ | ४ | ५० | पालिका र संघ |

### बजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) रू. हजारमा | | | | | भौतिक लक्ष्य जम्मा रू.हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | | |
| १ | सूचना तथा सञ्चार प्रविधि प्रयोग सम्बन्धी पालिका तथा विद्यालय स्तरीय नीति तथा गुरुयोजना निमार्ण | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | पालिका |
| २ | पालिका स्तरीय education e-portal center निमार्ण | सङ्ख्या | ० | १०० | ० | ० | ० | १०० | पालिका |
| ३ | विद्यालयमा सिकाइ केन्द्र स्थापना (लिडर विद्यालयमा) | सङ्ख्या | | | | | | | पालिका |
| ४ | विद्यालयको एकीकृत लेखापालन सफ्टवेयर उपलब्ध गराएर तालिम सञ्चालन | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | शिक्षक विद्यार्थी र अभिभावकलाई साधारण साक्षरता बनाउने अभिमुखीकरण कार्यक्रम | पटक | ० | २०० | २०० | २०० | २०० | ८०० | पालिका |
| ६ | सबै विद्यालयमा उच्च गतिको इन्टरनेट जडान | निरन्तर | ५२५ | ६०० | ६०० | ६४५ | ६८० | ३०५० | पालिका र सङ्घ |
| | **जम्मा रु** | | **५७५** | **९५०** | **८५०** | **८९५** | **९३०** | **४२००** | |

## परिच्छेद पाँचः अन्य उपक्षेत्र

विद्यालय शिक्षाका विभिन्न उपक्षेत्र तथा अन्तर सम्बन्धित विषय क्षेत्र बाहेक अन्य विषयलाई हेर्दा विभिन्न विषयहरु हुन सक्छन् जसमध्ये विद्यालय व्यवस्थापनका विषयलाई यहाँ समेटिएको छ।

### ५.१ विद्यालय व्यवस्थापन

### ५.१.१ वर्तमान अवस्था

बागमती गाउँपालिकामा स्थानीय सरकार मातहतमा शैक्षिक प्रशासन तथा व्यवस्थापनका लागि शिक्षा युवा तथा खेलकुद शाखा कार्यरत रहेको छ। विद्यमान कानुनी प्रावधान अनुसार विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गरी परिचालन गरिएको छ। विद्यालय व्यवस्थापन समितिको सक्रियतामा विद्यालयमा योजना निर्माण भई शैक्षिक कार्यक्रम कार्यान्वयनमा हुँदै आएका छन् । विद्यालयको भौतिक, आर्थिक, शैक्षिक प्रशासनिक एवम् व्यवस्थापकीय कार्यका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सघलाई जिम्मेवार बनाइएको छ। शैक्षिक कार्यक्रमको अनुगमन, विद्यालय एवम् शिक्षण संस्थाहरूको सुपरीवेक्षण जस्ता नियमन कार्य नियमित रूपमा हुन सकेको अवस्था छैन । विद्यालयको व्यवस्थापनलाई अझ बढी प्रभावकारी बनाइ गाउँपालिका क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा सुधार गर्नु पर्ने अवस्था विद्यमान रहेको छ। विद्यमान कानुनमा भएका व्यवस्थाहरुलाई अवलम्बन गर्दै स्थानीयस्तरमा भएका श्रोत साधनको यथोचित प्रयोग र परिचालन गर्दै विद्यालयको व्यवस्थापन पक्षलाई बलियो र दीगो बनाउनका लागि विभिन्न समयमा विभिन्न विद्यालयहरुसँग सम्बन्धित गतिविधिहरु सञ्चालन पनि गर्दै आइरहेको छ।

### ५.१.२ उद्देश्य

- विद्यालयमा शैक्षिक सुशासनको वातावरण सिर्जना गर्नु।
- विद्यालय व्यवस्थापन समितिलको सक्षमता अभिवृद्धि गरी प्रभावकारी विद्यालय व्यवस्थापनमा सक्रिय गराउनु ।
- शिक्षा ऐन, नियमावली तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्नु।

### ५.१.३ रणनीति

- शैक्षिक सुशासन तथा व्यवस्थापन सुदृढ गर्ने
- शिक्षा सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कानुनी प्रवन्ध गर्ने
- प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गर्ने
- विद्यालय व्यवस्थापनलाई सबलीकरण गर्न विद्यालय नक्शाङ्कनका आधारमा समायोजन तथा पुनर्व्यवस्थापन गरिनेछ।

- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको सक्रिय परिचालन गरिनेछ ।
- प्रधानाध्यापकको नियुक्ति तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन गरिने छ ।
- तोकिएको कार्य प्रक्रियाका आधारमा विद्यालयमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यलाई व्यवस्थित गरी शैक्षिक सुशासन कायम गरिने छ।
- विद्यालय सुधार योजनालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ।
- आर्थिक, प्रशासनिक, शैक्षिक तथा व्यवस्थापकीय कार्यहरूमा पारदर्शिता कायम गरिनेछ।
- संस्थागत विद्यालयको अनुमति, स्विकृति तथा नियमनका लागि निश्चित मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।
- संस्थागत विद्यालयको ग्रेडिङ, छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड कार्यान्वयन गरिनेछ।
- नतिजामा आधारित मूल्याङ्कनका आधारमा उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान प्रदान गरिनेछ।
- शिक्षा ऐननिर्माण गरिने छ।
- शिक्षा ऐनको प्रभावकारी कार्यान्वयनमा लागि शिक्षा नियमावली तथा कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ।
- ऐन तथा नियमावली र कार्यविधिका बारेमा विद्यालयका प्रधानाध्यापक तथा अन्य मुख्य सरोकारवालालाई सचेतीकरण गरिनेछ।
- विद्यालयमा प्रधानाध्यापकको पद सिर्जना गरी शैक्षिक सुधारका कार्यक्रम सञ्चालनलाई प्राथमिकता दिइनेछ।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास कार्यक्रम सञ्चालत गरी व्यवस्थापनलाई प्रभावकारि बनाइनेछ।
- विद्यालयको शैक्षिक व्यवस्थापनमा सुधार गरी पारदर्शी बनाउन विद्यालयका शैक्षिक गतिविधि शैक्षिक कार्यक्रम लगायतका सूचना वेवमा आधारित बनाइ सबैको पहुँच सुनिश्चित गरिनेछ।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- शिक्षा ऐन, नियमावली तथा कार्यविधिहरू विकास भई कार्यान्वयनमा आएको हुने।
- विद्यालय सुधार योजना विकास तथा अद्यावधिक भई योजना अनुसार शैक्षिक व्यवस्थापन भएको हुने।
- विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू तथा शिक्षक अभिभावक संघको सक्षमता विकास भई प्रभावकारी शैक्षिक व्यवस्थापन भएको हुने।
- कार्यसम्पादन नतिजाका आधारमा उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान प्राप्त गरेको हुने।

नतिजा

- तोकिएको कार्यविधि अनुसार संस्थागत विद्यालयहरू सञ्चालन भएको हुने।
- पालिका तथा विद्यालय स्तरमा सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणका कार्य संस्थागत भई शैक्षिक सुशासन कायम भएको हुने।
- विद्यालयले शैक्षिक पात्रोका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेको हुने।
- विद्यालय व्यवस्थापन सुधार योजनाका आधारमा शैक्षिक व्यवस्थापनमा सुधार भएको हुने।

- विद्यालय सुधार योजना विकास तथा अद्यावधिक भई सोका आधारमा शैक्षिक कार्यक्रम सञ्चालन भएको हुने ।
- वेवमा आधारित क्षमता विकास भई विद्यालयका गतिविधिहरू वेवसाइतमा अपलोड भई सबैको पहुँचमा आएको हुने ।

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | पटक | १ | २ | ३ | ४ | ५ | ५ वर्षको लक्ष्य जम्मा | जिम्मेवारी र स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका, सङ्घ |
| २ | विद्यालय सुधार योजना विकास तथा अद्यावधिक | पटक | १ | ० | ० | १ | ० | २ | पालिका |
| ३ | सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय, पालिका |
| ४ | मूल्याङ्कनका आधारमा उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका, सङ्घ |
| ५ | शैक्षिक कार्यपात्रो विकास र कार्यान्वियन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ६ | संस्थागत विद्यालयको स्तरीकरण | पटक | ० | १ | ० | ० | ० | १ | पालिका |
| ७ | ऐन,नियमावली, कार्यविधि विकास तथा संशोधन | पटक | ० | १ | ० | ० | ० | १ | पालिका |
| ८ | उत्कृष्ट विद्यालय अनुदान (आ.वि. र मा.वि.) | विद्यालय | १ | ३ | ५ | ८ | १० | २७ | पालिका |
| ९ | वि.व्य.स. सञ्जाल तालिम तथा कार्यालय व्यवस्थापन | पटक | ० | १ | १ | १ | १ | ४ | पालिका |

**बजेट**

| क्र स | प्रमुख क्रियाकलाप | पटक | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | ५ वर्षको अनुमानित वजेट रु हजारमा | जिम्मेवारी र स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघका पदाधिकारीको सक्षमता विकास कार्यक्रम | पटक | १०० | १०० | १०० | १०० | १०० | ६०० | पालिका, सङ्घ |
| २ | विद्यालय सुधार योजना विकास तथा अद्यावधिक | पटक | १०० | ० | ० | १०० | ० | २०० | पालिका |
| ३ | सार्वजनकि सुनुवाइ तथा सामाजिक परीक्षण कार्यक्रम सञ्चालन | पटक | ० | ० | ० | ० | ० | ० | विद्यालय, पालिका |
| ४ | मूल्याङ्कनका आधारमा उत्कृष्ट विद्यालय प्रोत्साहन कार्यक्रम | पटक | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | पालिका, सङ्घ |
| ५ | शैक्षिक कार्यपात्रो विकास र कार्यान्वियन | पटक | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | पालिका |
| ६ | संस्थागत विद्यालयको स्तरीकरण | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| ७ | ऐन,नियमावली, कार्यविधि विकास तथा संशोधन | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| ८ | उत्कृष्ट विद्यालय अनुदान (आ.वि. र मा.वि.) | विद्यालय | ३५०० | ५००० | ८००० | ८००० | ८००० | २४५०० | पालिका |
| ९ | वि.व्य.स. सञ्जाल तालिम तथा कार्यालय | पटक | ० | १०० | १०० | १०० | १०० | ४०० | पालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | |
| | **जम्मा** | | ४२७५ | ५७७५ | ८७७५ | ८८७५ | ८७७५ | ४००७५ | |

## परिच्छेद ६ सुशासन तथा व्यवस्थापन

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ । यसमा संरचना र प्रक्रिया दुवै पर्दछन् । योजनाको प्रभावकारी र कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागीता र सिकाइमा सुधार गर्न संरचना, भूमिका र कार्यप्रक्रिया आवश्यक हुन्छन् । विद्यालय सञ्चालनार्थ लिइने निर्णय, निर्णयको कार्यान्वयन, कार्य एवम् नतिजा प्रतिको जवाफदेहिता, समग्र प्रक्रियामा हुने सरोकारित पक्षको सहभागीता, स्वीकारोक्ति एवम् अपनत्वले विद्यालय शासनको अवस्था र व्यवस्थाको झल्को दिने गर्दछ । विद्यालय सञ्चालनमा अधिकारको निरुपण, विन्यास र प्रयोग एवम् उत्तरदायित्वलाई कसरी विभिन्न सरोकारवालाहरु बीचमा पुनवितरण गर्ने भन्ने विषय मुख्य सरोकार हो । संरचना स्वरुप र शक्तिको अभ्यासले विद्यालय सञ्चालन र नियन्त्रणमा भूमिका खेल्दछ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास समेतलाई बिश्लेषण गर्ने हो भने विद्यालय शासन विकेन्द्रीकरण तथा असल शासनकै मान्यतासँग आवद्धता भएको भेटिन्छ । विद्यालयले तोकिएको मानक बमोजिमको विद्यार्थी उपलब्धि प्रति जवाफदेही बन्नु पर्दछ । निर्णय प्रकृयामा, शिक्षण सिकाइ क्रियाकलाप, स्रोत र साधनको प्रयोगमा र शिक्षक व्यवस्थापनमा स्वायत्तता, स्रोत पहिचान, प्राप्ति, विनियोजन र खर्चमा, पाठ्यक्रम विकास, पाठ्यपुस्तकको छनौट, विकास र प्रयोग, विद्यालयको कार्यकारी कार्य, कानुनी कार्य, शैक्षिक व्यवस्थापन सम्बन्धी कार्य, सुपरीवेक्षण र अनुगमन सम्बन्धी कार्य विद्यालय शासनसँग जोडिएर आउँछन् ।यस परिच्छेदमा योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हाँसिल गर्नका लागि आवश्यक संरचना, क्षमता विकास, योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीका सम्बन्धमा समीक्षा गरिएको छ । वर्तमान समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

### ६.१ शिक्षाको व्यवसथापन तथा संस्थागत क्षामता विकास

#### ६.१.१ बर्तमान अवस्था

केन्द्रमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश स्तरमा रहेका मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, स्थानीय स्तरमा रहेका शिक्षा, युवा तथा खेलकुद शाखा, विद्यालयहरु विद्यालय शिक्षाको सेवा प्रवाह गर्ने सँगठनात्मक संरचनाहरु हुन् । यसैगरी स्थानीय तहमा रहने शिक्षा समिति, सामाजिक विकास समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायतका संस्थागत व्यवस्थाहरु रहेकाछन् । यी सबै सँगठन तथा संरचनामा आवद्ध जनशक्तिहरुको क्षमता विकास तथा क्षमताको समुचित उपयोग मार्फत् शैक्षिक सेवा प्रवाह गुणस्तरीय एवम् प्रभावकारी बन्न सक्छ । संस्थागत क्षमताको सुदृढीकरणले अपेक्षित उद्देश्य प्राप्ति सम्भव हुन्छ । गाउँपालिकाको शैक्षिक सेवा प्रवाह सम्बन्धमा बर्तमान अवस्थाको विश्लेषण गर्दा निम्न अवस्था विद्यमान देखिन्छ ।

- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र बाल क्लब नियमानुसार गठन भएको साथै क्रियाशील रहेका ।

- लेखापरीक्षण, सार्वजानिक सुनुवाई समयमै भएको तथा आर्थिक पारदर्शिता भएको
- गाउँपालिका लगाएतका निकायबाट नियमित अनुगमन भएको।
- विदालय र समुदाय बीच सुमधुर सम्बन्ध कायम भएको।
- शिक्षक तथा विद्यार्थीले आचारसंहिता पालना गरेको।
- शिक्षक, विद्यार्थी, प्र.अ. आ-आफ्नो क्षेत्रका लागि जवाफदेही रहेको।
- अधिकारको मिश्रित बाँडफाँड।
- सूचना तथा संचार प्रविधिको प्रयोग हुन नसकि सुशासन तथा व्यवस्थापन कमजोर भएको।
- विविधतायुक्त समाजमा एकै किसिमको सेवा प्रवाहले शैक्षिक राजनैतिक नेतृत्व प्रति कम विश्वास।
- वि.व्य.स, शि.अ.संघ तथा प्रधानाध्यापकको नियुक्तमा राजनैतिक हस्तक्षेप।
- शैक्षिक सुधार सुशासन तथा व्यवस्थापनका लागि दलहरुसँग स्पष्ट खाका, दुरदर्शिता नहुनु।
- राजनैतिक हस्तक्षेपका कारण क्षमतावान् नेतृत्व समितिमा आउन नसक्नु।

### ६.१.२ उद्देश्यहरु

- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पारदर्शिता, प्रभावकारिता, कार्यकुशलता एवम् जवाफदेहिता सुनिश्चित गरी सुशासन अभिवृद्धि गर्नु
- कार्यसम्पादनमा उत्तरदायी र नतिजाप्रति जवाफदेही संयन्त्रको सुदृढीकरण गर्नु,
- आवश्यक कानुन तर्जुमा र कार्यान्वयन गरी संस्थागत संरचना मजवुत बनाउनु,
- विद्यालयका शिक्षक, प्रधानाध्यापक र विभिन्न समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नु,
- प्रधानाध्यापकको छनौट र नियुक्ति प्रक्रियामा कार्यसम्पादन करार गरी विद्यालयको व्यवस्थापकीय पक्षमा सुधार ल्याउनु।

### ६.१.३ रणनीति

- आगामी २ वर्षभित्र शिक्षा क्षेत्रमा आवश्यक ऐन, नीति तथा कानुनहरु निर्माण गर्ने।
- वित्तीय सुशासनका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग र संस्थागत क्षमता विकास गर्ने।
- विद्यालय तथा गाउँपालिकाको शैक्षिक सेवा सञ्चालन र व्यवस्थापनमा सुधार ल्याउने।
- शिक्षा ऐन, नीति तथा कानुन तयार गर्न सरोकारवालाहरुसँग सहकार्य गर्ने।
- शिक्षा नीति तथा कानुन तयार गर्दा सङ्घीय तथा प्रादेशिक नीति तथा कानुनी प्रावधानहरुसँग उचित सहसम्बन्ध कायम गरी स्थानीय आवश्यकतालाई प्राथमिकता दिने।
- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिने।
- शैक्षिक सूचनाहरु तथा महत्वपूर्ण जानकारी नियमित वेवसाइटमा अध्यावधिक गरी पारदर्शिता कायम गर्ने।
- प्रधानध्यापक तथा शिक्षकहरुसँग कार्यसम्पादन करार सम्झौता गर्ने।
- कार्यसम्पादन तथा नतिजाको आधारमा पुरस्कृत तथा दण्डित हुने व्यवस्था लागू गर्ने।

- प्रधानध्यापक, शिक्षक, कर्मचारी तथा विभिन्न समितिका पदाधिकारीहरुलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।
- प्रत्येक पदाधिकारीहरुको आचार सहिंता बनाई कार्यान्वयन गर्ने ।

### ६.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा संस्थागत क्षमता अभिवृद्धि भई विद्यालय सञ्चलनमा पारदर्शिता, निष्पक्षता, प्रभावकारिता एवम् जवाफदेहिता प्रवर्धन मार्फत् सुशासन कायम भएको हुने ।

नतिजा

- विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भई गुणस्तरीय एवम् प्रभावकारी सेवा प्रवाह हुने ।
- सबै प्रधानध्यापक तथा शिक्षहरुसँग कार्यसम्पादन करार सम्झौत भएको हुने ।
- आचार संहिता तयार भई कार्यान्वयन भएको हुने ।
- कार्यसम्पादन तथा नतिजाको आधारमा पुरस्कार तथा दण्ड दिने प्रणाली कार्यान्वयन भएको हुने ।
- प्रधानाध्यापक तथा शिक्षकसँग कार्यसम्पादन करार गरी नतिजाप्रति उत्तरदायी र जिम्मेवार बनाउने ।
- शिक्षक सहायतता प्रणाली विकास तथा परिचालन ।
- विद्यालय शिक्षा सम्बद्ध निकाय तथा पदाधिकारीहरूको क्षमता विकास ।
- आवश्यकता, क्षमता र व्यापक सहभागीतामा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन ।

### ६.१.५ प्रमुख कियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | लक्ष्य एकाइ | भौतिक लक्ष्य (वर्ष) ५ वर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा ५ वर्ष | |
| १ | विभिन्न कार्यविधिहरु निर्माण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | पालिका |
| २ | अनिवार्य तथा नि:शुल्क शिक्षा, गाउँपालिकाको पुलमा रहने शिक्षक परिचालन लगायतका विषयमा कार्यविधिहरु तयार र कार्यान्वयन | सङ्ख्या | १ | निरन्तर | | | | १ | पालिका |
| ३ | प्रस्तावमा आधारित प्रधानाध्यापक छनौट र प्रोत्साहन भत्ता | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | पालिका |
| ४ | प्रधानाध्यापकको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ५ | विद्यालय व्यबस्थापन समितिको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ६ | स्रोत विज्ञ नियुक्ति र परिचालन | सङ्ख्या | ० | १ | १ | ० | ० | २ | पालिका |
| ७ | विषयगत शिक्षक समूह गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ८ | विद्यालय अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | ९ | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | शिक्षा परामर्श सभा | पटक | २ | २ | २ | २ | २ | २ | पालिका |

**बजेट**

| क्र.सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (वर्ष) ५ वर्ष रू.हजारमा | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | जम्मा ५ वर्ष | |
| १ | विभिन्न कार्यविधिहरु निर्माण | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | पालिका |
| २ | अनिवार्य तथा निःशुल्क शिक्षा, गाउँपालिकाको पुलमा रहने शिक्षक परिचालन लगायतका विषयमा कार्यविधिहरु तयार र कार्यान्वयन | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | पालिका |
| ३ | प्रस्तावमा आधारित प्रधानाध्यापक छनौट र प्रोत्साहन भत्ता | पटक | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका |
| ४ | प्रधानाध्यापकको क्षमता विकास तालिम | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | पालिका/सङ्घ |
| ५ | विद्यालय व्यबस्थापन समितिको क्षमता विकास तालिम | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | पालिका/सङ्घ |
| ६ | स्रोत विज्ञ नियुक्ति र परिचालन | सङ्ख्या | ० | ६६० | १३२० | १३२० | १३२० | ४६२० | पालिका/सङ्घ |
| ७ | विषयगत शिक्षक समूह गठन र परिचालन | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका |
| ८ | विद्यालय अनुगमन | पटक | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | पालिका |
| ९ | शिक्षा परामर्श सभा | पटक | १०० | २०० | २०० | २०० | २०० | ९०० | पालिका |
| | जम्मा रु | | १३५० | २११० | २७७० | २७७० | २७७० | ११७७० | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

### ६.२.१ बर्तमान अवस्था

कुनै पनि  योजनाको सफलता तब मात्र हुन्छ जब योजना प्रभावकारी ढङ्गले कार्यान्वयन भएको हुन्छ । योजनाको प्रभावकारिताका लागि संस्थागत संरचना, सिपयुक्त मानव संसाधन, आवश्यक वित्तीय तथा अन्य स्रोत साधनको समुचित प्रवन्ध गरिएको हुन्छ । योजना बास्तविक आवश्यकतामा आधारित भएर तर्जुमा गरिएमा मात्र अपेक्षित लक्ष्य प्राप्ति सम्भव हुन्छ । गाउँपालिकाले शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आफ्नो क्षेत्राधिकार भित्रका क्षेत्रगत योजना तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकार प्रदान गरे सँगै स्थानीय शिक्षा ऐन तथा कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरी शैक्षिक सुधारमा अगाडि बढेको छ । यो शिक्षा क्षेत्रको योजना निर्माण पनि सोही प्राथमिकताको उपज हो । विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारलाई प्रदान गरिएसँगै यसको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्था भएका संस्थागत संरचनाहरुको सुदृढीकरण तथा जनशक्तिको क्षमता, उत्प्रेरणा, मनोबल र उपयोगमा वृद्धि गर्नु आजको आवश्यकता हो । खास गरी गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखा, सामाजिक समिति, गाउँ शिक्षा समिति, वडा समितिको कार्यालय, वडा शिक्षा समिति, विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानध्यापक समेतको संस्थागत तथा कार्यगत क्षमता अभिवृद्धि एवम् आफ्नो काम, कर्तव्य र नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउन सकेमा मात्र योजनाको कार्यान्वयन सम्भव हुन्छ । योजना निर्माण, कार्यान्वयन एवम् प्रतिफल वितरण सम्म सरोकारवाला पक्षहरुको सहभागीता भएमा स्वामित्व तथा अपनत्व वृद्धि भई दिगोपना सम्भव हुन्छ । विद्यालय, प्रधानध्यापक, शिक्षक, अभिभाक, शिक्षा प्रशासन, जनप्रतिनिधिहरुको संयुक्त प्रयासबाट नै अपेक्षित सुधार सम्भव हुन्छ ।

### ६.२.२ उद्देश्यहरु

- शिक्षा क्षेत्रको योजनाको प्रभावकारी कार्यान्वयन गरी विद्यालय शिक्षाको पहुँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्नु ।
- गाउँपालिका क्षेत्र भित्र रहेका शिक्षासँग सम्बन्धित संस्थागत संरचनाहरुको सुदृढीकरण गर्नु ।
- शिक्षा क्षेत्रको योजना कार्यान्वयनमा सम्बद्ध जनशक्तिको क्षमता विकास गर्नु ।
- कार्यान्वयनका चरणमा देखा पर्ने समस्याहरुको समयमै पहिचान गरी समाधान गर्नु ।

### ६.२.३ रणनीति

- शिक्षा क्षेत्रको योजनाको प्रभावकारी कार्यान्वयन गर्ने ।
- योजना कार्यान्वयन योजना तयार पार्ने ।
- सरोकारबालमाझ योजनाको प्रवोधिकरण गर्ने ।
- कार्यान्वयन संयन्त्रको संस्थागत क्षमताको सुदृढीकरण गर्ने ।

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- दश वर्षको योजनाका आधारमा पाँच वर्षे शिक्षा क्षेत्रको कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भई विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुने

नतिजा

- योजना कार्यानव्यन गर्ने संयन्त्रहरुको संस्थागत क्षमतामा अभिवृद्धि भई शिक्षा क्षेत्रको योजना प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने ।

- कार्यन्वयन योजना तयार भएको हुने ।
- अनुगमन सूचक सहित अनुगमन तथा मूल्याङ्कन भएको हुने ।
- कार्यरत जनशक्तिको क्षमता विकास भई शैक्षिक सेवा प्रवाह छिटो, छरितो, गुणस्तरीय एवम् प्रभावकारी भएको हुने ।
- समयमै प्रतिवेदन प्राप्त भई पृष्ठपोषण प्रदान भएको हुने ।

### ६.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | वार्षिक कार्यक्रम तथा बजेट अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| २ | विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ३ | योजना तथा वार्षिक कार्यक्रहरुको अभिमुखीकरणक | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ४ | तोकिएको सूचकाङ्कका नतिजाको आधारमा प्रोत्साहन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका/सङ्घ |

बजेट

| क्र.सं | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य रू. हजारमा | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोश्रो | तेश्रो | चौथो | पाँचौ | जम्मा | |
| १ | वार्षिक कार्यक्रम तथा बजेट अध्यावधिक | पटक | ० | ० | ० | ० | ० | ० | पालिका |
| २ | विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक | पटक | ० | ० | ० | ० | ० | ० | विद्यालय |
| ३ | योजना तथा वार्षिक कार्यक्रहरुको अभिमुखीकरण | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका/सङ्घ |
| ४ | तोकिएको सूचकाङ्कका नतिजाको आधारमा प्रोत्साहन अनुदान | पटक | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | पालिका/सङ्घ |
| | जम्मा रु | | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | |

## परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

संवैधानिक एवम् कानुनी प्रावधान अनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधान अनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि सङ्घीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । समानीकरण अनुदान, विशेष अनुदान र समपूरक अनुदान सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित सङ्घीय विषयगत

मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रम को प्रयोजनको लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदान बाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् ।

### ७.१ वर्तमान अवस्था

स्थानीय तहले स्रोत प्रबन्धका लागि संघीय सरकारको स्वीकृतिमा आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गर्नुपर्दछ । यस परिच्छेदमा परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापहरुको लागि बजेट अनुमान, विश्लेषण, स्रोतहरुको पहिचान र व्यवस्थापन गर्नुपर्ने हुन्छ । स्रोतहरुको पहिचान र विश्लेषण गर्दा संङ्घिय सरकार प्रदेश सरकार स्थानीय सरकार र अन्य संघ संस्थाहरुबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यान्वयन हुन सक्ने कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्नुपर्दछ

### ७.२ उद्देश्य

- शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

### ७.३ रणनीति

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने ।
- विद्यालय शिक्षामा पहुँच, सहभागीता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारिता बढाउने ।
- पालिकाले वार्षिक रूपमा कुल बजेटको ३५ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।
- लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ७.४ प्रमुख उपलब्धि

**उपलब्धि**

- शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

## शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.सं | विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र तथा अन्तरसम्बन्धित उपक्षेत्रका विषय शीर्षकहरू | अपेक्षित स्रोत लगानी (रू हजारमा) ५ वर्षमा | | | | | जम्मा | स्रोतको आकलन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | स्थानीय तह | प्रदेश | सङ्घ | संघसंस्था | अन्य |
| **१. विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू** | | | | | | | | | | | | |
| क. | प्रारम्भिक बाल विकास शिक्षा (ECED) | १५७४ | १८५० | १८०० | १८७५ | १९२५ | ९०२४ | ४६७४ | १००० | २३५० | १००० | |
| ख. | आधारभूत शिक्षा (Basic Education) | २५१८९ | २५४४९ | २५४४९ | २५४४९ | २५५३९ | १२७२७५ | ३३१२० | | | | |
| ग. | माध्यमिक शिक्षा (Secondary Education) | ९७३२ | ९७३२ | ९७३२ | ९७३२ | ८२३२ | ४७१६० | ८२५० | | | | |
| घ. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (Technical Education and Vocational Training) | ८००० | १३५०० | १३५०० | १३५०० | १३५०० | ६२००० | १९००० | | | | |
| ङ. | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ (Informal Education and Lifelong Learning) | १०५० | १८०० | १३५० | १६०० | १२५० | ७०५० | १३५० | | | | |
| २.अन्तरसम्बन्धित **विषय तथा क्षेत्रहरू** | | | | | | | | | | | | |
| क. | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | १५५० | १५५० | १२०० | ९०० | ९०० | ३१०० | ५२०० | | | | |
| ख. | शिक्षक कर्मचारी व्यवस्थापन र विकास | १५८१९२ | १५८७९२ | १५८२९२ | १५८७९२ | १५८२९२ | ७९२३६० | १०६६८० | | | | |
| ग. | शैक्षिक समानता र समावेशीकरण | १६६८ | २३१८ | २४९३ | २३१८ | २२६८ | १०४६५ | १८०० | | | | |
| घ. | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | २०२४ | २०९९ | २१२९ | २१६५ | २२०४ | १०६२१ | ६०० | | | | |
| ङ. | विद्यालय सुरक्षा, विपद् | ५२५ | ८५० | ६०० | ६४५ | ६८० | ३३०० | १५०० | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | न्यूनीकरण तथा उत्थानशीलता | | | | | | | | | | |
| च. | विद्यालयको भौतिक पूर्वाधार विकास | ३२४० | २९०० | ३१२५ | २९०० | २९०० | २४०६५ | ६०५० | | | | |
| छ. | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ५७५ | ९५० | ८५० | ८९५ | ९३० | ४२०० | ११५० | | | | |
| **३. अन्य उपक्षेत्र** | | | | | | | | | | | |
| क. | विद्यालय व्यवस्थापन | ४२७५ | ५६७५ | ८६७५ | ८७७५ | ८६७५ | ३६०७५ | २५४७५ | | | | |
| **४.शैक्षिक सुशासन र व्यवस्थापन** | | | | | | | | | | | |
| क. | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | १२५० | १९१० | २५७० | २५७० | २५७० | १०८७० | ५१५० | | | | |
| ख. | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ५०० | | | | |
| **कुल जम्मा** | | २१९४४४ | २२९९७२ | २३२३६५ | २३२७१६ | २३०४६५ | ११४४९६२ | २२०४९९ | | | | |

उपरोक्त बमोजिम बजेट अनुमान गरिसकेपछि विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु जस्तैः बालविकास र शिक्षामा हरेक आवको जम्मा बजेट कति, आगामी ५ वर्षको जम्मा बजेट कति र वजेटको सुनिश्चितता संघवाट, प्रदेशबाट, स्थानीय तहवाट र अन्य संघसंस्थावाट कति भनि सो को समेत विश्लेषण गरिएको छ।

बागमती गाउँपालिका लगायत विभिन्न निकायबाट विगतमा भएको बजेट व्यववस्थापनको अधारमा अगामी वर्षका लाग अपेक्षित बजेट विनियाजनको तालिका प्रस्तुत गरिएको छ।

| क्र.सं | प्रमुख निकायहरू | अपेक्षित स्रोतको लगानी ५ वर्षमा (रू. हजारमा) | | | | | जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | बागमती गाउँपालिका | ३६९०१ | ४५८९९ | ४५९०० | ४५९०० | ४५८९९ | २२०४९९ |
| २ | सङ्घीय सरकार (MOEST) | १७९३९४ | १७९३९४ | १७९३९४ | १७९३९४ | १७९३९४ | ८९६९७० |
| ३ | प्रादेशिक सरकार (MOSD) | २४४९ | ३९७९ | ६३७२ | ६७२२ | ४४७२ | २३९९४ |
| ४ | राष्ट्रपति शिक्षा सहयोग कार्यक्रम | ० | ० | ० | ० | ० | ० |
| ५ | संघसंस्थाहरू (I/NGO) | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० |
| ६ | व्यक्तिगत योगदान | ० | ० | ० | ० | ० | ० |
| ७ | अन्य स्रोत | ० | ० | ० | ० | ० | ० |
| **कुल जम्मा** | | २१९४४४ | २२९९७२ | २३२३६५ | २३२७१६ | २३०४६५ | ११४४९६२ |

**बागमती गाउँपालिकाको विगत ३ वर्षको वार्षिक बजेट**

| शिक्षाका विभन्न क्षेत्रमा भएका लगानी | | | |
|---|---|---|---|
| **आ.व.** | **कुल वार्षिक बजेटमा (ने.रु.)** | **कुल शिक्षा बजेट (ने.रु.)** | **प्रतिशत (%)** |
| २०७८/०७९ | ५६,३५,९६,000.00 | १८,९६,८३,000.00 | ३३.६५ |
| २०७९/०८० | ६७,८९,७४,000.00 | २०,९६,३१,000.00 | ३०.८७ |
| २०८०/०८१ | ६८,५५,८६,000.00 | २१,८५,२२,000.00 | ३१.८७ |
| **चालु आ.व. २०८१/०८२** | | | |
| २०८१/०८२ | ७०,५३,८५,५00.00 | २२,४८,0४,000.00 | ३१.८६ |

## परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रमहरूमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रकृयामा त्रुटिहरू छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्वितरण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँजबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रत हुन्छ । अनुगमन: सामान्यत: कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई उद्देश्यमूलक, पारदर्शी, नतिजामूखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग गर्दछ । कार्यक्रम कार्यान्वयनको प्रभावकारिता उक्त कार्यको निरीक्षण, अनुगमन र पृष्ठपोषण लिनेदिने कार्यमा निर्भर गर्दछ । कार्यान्वयनको वास्तविक अवस्था, कमीकमजोरी पहिचान गरी समाधानका लागि दिशानिर्देश गर्न अनुगमन आवश्यक हुन्छ।

### ८.१.१ बर्तमान अवस्था

नेपालमा आठौँ योजनाबाट अनुगमन तथा मूल्याङ्नलाई योजनाको अभिन्न अङ्गको रूपमा समेटेको पाइन्छ । राष्ट्रियस्तरमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समित (NDAC) र मन्त्रालयस्तरमा सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) गठन भई चौमासिक रूपमा बैठक बस्ने र विकास कार्यक्रमहरूको चौमासिक प्रगति समिक्षा गर्ने गरिन्छ सङ्घीय संरचना प्रारम्भ भएपछि मन्त्रालयको संरचनागत परिवर्तन भई योजना तथा अनुगमन महाशाखा अन्तर्गत अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ। शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा निर्देशनायलबाट, जिल्ला स्तरमा  शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय तहमा शिक्षा शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरुको उपलब्धि परीक्षण गर्दै आएको छ।

विद्यालय निरीक्षक तथा स्रोतकेन्द्रबाट शिक्षकलाई शिक्षण प्रकृयामा स्थलगत प्राविधिक सहयोगका अत्तिरिक्त विद्यालय एवम् शिक्षण सिकाइ प्रक्रिया लगायतका विषयमा निरीक्षण तथा सुपरीवेक्षण हुने गरेकोमा अहिले आएर स्रोतकेन्द्र खारेज भएका हुनाले सुपरीवेक्षणका लागि कुनै संस्थागत प्रबन्ध रहेको छैन । हाल आएर केही गाउँपालिकाहरूमा विषयगत विज्ञ समूह गठन गरी शिक्षकहरूलाई पेसागत सहायता प्रदान गर्ने कार्य प्रारम्भ भने भएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक

व्यवस्थापन सूचना प्रणाली (IEMIS) लाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क संकलनको कार्य शुरू गरिएको छ । विद्यालय तह, स्थानीय तह, प्रदेश र संङ्घीय तहमा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । त्यसैगरी स्थानीय तहमा उल्लिखित प्रबन्ध भए पनि सङ्घीय संरचना अनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थीत गरी आवश्यक नतिजाहरू सबै तहको सरकारले प्राप्त गर्न सक्ने गरी स्वचालित बनाइनु पर्ने छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट तीनै तहका सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाइनु आवश्यक छ । अनुगमन र मूल्याङ्कनलाई औपचारिक निर्वाह गर्ने प्रयोजनका लागि नभई सुधार र प्रोत्साहनका लागि प्रयोग गरिनु पर्दछ । अनुगन तथा मूल्याङ्कनका नतिजका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ ।

### ८.१.२ उद्देश्यहरु

- आधुनिक सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सुदृढ अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रयोगमा ल्याउनु ।
- योजना कार्यान्वयनका बखत देखिएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हाँसिल गर्नु ।
- परिपत्र/निर्देशन/कानुनी प्रावधानहरूको कार्यान्वयनको अवस्था पहिचान गरी पृष्ठपोषण प्रदान गर्नु ।
- सहभागीतामूलक अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण पद्धतिको विकास गर्नु ।
- अनुगमन प्रणालीलाई लगानी, प्रक्रिया र प्रतिफलसँग आवद्ध गर्नु ।

### ८.१.३ रणनीति

- प्रभावकारी अनुगमन संयन्त्र मार्फत् सेवाग्राहीमैत्री सेवा प्रबाहलाई प्रबद्र्धन गर्ने ।
- अनुगमन तथा मूल्याङ्कनकालागि संस्थागत संयन्त्र तथा जनशक्ति विकास गर्ने ।
- अनुगमन तथा मूल्याङ्कनको प्रभावकारिताको लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।
- अनुगमन सूचकहरुको निर्माण गर्ने ।
- अनुगमन योजना तयार गरी कार्यान्वयन गर्ने ।
- सहभागीतामूलक तथा नतिजामा आधारित अनुगमन पद्धतिको प्रयोग गर्ने ।
- स्वचालित प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने ।
- स्रोत विज्ञहरुको नियुक्ती र परिचालन ।

### ८.१.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- विद्यालयमा अनुगमन प्रणाली संस्थागत सुदृढीकरण भएको हुने ।

नतिजा

- नतिजामा आधारित सहभागीतामूलक अनुगमन प्रणाली स्थापित हुने ।
- विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने ।
- उचित प्रोत्साहन र पुरस्कार दिने व्यवस्थाले शिक्षक एवम् विद्यालय कर्मचारीहरूको कार्यसम्पादनमा सुधार आएको हुने ।
- नियमित र समूहगत अनुगमन/ सुपरीवेक्षणले शिक्षक सहायता प्रणालीको विकास भएको हुने ।
- विद्यालयहरूको आर्थिक क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता वृद्धि भएको हुने ।
- नियमित रुपमा प्रतिवेदन प्राप्त भएको हुने ।
- अनुगमनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भई प्रभावकारितामा अभिवृद्धि भएको हुने ।

### ८.१.४ प्रमुख कियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | गतिविधिहरु | एकाइ | भौतिक लक्ष्य (वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | अनुगमन संयन्त्र विकास र अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| २ | वार्षिक तथा चौमासिकगतमा प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ३ | नतिजाको आधारमा प्रोत्साहन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ४ | विद्यालय स्वमूल्याङ्कन र वर्गीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ५ | स्रोत विज्ञहरुको परिचालन | पटक | ० | १ | १ | ० | ० | २ | पालिका |